ISSN 2631-2298

nepalmag.com.np

आइतबार • ११ फागुन २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

नेपाल सर्वेक्षण २०७६

२० पृष्ठको विशेष प्याकेज

प्रजातान्त्रिक क्रान्तिको ७० वर्ष

लोकतन्त्र

अझै टुकुटुकु

Mahindra
Rise.

If you are considering buying something else.

STOP.
TRY &
DECIDE.

XUV300

CALL NOW FOR A TEST DRIVE
Panipokhari 9801239330
Naxal 9801305300
Patan 9801303100

LEAVE YOUR COMPETITION IN THE DUST!

BEST - IN - SEGMENT FEATURES

- 7 AIRBAGS
- ALL-WHEEL DISC BRAKES
- FRONT PARKING SENSOR
- BEST TORQUE: BOTH PETROL & DIESEL
- DUAL ZONE A/C
- SMART STEERING SYSTEM
- HEATED AND POWER FOLD ORVM

200 NM 1.2L TURBO PETROL ENGINE

300 NM 1.5L TURBO DIESEL ENGINE

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300; Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325; Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Sindhuli, Tel: 047-520772

Insurance Partners: NLG, Sagarmatha, VIP

Genuine Mahindra Four Wheelers Spare Parts; Mahindra Maximile; Mahindra Genuine Accessories

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Url: xuv300nepal.com **Email: marketing@agnigroup.com.np** **Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)** **www.agnigroup.com.np** **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

From a vague bill the government just proposed to a mysterious gold smuggling case that simply won't go away, we'll tell you everything you need to know about the big stories in our weekly Explained series.

Look for it every Thursday on Page 16.

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, ११ फागुन २०७६ (वर्ष २०, अंक २९, पूर्णांक ८८६)
Nepal National Weekly, 23 Feb 2020 (Vol. 20, No. 29, Issue 886)

रैतीलाई नागरिक बनाउने क्रान्ति | २२

आवरण

काठमाडौँ वसन्तपुरमा आयोजित आमसभाका क्रममा कांग्रेस नेता बीपी कोइरालाका साथ गणेशमान सिंह र अन्य, २०३६

तस्बिर : मदन पुरस्कार पुस्तकालय

सुनको सिरानी, नुनको खोजी | ४२

१४
हाम्रो नेपालमा
अनमोल मुस्कान

१७
बजेट
लक्ष्यमा ब्याकगियर

२०
पर्यटन
आफ्नै उचाइमा सगरमाथा

४४
प्रदेश २
भत्ता माग्दै घेराउ

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
ती दिनहरू | १३
रङ | ४६
पुस्तक | ४८
तीन किताब | ४९
खेलकुद | ५०
कोलाज | ५२
सामयिकी | ५३
नेपाल मण्डल | ५४
नोटबुक | ५६

सम्पादकीय

लोकतन्त्रको विकल्प छैन, कमसल शासनको विकल्प छ

अतीतजीवीहरुलाई परिवर्तन मन पर्दैन । ००७ को सेरोफेरोमा छिमेकी भारतले बेलायती उपनिवेशविरुद्ध स्वतन्त्रता संग्राममा विजय पाउँदै गर्दा अर्को छिमेकी चीन जापानी शोषणबाट मुक्ति लिने तर्खरमा थियो । एकदलीय साम्यवादी बाटोमार्फत चीन जनवादी क्रान्तिपछिको नयाँ यात्रा थाल्दै थियो । त्यसै बखत हो, हाम्रो देशले शताब्दी लामो जहानियाँ राणा शासनबाट मुक्ति लिने प्रण गरेको ।

००७ को क्रान्तिको नेतृत्व लिएको नेपाली कांग्रेसले भन्नलाई राजाको वैधानिक नायकत्व फिर्ता गर्ने भन्दै गरे पनि उसको केन्द्रमा जनता थिए । रैतीलाई नागरिक बनाउने त्यो परिकल्पना दिल्ली सम्झौतामार्फत पूरा भएको थियो । थुप्रै मानिसले आजपर्यन्त दिल्ली सम्झौता धोका हो भन्ने निष्कर्ष निकाल्ने गर्छन् । तर त्यही परिवर्तन, जसले उन्मुक्त नेपालको अनुहार विश्वमञ्चमा प्रस्तुत गर्‍यो ।

आजपर्यन्त केही इतिहासकार अनि नयाँनयाँ दरबारहरूको छत्रछायामा आफूलाई उभ्याउन पाउँदा खुसी मान्ने गरेकाहरू ००७ को परिवर्तन नभएको भए नेपाल स्वाधीन रहिरहने थियो भन्ने कुण्ठायुक्त आग्रहसहित पुस्तक छपाइरहेका छन् । याद गर्नुपर्ने के छ भने दोस्रो विश्वयुद्धको अन्त्यसँगै उग्रराष्ट्रवादी अहंकारको अन्त्य हुँदै थियो । त्यसको ठाउँ विश्व नागरिकताले लिँदै गयो । यस अर्थमा हरेक मानिस एउटा दल, संस्था वा देश मात्रैको सदस्यका रूपमा होइन, बरु सिंगै संसारको एउटा जिम्मेवार सदस्यका रूपमा व्यक्तिको परिकल्पना हुन थाल्यो । यो दर्शन बोक्दै ००७ को क्रान्तिले नागरिकलाई सार्वभौम बनाउने, संविधानसभामार्फत जनतालाई अधिकारसम्पन्न बनाउने अनि विश्वमा आइरहेको परिवर्तनको फल चाख्दै देश-देशावर फैलन राज्यले उसलाई सघाउने बाटो अख्तियार गरेको थियो ।

७ फागुन ००७ मा भएको त्यो परिवर्तन त्यस अर्थमा क्रान्ति थियो । मानिसहरू आज पनि त्यसलाई बोलाउँदा सात सालको क्रान्ति भन्छन् । जबकि ०४६ र ०६२-६३ को परिवर्तनलाई आजपर्यन्त जनआन्दोलनको संज्ञा दिइन्छ । आज देशमा विगतका परिवर्तनहरूलाई उपेक्षा गर्ने प्रवृत्ति अलिअलि गर्दै बढ्दै गरेको तथ्यप्रति हामी जानकार छौँ । इतिहासलाई सही ढंगले मूल्यांकन गर्नु यस अर्थमा पनि आवश्यक छ, जसले हामीलाई आउने दिनहरूको सही दिशाबोध गर्नेछ ।

त्यो क्रान्तिको ७० वर्ष पुग्दासम्म हाम्रो देशको लोकतान्त्रिक प्रक्रिया अझै परिपक्व भइसकेको छैन । समाजशास्त्री चैतन्य मिश्रको शब्दमा यो क्रान्तिले अझै पनि टुकुटुकु हिँड्ने बाल्यकाल पूरा गर्न बाँकी छ । नागरिक अधिकारको सीमा तोक्ने, अभिव्यक्ति स्वतन्त्रतालाई कस्ने, जवाफदेही र पारदर्शी व्यवस्थाका विरुद्धमा आफूलाई उभ्याउने हर्कत लोकतन्त्रकै संवाहक दलहरू गरिरहेका छन् । जनताले चुनेका प्रतिनिधि नै लोकतन्त्रको दायरा खुम्च्याउन उद्यत हुँदै गर्दा पहिलेझैँ सतर्कता आवश्यक भएको छ । *नेपाल*को यो अंकमा प्रकाशित सातै प्रदेशको जनमत सर्वेक्षणको सन्देश पनि त्यही हो ।

राजा गइसके, अब तिनलाई देखाएर दलहरूले आफ्ना गलत क्रियाकलापको ढाकछोप गर्न सक्दैनन् । विदेशी शक्तिको हौवा पिटाउँदैमा अब नागरिकले पत्याइहाल्ने स्थिति छैन । यस अर्थमा उत्तरदायी सरकार र जिम्मेवार दलहरू लोकतन्त्रका अनिवार्य सर्त बन्न पुगेका छन् । हामी चाहन्छौँ, नागरिकको नित्य खबरदारी त्यसै दिशातर्फ अग्रसर बनोस् । लोकतन्त्रको विकल्प छैन । कमसल व्यवस्थापनको भने पक्कै विकल्प छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य**
नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत, योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई**
डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी**
कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ४ फागुन २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

मन नमिलेको संकेत

एकीकरणको डेढ वर्षसम्म पनि नेकपाभित्र पूर्वएमाले-माओवादीको मनोविज्ञान र भागबन्डा प्रवृत्ति देखिनुमा पार्टीमा कसले पकड जमाउने भन्ने नै हो *(एमाले र माओवादीका आ-आफ्नै मोर्चा, ४ फागुन)* । नेकपाका महासचिव विष्णुप्रसाद पौडेलले विभाग गठनका लागि पूर्वएमाले र माओवादीको कोटा छुट्याएरै नाम माग्नुले पनि नेताहरूबीच अनेकताको संकेत गर्छ । यसले देखाउँछ, दुई पार्टीबीचको एकता कतै चुनाव जितेर सत्तामा पुग्ने रणनीति त थिएन ?

■ **इमानसिंह खत्री**
खैरहनी नगरपालिका, चितवन



अख्तियारमा राजनीति

ललिता निवास प्रकरणमा एकै प्रकृतिका कसुरमा कसैलाई मुद्दा, कसैलाई उन्मुक्ति दिने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयले संवैधानिक संस्थाको गरिमामा आँच पुर्‍याउने देखियो *(अख्तियारकै निष्ठामा प्रश्न, ४ फागुन)* । प्रधानमन्त्रीय पद्धतिमा प्रधानमन्त्रीको स्वीकृतिबेगर कुनै पनि मन्त्रीले एकलौटी निर्णय गर्न पाउँदैन ।

■ **कमला चापागाईं**
तारकेश्वर नगरपालिका, काठमाडौं

अख्तियारकै निष्ठामा प्रश्न
Alienepalien@Alienepalien

अख्तियार र निष्ठा एउटै वाक्यमा ? लोकमानसिंह कार्की र दीप बस्न्यातजस्ता दाग लागेकाले हाँकेको संस्थाबाट आश गर्नु बेकार हो । साना माछा समातेर ठूलालाई खतमाफ गर्नु जनता झुक्याउने प्रपञ्च हो ।

चुरेको निर्लज्ज दोहन
gantabyabihin yatri@BHATTARAIBABU6

चुरे दोहन रोक्न सकिएन भने भयावह स्थिति झेल्नुपर्नेछ । चुरे दोहनकै कारण तराईलगायत अन्य ठाउँमा पानीका मुहान सुक्दै छन्, पहिरोले झन् पछि झन् क्षति गराउँदै छ । जबसम्म राज्य चुरे दोहन नियन्त्रणमा कठोर भएर अगाडि बढ्दैन, तबसम्म नियन्त्रण गर्न गाह्रो छ ।

नयाँ-नयाँ भगवान्‌हरूको खोजी (समाजवाद बहस-४)
Hari krishna shakya @Harikrishnashky

प्रसिद्ध दार्शनिक भोल्टेयरले ईश्वर छैनन् तर छन् भन्ने विश्वास गर्नु राम्रो हो भनेका थिए । नेपाली समाज भाग्यवादी छ । यही कमजोरीको फाइदा उठाएका छन् कलमजीवीहरूले ।

अख्तियारलाई आधा धन्यवाद
Janakraj Tamang

के प्रधानमन्त्री कानुनभन्दा ठूलो हो ? आफैँले दस्तखत गरेको विषयमा अख्तियारको ध्यान किन जाँदैन ? आफ्नै अध्यक्षताको मन्त्रिपरिषद्‌ले गरेको निर्णयमा किन अख्तियारले छानबिन गर्न नपाउने ? कानुनै नलाग्ने हो भने त प्रधानमन्त्रीलाई सीधै राजा भने भइहाल्यो ।

अधिनायकवाद फैलँदै देउवासम्म
Krishna Bhujel

एमसीसी कांग्रेसले नै ल्याएको हो के । ज्ञानेन्द्र कार्की अर्थमन्त्री हुँदा सम्झौता भएको हो । कांग्रेसको एजेन्डा उसैले नबोके कसले बोक्छ ?

चीनतिर 'दुलही' तस्करी
Machindra Kumar Mahara

भारत, चीन, खाडी मुलुकमा नेपाली चेली विवाहका नाममा बेचिएका यस्ता घटना दिनहुँ बढिरहेका छन् । तैपनि नेपाली महिलाको चेत कहिल्यै आएन । कसरी आफैं दुलही बनेर जान मानेका होलान् ?

सेनापति आफैं सुधारका बाधक
Rabi Bikram Thapa

सेनापतिले के-कति सुधार गरेका छन् भन्ने नबुझेजस्तो लाग्यो । इतिहासमा अहिलेसम्म यस्ता प्रधानसेनापति नेपाली सेनाले पाएको छैन ।

साताका ७ nepalmag.com.np

१ हिप्पीहरूको कलात्मक भित्तो कसरी बन्यो प्रेमको निशानी ? (भिडियो)
स्नोम्यान सामान्य क्याफे हो । हिप्पीहरूले 'फ्रिक स्ट्रिट' नाम दिएको झोछेंको यो सामान्य क्याफेका भित्ताहरू नियालेर हेर्ने हो भने यहां अनगन्ती असामान्य कथा भेटिन्छन् । १९६५ देखि चलिरहेको यो क्याफेका भित्तामा हिप्पीले बनाएका पेन्टिङ छन् । ती पेन्टिङमाथि नेपाली युवायुवतीले पोखेका भावना पनि रंगिएका छन् ।

२ समाजवादले इतिहासबाट के सिक्न सक्छ ? (पोडकास्ट)
न व्यापार, न नाफा, न शोषण । न कोही गरिब र भूमिहीन, न कोही धनी, जमिनदार र उद्योगपति । कागजमा समाजवादको यो अवधारणा उत्कृष्ट देखिन्थ्यो तर यथार्थ अर्कै निस्क्यो । जीवन क्षत्रीको लेख पोडकास्टमा ।

३ मथिंगल खल्बल्याउने 'प्यारासाइट' को ओस्कार यात्रा
सधैंजसो आलोचना हुन्थ्यो- ओस्कार अमेरिकी र पश्चिमा फिल्मका लागि हो । तर यस पटक एसियाली फिल्मले यो अवार्ड जितेको छ । कोरियन चलचित्र प्यारासाइटले ओस्कार अवार्डको ९२ औं संस्करणमा ६ वटा विधामा मनोनीत भए पनि ४ वटा अवार्ड जितेको छ । यसले सर्वोत्कृष्ट चलचित्र, सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्र, निर्देशन र पटकथामा जित्दै इतिहास रचेको छ ।

४ दुई ढुंगाबीच तरुल : असुहाउँदो प्रतीक (महेश मास्के)
भारत र चीनलाई चिनाउन प्रयोग गरिने हाती र ड्रयागनजस्ता प्रतीकको बीचमा नेपाल 'तरूल' का रूपमा चित्रित हुने गरेको छ । यो प्रतीकको प्रयोग नसुहाउंदो र अऐतिहासिक छ । २१ औं शताब्दीको बदलिंदो भूराजनीतिक स्थिति र नेपालका छिमेकीसंगको सम्बन्धप्रति न्याय गर्न 'तरूल' वा 'घाँस' जस्ता प्रतीक अपनाउनु आफ्नै अवमूल्यन गर्नु हो ।

५ रूखहरूको बिदाइ वार्ता : सप्ताहान्त साहित्य (राजवको कविता)
रूखहरू
वायु, पानी र आफ्नो दहनमा लागेको
अग्निको पनि चिन्ता गर्दै थिए
भन्दै थिए,
हामी नहुंदा यी केबाट प्रज्वलित होलान् र ?

६ प्रहरीभित्रको गैरव्यावसायिक व्यवहार निर्मूल गर्छु : नवनियुक्त प्रहरी प्रमुख (भिडियो)
पदभार ग्रहण गर्दै नवनियुक्त प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले 'गैरव्यावसायिक व्यवहार निर्ममतापूर्वक निर्मूल गरिने' प्रतिबद्धता जनाएका छन् । विवादैविवादमा फसेको प्रहरी संगठनको छवि सुधार्न उनको पाँच महिने कार्यकाल कति पर्याप्त होला ?

७ ज्येष्ठ नागरिक ८ महिनादेखि भत्ताबाट वञ्चित, यसरी भयो रकम फ्रिज
१ हजार २ सय १५ जनाले ८ महिनाको भत्ता पाएनन् । आठ महिनाको रकम नपाएपछि कर्मचारीले गायब गरेको भन्दै वृद्धवृद्धाको ऱ्यालीले पटक-पटक गाउंपालिका कार्यालय घेराउ गर्दै आए पनि सुनुवाइ भएको छैन ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

ROYAL
BIG MASTER
WINE
PREMIUM
WINE
MRP.790
ROYAL
BIG MASTER
ROYAL
BIG MASTER
APPLE SWEET WHITE WINE
PREMIUM
The Master of the Masters
CRAFTED IN NEPAL
ROYAL
BIG MASTER
ROYAL
BIG MASTER
PERFECT FRUIT SWEET RED WINE
PREMIUM
THE MASTER OF THE MASTERS
CRAFTED IN NEPAL
MRP.3250
SMART BUY
4L
ROYAL
BIG MASTER
APPLE SWEET WHITE WINE
The Master of the Masters
ROYAL
BIG MASTER
The master of the masters
www.royalbigmaster.com
An ISO 9001:2015, ISO 22000:2005 (Food Safety Management) & HACCP

प्रवेश

सोझै



साताका चर्चित

दिवेश पोखरेल
गायक

अमेरिकन आइडलको शीर्ष २० मा ।

कुशल मल्ल
क्रिकेटर

अमेरिकासँगको क्रिकेट विश्वकप लिग-२ मा सबैभन्दा कम उमेरमा अर्धशतक बनाएर विश्व कीर्तिमान ।

सरस्वती चौधरी/कुलबहादुर थापा
खेलाडी

वर्षका उत्कृष्ट खेलाडी घोषित भई २५ हजार रूपैयांसहितको नेपाल भलिबल संघ (एनभीए) अवार्ड ।

सरुभक्त
साहित्यकार

५५ हजार ५ सय ५५ रूपैयाँ राशिको प्रेम साहित्य सम्मान ।

जयबहादुर चेम्जोङ
कुम्मायक गाउँपालिका अध्यक्ष, पाँचथर

अन्तरजातीय विवाह गरेकी युवतीको जबर्जस्ती गर्भपतन गराउन भूमिका खेलेपछि प्रहरीको पक्राउ सूचीमा ।

मुलुकबाहिर

अनि लाटोकोसेरो उड्न सकेन

चराको काम हो, उड्ने । चरा उड्नै नसकेपछि के होला ? मोटोपन अब मान्छेको मात्र समस्या रहेन । चराचुरुंगीलाई पनि मोटोपनले सताउने गरेको छ ।

*न्युजडटस्काइडटकम*का अनुसार बेलायती सहर सफल्कको सफल्क आउल स्यान्क्टयुएरीका पदाधिकारीले लाटोकोसेरोलाई उड्दाउड्दै खाल्डोमा खस्न लाग्दा दुर्घटनाबाट बचाएका थिए । तर लाटोकोसेरो तौल बढी भएकाले उड्न नसकेको अधिकारीले बताएका छन् । २ सय ४५ ग्रामको सो चरा तेस्रो बढी तौल भएको वेबसाइटमा उल्लेख छ ।

शरीरमा बोसोको मात्रा ज्यादा भएकाले लाटोकोसेरो पखेटा चलाउन नसकेको स्यान्क्टयुएरीले जनाएको छ । सो चरा प्राकृतिक रूपमै मोटाएको विज्ञले बताएका छन् । लाटोकोसेरोलाई नियमित डाइटमा राखेर ठिक्क तौल भएपछि खुला छाडिएको छ । ने

तथ्यचित्र



त्यस बखतको नेपाल

हमलापछि प्रधान न्यायाधीश

"हामीले मुद्दा हेरेर निर्णय गर्ने हो । को माओवादी ? को के भनेर होइन । दुस्मन भए पनि, मित्र भए पनि मिसिलले नै बोल्ने हो । त्यसबाट कसलाई व्यक्तिगत के हुन्छ ? के हुँदैन ? भन्ने आधारमा हामीले न्याय दिने होइन ।"

आफ्नो भ्रमणदलमाथि भएको प्राणघातक हमलापछि पनि श्री केशवप्रसाद उपाध्यायले जुन मर्यादित, सन्तुलित र धैर्यपूर्ण शैलीमा प्रतिक्रिया व्यक्त गर्नुभयो, त्यसबाट हरेक न्यायप्रेमी नेपाली गर्वित भएको छ- यस्तो उच्च भावना भएको मानिसलाई मुलुकले प्रधान न्यायाधीशका रूपमा पाएकोमा । प्रधान न्यायाधीशको सम्मानित पदलाई जनताका आँखामा झनै मर्यादित तुल्याउनु भएको छ- प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायले । हामी सम्माननीय केशवप्रसाद उपाध्यायलाई अभिवादन गर्दछौं र उहाँको नवजीवनका निम्ति बधाई ज्ञापन गर्दछौं ।

आफ्नै ज्यान लिने आउने समूहका विषयमा समेत त्यस्तो निष्पक्ष धारणा राखेर प्रधान न्यायाधीशले संसारलाई देखाउनु भएको छ- एउटा लोकतान्त्रिक राष्ट्रको प्रधान न्यायाधीश कस्तो हुनुपर्दछ भनेर ।

***नेपाल*, १-१५ फागुन २०५७**

सुरेश किरण

रेल भएको भए...

कोरोना भाइरस फैलिएर चीनमा अड्केका नेपाली विद्यार्थीहरूलाई नेपाल फिकाउन नसकेर सरकारको साह्रै आलोचना भयो । चीनले ६ दिनमै अस्पताल बनायो, नेपालले १२ दिनसम्म प्लेनसमेत पठाउन सकेन । यस्तो अवस्थामा केही मान्छेले व्यंग्य कसे-जाबो नेपाली विद्यार्थीलाई नेपाल फिर्ता गर्न नसक्ने सरकारले रेल ल्याउने, पानीजहाज चलाउने भनेर गफ हाँक्ने ?

हुन त व्यंग्य कस्न कसलाई पो रोक्न सकिन्छ र ? कस्नुस् । तर यथार्थतिर पनि ध्यान दिनुस् । अहिले चीनमा फसेका नेपाली विद्यार्थीलाई फिर्ता ल्याउन नसक्नुको प्रमुख कारण भनेकै रेल र जहाज नभएर हो । यदि अस्ति नै चीनबाट रेल र जहाज सेवा चलाएको भए आज कोरोना भाइरस प्रभावित नेपाली विद्यार्थीलाई एकै झपटमा फिर्ता ल्याउन सकिन्थ्यो । प्रधानमन्त्रीले रेलको कुरा गरे कि मान्छे हाँस्न थाल्छन् । रेल नभएर के बेफाइदा भयो, अहिले त थाहा भयो होला नि !

अमेरिकालाई सहयोग

अमेरिकाले नेपाललाई दिन लागेको ५० अर्ब रुपैयाँ विवादमा परेको छ । अमेरिका जसरी हुन्छ, नेपालले यो पैसा लिइदिए हुन्थ्यो भन्ने विचार राख्छ तर नेपालभित्र भने यही पैसाका कारण पार्टी-पार्टीमै मारामार छ ।

आफूहरूले दिन लागेको यो अनुदान पैसा लिइदिनुपर्‍यो भनेर अमेरिकी राजदूत दौडादौड गरिरहेका छन् । एमसीसीको त उपाध्यक्ष नै अनुदान लिइदेऊ भनेर नेताहरूको घरघरमा गइरहेका छन् । वास्तवमा यो त संसारकै पहिलो त्यस्तो अनुदान हुनुपर्छ, जो लिनलाई होइन, दिनलाई 'लबिइङ' चलिरहेको छ । कृपया यो अनुदान लिइदेऊ न भनी अमेरिका तातेको तात्यै छ ।

अब अमेरिकाजस्तो देशले यति धेरै आग्रह गरेपछि हामीले पनि मान्दा नै उचित होला कि ? पैसा भनेको यस्तो वस्तु हो, जुन लिनलाई अरूसँग आग्रह गर्नुपर्छ । त्यसमाथि अनुदान प्राप्त गर्नु त झनै गाह्रो कुरा भयो । तर हाम्रो हकमा यो उल्टो भइरहेको छ । अनुदान लिइदेऊ न भाइ भन्दै अमेरिकै हाम्रै आँगनमा आइरहेको छ । नेपालले अनुदान नलेला कि भनेर अमेरिकीहरू थर्कमान भइरहेका छन् । अमेरिका त नेपालको पुरानो साथी हो । परेका बेला हामीलाई धेरै सहयोग गरेको छ । तर अबचाहिँ नेपालले अमेरिकालाई सहयोग गर्ने बेला आएको छ । एमसीसीमार्फत नेपाललाई जुन अनुदान आउनेवाला हो, त्यो नेपालले सहजपूर्वक ग्रहण गरेर अमेरिकालाई सहयोग गर्नुपर्ने भएको छ । के गर्ने, कहिलेकाहीं अनुदान दिएर होइन, लिएर पनि सहयोग गर्नुपर्ने अवस्था आउँदो रहेछ ।

सद्गुरु हाईहाई, माओ बाईबाई

प्रचण्डको 'नयाँ नेपाल' सम्धीका गफै भए । गतिशील नेताले जहिल्यै नयाँ नेपाल बोकेर हिंड्ने कुरा पनि भएन । क्रमभंग भन्दै आफैं भंग हुंदै गएका प्रचण्डको मन पनि कति भरंग भइसकेको रैछ, बिचरा ! चिनी पनि धेरै खाए तीतो हुन्छ भन्छन् । त्यस्तै भएको रैछ, प्रचण्डलाई पनि । नहोस् पनि किन ? १२ वर्षसम्म मार्क्स, लेनिन र माओका भाषण पढ्दै वाक्कदिक्क भएपछि प्रचण्ड बाजे लागेछन्, माओ छाडेर सद्गुरुतिर । बुढेसकाल लागेपछि रविशंकर, सद्गुरू, रामदेव यस्तैको प्रवचनले आनन्द लिने र जीवन सार्थक बनाउने हो । आखिर प्रचण्ड त्यसको अपवाद कसरी हुन सक्थे र !

■ हुन्डरी

यतीसँग भ्यालेन्टाइन

१४ फेब्रुअरीको भ्यालेन्टाइन दिवसका कारण सरकारको व्यस्तता निकै बढेको छ । बालुवाटार सूत्रका अनुसार प्रधानमन्त्रीलाई लिएर यती सुन्दरी ताहाचल, दरबारमार्ग, शिवपुरी, गोकर्ण जंगल, धरान, पाथीभरालगायत स्थानमा डेटिङ गइसकिन् ।

दुवैबीच लामै समयदेखि प्रेम सम्बन्ध रहेको चर्चा भएपछि मन्त्री गोकुलप्रसाद बाँस्कोटा आक्रोशित छन्, 'यती समूहसँग हाम्रो मुनामदन टाइपको प्रेम हो । सती गएको कपोलकल्पित आरोप लाग्नु दुर्भाग्यपूर्ण हो, हेप्नी !'

■ वाटरगेट रिटर्न्स

सामान फिर्ता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एकमुष्ट नेता र कर्मचारीमाथि मुद्दा हालेपछि देशका जम्मै भ्रष्टाचारी, अत्याचारी, घुसखोरीहरू थुरथुर कामेका छन् (जाडोले होइन नि !) । यो राम्रै काम भयो । राम्रो मात्र होइन, यसलाई त अत्यन्तै राम्रो भन्नुपर्ने हुन्छ । किनभने ललिता निवास प्रकरणका दोषीहरूमाथि अख्तियारले जसै मुद्दा दायर गऱ्यो नि, त्यसैको फलस्वरूप उता प्रहरी कार्यालयतिर पहिला-पहिला चोरिएका मालहरू धमाधम फिर्ता गर्न थालिए रे भन्ने समाचार सुन्नमा आएको छ ।

सामान चोरी भएपछि प्रहरीमा रिपोर्ट गरिन्छ । त्यसपछि प्रहरी ती सामान खोज्न लागिपर्छ । तर प्रहरीले कति खोज्दा पनि नभेटाएका धेरै सामान अहिले प्रहरी चौकीमै धमाधम फिर्ता हुन थालेका छन् रे । कुनै मोबाइल, कुनै कोट-पाइन्ट, कुनै कम्प्युटर, कुनै साडी, कुनै पैसा भएको वालेट आदि-आदि । चोरी भयो भनेर आफूकहाँ महिनौं, अझ वर्षौं अघि उजुरी परेका सामान अहिले आफसेआफ कार्यालयमै भेटिन थालेपछि प्रहरी दंग परेका छन् रे । चोर सुटुक्क सुटुक्क सामान बुझाउन आएको देखेर प्रहरी पनि चकित खाइरहेका छन् । के भएछ, सहरका चोरहरूलाई ?

प्रधानमन्त्रीको मुरली

प्रधानमन्त्री कमरेड खड्गप्रसाद ओलीले मुरली बजाएको तस्बिर सार्वजनिक के भयो, सारा देशवासीको ध्यान त्यतै केन्द्रित भइदियो । पत्रपत्रिकामा त्यसकै चर्चा सुरू भयो, सामाजिक सञ्जाल त्यही कुराले भरियो, मान्छे त्यही विषयमा गफ गर्न थाले ।

तर यी सबै अनावश्यक हुन् किनभने प्रधानमन्त्रीले मुरली बजाएको त्यस्तो चर्चायोग्य विषय नै होइन । प्रधानमन्त्रीले मुरली बजाए त के भयो र ! दुनियाँमा मुरली बजाउने उनी एक्लो शासक त पक्कै होइनन् । रोममा तत्कालीन शासक निरोले पनि मुरली बजाएका थिए अरे । अब निरोले बजाउन हुन्छ भने ओलीले किन हुँदैन ? त्यसैले ओलीले मुरली बजाए भनेर त्यसमा ध्यान दिनुको कुनै अर्थ छैन । ध्यानै दिने हो भने त देशमा ध्यानयोग्य विषय अरू पनि धेरै छन् नि । त्यसमा दिनुस् न, ध्यान । जस्तो, चीनमा कोरोना भाइरस फैलिरहेका बेला सयौं नेपाली त्यहाँ फसिरहेका छन्, त्यसमा ध्यान दिनुस् । बजारमा धुलोबाट बच्ने मास्कसमेत किन्न नपाइने भइसक्यो, त्यसमा ध्यान दिनुस् । बजारमा कुखुराको मासु मात्र होइन, मासु पकाउन चाहिने प्याज र लसुनसमेत महँगो भइसक्यो, यसमा ध्यान दिनुस् । ठाउँ-ठाउँमा सडक बिग्रेर सर्वसाधारण आजित भइरहेका छन्, त्यसमा ध्यान दिनुस् । ध्यान दिनुपर्ने विषय त धेरै छन् तैपनि मानिस किन प्रधानमन्त्रीको मुरलीतिरै मात्र ध्यान दिन्छन् हँ ?

भाइरल सांसदहरू

स्वस्थानी व्रत सांगे भएपछि त्यसै पनि वर्ष दिन किताब त्यसै थन्किहाल्थ्यो । नेकपाकी यशोदा गुरुङ सुवेदीलाई स्वस्थानीका पाना नच्याती हुँदै भएन । नेकपाकै गजेन्द्रबहादुर महतलाई नोवल कोरोनाभन्दा 'एमसीसी भाइरस' को डर रहेछ, बरा ! यो सीएमसी, सीसीएम आखिर हो के ? राजपाका लक्ष्मणलाल कर्ण ऋद्ध छन्, 'भैंसीको नागरिकता हुँदैन, नेपालभित्र आइसकेपछि इन्डियन भन्ने ?' कांग्रेस सांसद डीला संग्रौलाले सोधिन्, 'यतीसँग सती जानुको कारण के हो, सरकार ?' कांग्रेसले अख्तियारद्वारा डामिएका विजय गच्छदारका लागि संसद् ठप्प पाऱ्यो । कांग्रेस गच्छदारसँगै सती गएको हो कि होइन ? जनता जान्न चाहन्छन् ।

■ **लाल कुमाल**

अख्तियारको चुहिने जाल

अख्तियार जालमा ठूला माछा नपरेको धेरै भयो । बालुवाटार बेच्ने, किन्ने र कागजपत्र मिलाउने ठूला माछा यसपालि झन्डै-झन्डै जालमा परिसकेका थिए । सत्ताको कैंचीले काटेर ठूलै भ्वाङ परेछ । त्यसैबाट फुत्तफुत्त बाहिरिए, पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराई ।
धन्न ! यस्ता काण्डमा कांग्रेस छुट्दैन र विजयकुमार गच्छदारसम्म अड्किए । कमरेड विष्णुप्रसाद पौडेल र श्रीमान् कुमार रेग्मीलाई उन्मुक्ति दिने अख्तियारको आइडियावाला अफर झन् गजब । जग्गा फिर्ता गर्नेलाई नो केस । ठूला माछा समात्न अख्तियारको जालले नपुगेर अब महाजाल चाहिने हो ?

■ **महर्षि**

KMG
KANTIPUR MEDIA GROUP
नेपाल म्यागजिन
अब नयाँ वेबसाइट
र एपमा
बदलिँदो नेपालको अन्तर्कथा
@NepalMagazine
nepalmag.com.np
GET IT ON Google Play
Download on the App Store

यस कारण घोडाचित्र



शशि शाह

जापानको फुकुआका प्रदर्शनी (सन् १९८०) पछि मात्र मेरो घोडाचित्रप्रति लगाव बढेको हो । त्यहाँको नेपाल एक्जिविसनमा दश अवतारलाई समावेश गरेको थिएँ । रेखाचित्रबाट घोडाचित्र बनाउन थाल्नुमा धार्मिक, सांस्कृतिक, राजनीतिक आदि कारण जोडिएका छन् ।

विभिन्न धर्मशास्त्रमा सबै मनुष्य जातिको आदिदेव सूर्यलाई तान्ने घोडाको प्रतीक चित्र संसारभर कोरिएका छन् । मैले क्यानभासमा उतार्ने घोडाका चित्रहरू पनि सात थरीकै गायत्री, उष्णिक, अनुष्टभ, वृहति, पगति, त्रिष्टुभ र जगाति रहेका छन् । यी घोडालाई इन्द्रेणी रङमा वर्णन गरिएको छ । भूगोलको हिसाबमा सात महादेश, सात समुद्र आदि ।

भारतीय कलाकारले पनि घोडालाई क्यानभासमा उतारेर विष्णुको कल्की अवतारको उदाहरण दिएका छन् । मैले दश अवतार तथा चेतक घोडालाई पनि त्यही धर्मशास्त्र र पुराणमा आधारित भएर सिर्जना गरेको हुं । सांस्कृतिक रूपमा नेपालमा घोडेजात्रा पर्व मनाइन्छ । यस पर्वले पनि मलाई घोडाचित्रका क्यानभास कोर्ने बाटो देखाइदिएको हो ।

घोडालाई शक्ति, शान्ति र वीरताको प्रतीक ठान्ने हुंदा मेरा चित्रको सैद्धान्तिक आधार पनि यही नै हो । इतिहास खोतल्ने हो भने संसारका प्रख्यात व्यक्ति सवार हुने घोडाका अनेक नाम छन् । जस्तो, उच्चश्रेवा इन्द्रको घोडा, चेतक महाराणा प्रतापको घोडा, बुकफुलेस सिकन्दरको घोडा आदि ।

घोडाको नाम बटुल्ने क्रममा इतिहासकार हरिराम जोशीलिखित *अभिनव संस्कृति कोष* पनि हेरें । ६ सय पृष्ठको उक्त किताबमा ९९ पृष्ठसम्म त घोडाकै बखान समेटिएको पाएँ । यस्तै, सूर्यविक्रम ज्ञवालीलिखित *नेपालको इतिहासका विविध पक्ष*मा राजा जयप्रकाश मल्ल चढेको घोडाको नाम पुरूषणी लेखिएको छ ।



पछिल्लो समय सिर्जनाका विषयवस्तु घोडा रहँदै आए पनि मलाई पेन्टिङभन्दा रेखाचित्र नै बढी मन पर्छ । घोडा सूर्यको प्रतीक पनि हो । सौर्यमण्डलका सबै ग्रह सूर्यकै प्रतापले बाँचेको वैज्ञानिक आधारले पनि पुष्टि गरेको छ ।

हुन त कतिपयले ममा भारतीय कलाकार मकबुल फिदा हुसैनको प्रभाव परेको भन्ठान्छन् । तर भक्तपुरमा मल्लकालदेखिको घोडाकै अश्वशास्त्र पेन्टिङ छ । भक्तपुर म्युजियममा रहेको यो घोडैघोडाको चित्र देखेर मलाई घोडा बनाउने प्रेरणा मिलेको हो ।

हुसैनले पनि घोडाचित्र बनाउने भएकाले केही प्रभाव पऱ्यो होला । सरस्वतीको नांगो चित्र बनाएको बात लागेपछि उनी ज्यानको सुरक्षाका लागि साउदी अरब निर्वासित भएका थिए । पछि बेलायत गएका बेला सन् २०१० मा उनको निधन भयो ।

हामी चित्रकारिताकै क्रममा भारत भ्रमण गरिरहन्थ्यौं । आग्रा दरबार अवलोकन गरियो । उक्त दरबारमा अकबरले ठूलो एरियामा बडेमाको ढुंगा आकृतिको चेस बोर्ड बनाएका छन् । गोटीको सट्टा मान्छे नै राखेर चेस खेल्थे अरे उनी । उक्त चेसबोर्ड हेरेपछि मलाई घोडाचित्रप्रति थप मोह जाग्यो ।

मूल थलो त भइहाल्यो । यसबाहेक भारत, चीन, पाकिस्तान, बंगलादेश, जापान, अमेरिकामा मेरा लाखौं मूल्यमा घोडाचित्र बिक्री भए । त्यो क्रम अहिले पनि जारी छ । मेरो समुद्र मन्थन घोडा क्यानभासको मूल्य ६० लाख रूपैयाँ राखेको थिएँ ।

राजा वीरेन्द्रले मेरा चार-पाँच घोडाचित्र किनेर नारायणहिटी दरबारमा संग्रह गरेका थिए । तर दरबारभित्र कहाँ-कहाँ राखिएका थिए, मैले देखिनं । रमेश खनालको संस्मरण *नारायणहिटी घुम्दा*मा मेरा घोडाचित्रबारे बखानै गरिएकाले थाहा पाएको मात्र हुं ।

अग्नि ग्रुपले मेरा घोडा सिर्जना १० लाख रूपैयाँमा किनेको थियो । अहिले कम्पनीको महाराजगन्जस्थित सोरूममा संगृहीत छ । ग्रुपले अन्य नेपालीका कला पनि उक्त सोरूममा राखेको छ । मेरा ३५ वटाजति घोडाचित्र पृथ्वीबहादुर पांडेको नेपाल इन्भेस्टमेन्ट बैंकले किनिदिएको छ ।

सिर्जना गरेपछि त्यसको मोल पाउने लोभ सबैलाई हुने नै भयो । त्यसका लागि हामीले कहिलेकाहीं 'लौ यो लास्ट स्टक' भन्दै आफ्ना सिर्जना छूटमा बिक्री गर्थ्यौं । त्यसबेला अघिपछिभन्दा बढी सिर्जना बिक्री हुन्थे, सबै सर्जकका ।

पछिल्लो समय मैले सिर्जना गरेका घोडाचित्रको संख्या १ हजार हाराहारी पुगे होलान् । अहिले पनि त्यसलाई निरन्तरता दिएकै छु ।

▪ प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

हाम्रो नेपालमा

अनमोल मुस्कान

सरोज बैजु

भन्डै पाँच महिना अस्पताल बसिन्, वीरगन्जकी मुस्कान खातुन, । विद्यालय जाने क्रममा तेजाब आक्रमणमा परेकी १४ वर्षीया मुस्कानसित मेरो पहिलो भेट भयो, ३० असोजमा। उनी कीर्तिपुर अस्पतालको शैयामा थिइन्। सुरुमा त मैले मुस्कानलाई राम्ररी हेर्न पनि सकिनँ । सोचेँ, एसिड आक्रमणबारे कसरी सोध्ने ? हेर्दै डरलाग्दो फोटो कसरी खिच्ने ?

डाक्टरको राउन्डिङ हुन लागेको रहेछ । मुस्कानका पिताले तेजाब परेको ठाउँमा मलम लगाउँदै थिए। परिवारको अनुमतिमा झ्यालको प्वालबाट त्यही क्षण फोटो खिचेँ । मुस्कानको कथा सुनाउँदा आमा पनि सँगै थिइन् ।

डाक्टर आउने समय भएकाले धेरै बेर बस्ने अवस्था थिएन। मैले सरसर्ती उनको कथा सुनेँ। मुस्कानलाई एकाबिहानै विद्यालय पुग्नुपर्थ्यो । अरू दिन भाइ र उनलाई विद्यालयसम्म बुबाले पुऱ्याइदिन्थे। तर २० भदौ बिहान उनको साथमा बुबा थिएनन् । बुबा बिरामी परेकाले भाइको साथमा विद्यालय गइरहेकी थिइन्, मुस्कान ।

उनी अघिअघि थिइन्, भाइ पछिपछि । बाटोमा सधैँजसो सताइरहने एउटा केटाले जग दिँदै भन्यो, 'पानी खाने हो ? खाऊ ।' उनी नखाने भन्दै फटाफट अगाडि बढिन् । तर त्यो केटाले पछ्याइरह्यो । अलि पर पुगेपछि केटाले खातुनको शरीरमा जग खन्याउन खोज्यो ।

मुस्कानले स्कुल ब्याग उचालेर हत्त न पत्त शरीर छोप्न खोजिन् । केटाले जगमा रहेको तरल पदार्थ छ्याप्प भ्याइहाल्यो । त्यो जगमा पानी होइन, तेजाब रहेछ । मुस्कान हुर्हुरी जल्न थालिन् । अनुहारको दायाँ भाग, छाती र हातमा एसिडले धुवाँ निकालिरहेको थियो ।

बाटोमा हिँडिरहेका अरू विद्यार्थी उनीतिर दौडिए । कसैले घरपरिवारको नम्बर सोध्यो । मुस्किलले बुबाको नम्बर भन्न भ्याइन्। त्यसपछि के भयो ? थाहा पाइनन्। होशमा आउँदा नारायणी अस्पतालको शैयामा थिइन् ।

मैले एक जना फोटो जर्नालिस्ट दाइलाई मुस्कानबारे सुनाएँ । उनले फोटो स्टोरी गर्न उत्साह दिए। अनि, फोनबाटै मुस्कानका बुबाको अनुमति लिएँ । तीन महिनापछि भेट्दा मुस्कान राजधानीको तीनथाना छेउको डेराघरमा थिइन्।

मलाई थाहा पाउनु थियो, मुस्कान समाजमा कसरी घुलमिल भइरहेकी छिन् ? दैनिकी कसरी चलिरहेको छ ? उनले मोबाइलमा आफ्नो पुरानो फोटो देखाइरहँदा बहिनी दिदीको एसिड लागेको हात हेरेर सुमसुमाउँदै थिइन् । उनलाई छरछिमेकीले पनि माया गर्दा रहेछन् । तेजाबले बनाएको घाउलाई घामबाट बचाउनुपर्दो रहेछ ।

उनमा कसरी आत्मबल भरियो त ? एक दिन एसिडविरोधी अभियानकर्मी उज्ज्वलविक्रम थापा उनलाई भेट्न गएछन् । भनेछन्, 'तिमी कोठाभित्र लुकेर बस्यौ भने एसिड हान्नेहरूको जित हुन्छ । तिमी हाछौं । उनीहरुलाई जित्नु छ भने आफैँसँग लड, लुकेर नबस ।'

आफ्नै अनुहारसँग तर्सेर आफूलाई कोठाभित्र कैद गर्नुभन्दा समाजमा घुलमिल हुन थालिन्, मुस्कान । साथी, आफन्तलगायत सबैको सद्भाव र सहयोग छँदै थियो । सायद यतिबेला तेजाबले जलाउन खोज्नेलाई पनि मुस्कानको अनुहारले भतभती पोलिरहेको हुन सक्छ । ने

nepalmag.com.np

लक्ष्यमा ब्याकगियर

आर्थिक वर्षको मध्यमा आएर आकार घटाइयो, विकास खर्चमा कैंची

यम बम

'आज विश्वका कुनचाहिँ अर्थमन्त्री गहिरो निद्रामा रातभरि सुत्न सकेका होलान् । विश्व र क्षेत्रीय परिवेशमा एउटा अर्थमन्त्रीले गर्नुपर्ने दायित्वको विषय सधैं सजगता र जोखिममा हुन्छ ।'

अर्थमन्त्रीको कुर्सी सम्हालेको २ वर्ष पुग्नै लाग्दा युवराज खतिवडा २९ माघमा तेस्रो पटक बजेटको अर्धवार्षिक समीक्षा गर्दै थिए । शिथिल देखिएका अर्थमन्त्री खतिवडाको मुहारमा चमक थिएन, जुन चमक १५ जेठ ०७६ मा संसद्मा बजेट प्रस्तुत गर्दा थियो । माउ पार्टी नेकपालाई रिफाउने गरी ल्याएको बजेटबारे त्यसबेला उनले प्रतिक्रिया दिएथे, 'खर्च हुने बजेट ल्याएका छौं ।'

सबैलाई सम्बोधन हुने र खर्च गर्न सकिने भनेर खतिवडाले दोस्रो पटक ल्याएको बजेट कार्यान्वयनको अवस्था (साउन-पुस) निराशाजनक छ । त्यसैले त मुहार खुम्च्याउँदै उनले सकारे, "समग्र बजेट कार्यान्वयनको गतिमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य सुधार हुन सकेको छैन ।"

फलतः संसद्बाट अनुमोदन भएको १५ खर्ब ३२ अर्ब ९६ करोडको बजेटको आकार ९.६ प्रतिशतले घटाइएको छ । अब अर्थले चालू आर्थिक वर्षमा १३ खर्ब ८५ अर्ब ९६ करोड मात्र खर्चिने संशोधित लक्ष्य राखेको छ । जबकि यो वर्ष बजेट र राजस्व लक्ष्यको अनुपात गत वर्षभन्दा क्रमशः ३९ र २७ प्रतिशतले बढाइएको थियो ।

१४ फागुन ०७४ मा अर्थमन्त्री नियुक्त भएपछि खतिवडाले २ वटा बजेट ल्याइसके ।

प्रदेश सरकारको पुँजीगत खर्चको अवस्था



संघीय सरकारको संशोधित लक्ष्य



तीन आर्थिक वर्षको पुँजीगत बजेट र खर्च

(अंक खर्बमा)



३ वटा बजेटको अर्धवार्षिक समीक्षा गरे। उनले अर्धवार्षिक समीक्षामार्फत यी ३ वटै बजेटको खर्च र राजस्वको लक्ष्य घटाए। महत्त्वाकांक्षी बजेट ल्याउने तर आर्थिक वर्षको मध्यमा आएर कुनै क्षेत्रको लक्ष्य घटाउने नौलो प्रवृत्ति त होइन। तर त्यसलाई राजनीतिक संक्रमणकालमा यस्तै हुन्छ भनी चित्त बुझाउन सकिने अवस्था विगतमा हुने गर्थ्यो। राजनीतिक स्थिरताको अनुकूलता पाए पनि खतिवडाले लगातार ३ आर्थिक वर्षमा बजेट संशोधन गरेका छन्। यसलाई भने सामान्य मान्न सकिँदैन।

राजनीतिक संक्रमणकालताका भनिने गरिन्थ्यो- राजनीतिक स्थिरता र स्थायी सरकार आए बजेट कार्यान्वयनले गति लिनेछ। अहिले झन्डै दुई तिहाइ बहुमत प्राप्त सरकार छ तर अवस्था किन फेरिएन त ? पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "सरकारले स्थायित्व पाए पनि नीतिगत र संरचनागत स्थिरता भएन, जसलाई विकास खर्चको दयनीय अवस्थाले पुष्टि गर्छ।"

गतिहीन विकास

चालू आर्थिक वर्षको मध्यमा आइपुग्दा (पुस मसान्त) संघीय सरकारको पुँजीगत खर्च १५.४ प्रतिशत मात्रै छ। यो भनेको कुल पुँजीगत बजेटको ६२ अर्ब ७६ करोड मात्र हो। गत वर्ष यही अवधिमा पुँजीगत खर्च १७.७ प्रतिशत थियो। स्थायी सरकार हुँदा पनि विकास खर्च गर्न नसक्नुलाई सफलता मान्न सकिन्न।

लक्ष्यअनुसार राजस्व संकलन नहुने र खर्च पनि नहुने देखिएपछि पुँजीगत खर्चको लक्ष्य संशोधन गरेर ३ खर्ब २६ अर्बमा झारिएको छ। जबकि यसअघि पुँजीगत बजेट ४ खर्ब ८ अर्ब रुपैयाँ विनियोजन भएको थियो।

विकास बजेट खर्च हुन नसकेको भनी निरन्तर आलोचना बढेपछि स्वयं प्रधानमन्त्री केपी ओलीले फागुनभित्र पुँजीगत खर्च ५० प्रतिशत पुऱ्याउन पहिलो चौमासिक समीक्षा बैठकमै निर्देशन दिएका थिए। उनै ओलीको निर्देशन पनि कार्यान्वयन हुन सक्ने स्थिति छैन।

पूर्वाधार विकास र बजेट खर्चको हिसाबले समेत महत्त्वपूर्ण रहेका राष्ट्रिय गौरवका आयोजनाको भौतिक मात्र होइन, वित्तीय प्रगति पनि निराशाजनक छ। २३ वटा गौरवका आयोजनाको वित्तीय प्रगति १९ अर्ब २४ करोड रुपैयाँ अर्थात् १८.७ प्रतिशत मात्र छ। जबकि सरकारले यी आयोजनालाई चालू आवमा १ खर्ब २ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको थियो।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो तामाकोसी जलविद्युत् आयोजना, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, मध्यपहाडी लोकमार्गबाहेक गौरवका आयोजनाको प्रगति नगन्य छ। समीक्षामा भनिएको छ, 'गौरवका आयोजनाको बजेट कुल विनियोजनको ७ प्रतिशत मात्र रहे पनि पुँजीगत बजेटको भने एक चौथाइ हुने हुँदा यी आयोजनाको कार्यान्वयन अवस्थाले पुँजीगत

खर्चको प्रकृतिलाई चित्रित गर्छ ।'

पूर्वाधारविद् सूर्यराज आचार्य आयोजना निर्माणको मोडालिटी, कुल लागत, समयावधि, मुआब्जाजस्ता विषय नटुंग्याई अगाडि बढ्दा समस्या हुने गरेको बताउँछन् । यी समस्या भोलिरहेका गौरवका आयोजनामा पश्चिम सेती र बूढीगण्डकी जलविद्युत्लगायत पर्छन्। आचार्य आयोजना कार्यान्वयनको ढाँचा र वित्तीय स्रोत-साधनको व्यवस्थापनलाई ध्यान दिनुपर्ने उल्लेख गर्दै भन्छन्, "गौरवका आयोजना घोषणा गर्दा निश्चित मापदण्ड तोकिनुपर्छ।"

हुन त 'गौरवका ठूला आयोजना कार्यान्वयन र सञ्चालन गर्ने एकीकृत कानुन नहुँदा अरू आयोजनाका हकमा जस्तै कार्यविधिगत समस्या कायम' रहेको समीक्षामै औंल्याइएको छ ।

संघीय सरकारका विकासे मन्त्रालयका खर्चलाई हेरे पनि मुलुकको आर्थिक, पूर्वाधार विकास कुन गतिमा छ भनेर प्रस्ट हुन्छ । ६ महिनाको अवधिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १९.९ प्रतिशत मात्र बजेट खर्च गरेको छ। यो भनेको कुल विनियोजित १ खर्ब ५६ अर्बको ३१ करोड रुपैयाँ मात्र हो । भौतिकबाट सञ्चालन हुने भनिएका सडक पूर्वाधार विकास कार्यक्रम, तराई मधेस पूर्वाधार विकास कार्यक्रमको रकम खर्च हुन सकेको छैन ।

सहरी विकास मन्त्रालयले सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राही छनोटमा ढिलाइ गर्नुका साथै सघन सहरी विकास कार्यक्रम पनि अपेक्षाअनुसार अगाडि बढाउन सकेको छैन। फलतः सहरीले पनि अर्धवार्षिक समीक्षासम्म २८.१ प्रतिशत मात्र खर्च गरेको छ। बजेटको हिसाबले ठूलो मन्त्रालय रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको हालत पनि उस्तै छ। ऊर्जाले यो अवधिमा १४.४ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ। जबकि ऊर्जाको स्वीकृत बजेट ४६ अर्ब ४८ करोड हो। समीक्षामा भनिएको छ, 'कार्यक्रम बाँडफाँट र ठेक्कामा प्रक्रियागत विलम्बका कारणले खर्च न्यून भएको हो ।'

पूर्वअर्थसचिव खनाल सार्वजनिक संस्थानमा स्थिरता नआउँदा तथा सही ठाउँमा सही कर्मचारी नपठाउँदा बजेट कार्यान्वयनमा शिथिलता आएको टिप्पणी गर्छन् । जस्तो, आर्थिक वर्षसँगै प्रधानमन्त्री ओलीले १५ साउनमा मन्त्रीहरूसँग १ वर्षे कार्यसम्पादन सम्झौता गरेका थिए। लगत्तै मन्त्रीहरूले पनि सम्बन्धित सचिवसँग सोहीअनुरूपको सम्झौता गरे । सम्झौताको १५ दिनमै २ भदौमा १६ सचिवको सरुवा गरियो । सरकार गठनयता मात्र विकासे मन्त्रालयमा ३ देखि ४ सचिवसम्म फेरिएका छन् ।

प्रत्येक महिना नियमित खर्च नगरी एकै पटक असारमा खर्च तथा भुक्तानी दिने प्रवृत्ति अझै पनि छ। यो प्रवृत्ति यो वर्ष पनि नफेरिने निश्चितप्रायः छ। खतिवडाले आफ्नो बचाउ गर्दै भनेका छन्, "विगतमा पुँजीगत खर्च ७५/७६ प्रतिशतकै हाराहारी हुने गरेको थियो । अपवादको वर्षमा ८० प्रतिशतभन्दा धेरै खर्च भएको छ ।"

सरकारले चालू वर्ष ८.५ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान बजेटबाट गरेको थियो । धान उत्पादनमा गिरावट, निर्माण क्षेत्र र निजी क्षेत्रमा सुस्ती, विप्रेषण प्रवाहमा कमी, राजस्व असुलीमा कमी, पुँजीगत खर्चको हविगत, कर्जा प्रवाहमा आएको सुस्तीका कारण लक्ष्य प्राप्ति हुने अवस्था देखिँदैन ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले ६ प्रतिशत हाराहारी आर्थिक वृद्धि हुने प्रक्षेपण गरिसकेको छ। पूर्वअर्थसचिव खनाल भने सरकारको आर्थिक वृद्धि सरकारी खर्चको प्रभावकारिता, निजी क्षेत्रको उत्साह र अर्थतन्त्रको चलायमानमा भर पर्ने बताउँछन्। भन्छन्, "यी अवस्था सकारात्मक छैनन् । त्यसैले आर्थिक वृद्धि ८.५ प्रतिशतले हुने सम्भावना छैन ।"

राजस्वको लक्ष्यमा पनि कैंची

'नयाँ कानुन, विधि निर्माणपछि सरकारी वित्तमा सुधार हुँदै छ। यद्यपि आयातमा आएको ह्रास र नयाँ राजस्व प्रणालीप्रति व्यवसायी अभ्यस्त हुन समय लागेकाले आयातबाट प्राप्त हुने राजस्व अपेक्षाकृत संकलन हुन सकेको छैन ।'

राजस्व असुलीको पहिलो ६ महिनामै ८१ अर्ब ५० करोडको खाडल भएपछि अर्थमन्त्री खतिवडा समीक्षा बैठकमा रक्षात्मक रूपमा प्रस्तुत भए ।

सरकारले साउन-पुससम्म ५ खर्ब ३७ अर्ब ६७ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। तर संकलन ४ खर्ब ५६ अर्ब १७ करोडमै खुम्चिएपछि ४.६ प्रतिशतले घटाएको छ। यसअघि ११ खर्ब १२ अर्बको राजस्व लक्ष्य रहेकामा संशोधन गरेर १० खर्ब ५६ अर्बमा झारिएको हो । यसअघि संघीय सरकारको कोषमा जम्मा हुने राजस्वको लक्ष्य वर्ष ९ खर्ब ८१ अर्ब रहेकामा घटाएर ८ खर्ब ८८ अर्ब रुपैयाँमा कायम गरिएको छ। राजस्व सरकारी खर्चको मुख्य स्रोत हो । तर यो वर्ष सुरुमा अनुमान गरिएभन्दा करिब १ खर्बले कम उठ्नेछ। खतिवडा दाबी गर्छन्, "तल्लो (प्रदेश र स्थानीय तह) तहका सरकारको राजस्व असुली कमजोर देखिए पनि समस्या हुँदैन ।" ने

संघकै बाटोमा प्रदेश सरकार

मुलुक संघीय संरचनामा गइसकेपछि पहिलो वर्ष प्रदेश सरकारहरूको तर्क थियो- संरचना, कानुन र कर्मचारी छैनन् । त्यसैले विकास बजेट खर्च हुन सकेन ।

अहिले त्यो अवस्था छैन । ७ वटै प्रदेशले भौतिक संरचनासँगै कर्मचारी पाएका छन्, कानुन बनाए । पहिलो वर्षको सिकाइअनुसार बजेट पनि ल्याए । तर दोस्रो वर्षमा पनि प्रदेश सरकारहरूको प्रस्तुति सुधिन सकेको छैन । अर्थात्, संघ सरकारको प्रवृत्ति प्रदेशमा सरेको छ ।

यो ६ महिने अवधिमा प्रदेशमा पुँजीगत खर्च सबैभन्दा बढी ५ नम्बरले १९.७ प्रतिशत गरेको छ भने सबैभन्दा कम प्रदेश २ र कर्णालीले ३.८ प्रतिशत मात्र गरेका छन् । यस्तो स्थिति किन आयो ? वित्तीय संघीयता विज्ञ खिमलाल देवकोटा भन्छन्, "प्रदेशमा पनि उत्साह देखिएन । संघ सरकारको व्यवहारभन्दा फरक देखिएन ।" देवकोटा प्रदेश संरचनामा गइसकेपछि अब पनि संघलाई मात्र दोष दिएर प्रदेश सरकार उम्कने ठाउँ नरहेको बताउँछन् ।

कर्णाली प्रदेशका आर्थिक मामिलामन्त्री प्रकाश ज्वाला प्रदेशमा पुँजीगत खर्च गर्ने आधार बनिनसकेको जिकिर गर्छन् । भन्छन्, "कतिपय कार्यविधि बनाउन बाँकी छ । पर्याप्त कर्मचारी छैनन् ।"

आफ्नै उचाइमा सगरमाथा

नेपाल-चीनको संयुक्त प्रयासमा सर्वोच्च चुलीको नयाँ उचाइ घोषणा हुँदै

योगेश ढकाल

'नेपाल र चीनबीच माउन्ट एभरेस्टको चुचुरोप्रति आ-आफ्नै दाबी छ, यसलाई कसरी सल्टाउनुहुन्छ ?' एक अमेरिकी पत्रकारको प्रश्न नेपाल भ्रमणमा रहेका चिनियाँ प्रधानमन्त्री चाउ एन लाइप्रति लक्षित थियो। सिंहदरबार ग्यालरीको पत्रकार सम्मेलनमा देशविदेशका पत्रकारको भीडबाट आएको त्यो प्रश्न सुनिरहेका प्रधानमन्त्रीको साथमै थिए, जननिर्वाचित प्रथम प्रधानमन्त्री बीपी कोइराला।

प्रधानमन्त्री कोइराला इतिहासकार बाबुराम आचार्यको अध्ययनका आधारमा नामसहित चुचुरोको चट्टानी अडानमा थिए। प्रधानमन्त्री कोइरालाको अडान खण्डित गर्न त्यतिबेला चिनियाँ सरकार पनि लागेकै थियो। नेपाल-चीनबीचको त्यो रस्साकस्सी देखेबुझेका ती अमेरिकी पत्रकारको प्रश्न अस्वाभाविक थिएन। दुई प्रधानमन्त्रीको संयुक्त पत्रकार सम्मेलनमा सगरमाथाको प्रश्न सोध्ने उपयुक्त थलो थियो।

सगरमाथामाथिको अन्तर्राष्ट्रिय राजनीति बुझेका प्रधानमन्त्री चाउ एन लाइले ती पत्रकारलाई प्रश्न दोहोर्‍याउन लगाए। अमेरिकी पत्रकारले प्रश्न दोहोर्‍याए। दोस्रो पटकको प्रश्न पनि नबुझेझैँ गरी तेहर्‍याउन लगाए। तेस्रो पटक मात्रै प्रधानमन्त्री चाउ एनले जवाफ दिन खोजे। भने, 'तपाईंले सगरमाथाको विषयमा प्रश्न गरेझैँ लाग्यो, चीनको झोमोलोङ्मा र नेपालको सगरमाथा 'मित्रताको प्रतीक' हो र हामी मिलेर सल्टाउँछौँ। तर मलाई माउन्ट एभरेस्टबारे जानकारी छैन।'

कूटनीतिज्ञ मिलन तुलाधरले यी सन्दर्भ उप्काइरहेको समय २६-२९ अप्रिल १९६० को हो, जतिबेला चाउ एन लाइ नेपालको दोस्रो भ्रमणमा थिए। प्रधानमन्त्री चाउ एन लाइले ती अमेरिकी पत्रकारलाई जानाजान प्रश्न तेहर्‍याउन लगाएका थिए। सगरमाथामाथिको राजनीति बुझेका प्रधानमन्त्री चाउ एन र नेपालका समकक्षी कोइराला पनि बेलायती भूगर्भशास्त्री जर्ज एभरेस्टको नामबाट सगरमाथा वा झोमोलोङ्मा चिन्न चाहन्नथे। कूटनीतिज्ञ तुलाधरको भनाइमा तिब्बती भाषाको चोमोलोङ्मासम्म स्वीकार गरेको चीन बेलायती नामबाट सगरमाथा नामकरण भएको सुन्न नचाहेकै संकेत दिन ती पत्रकारलाई प्रश्न तेहर्‍याउन लगाएका थिए।

त्यतिबेला प्रधानमन्त्री चाउ एनको सांकेतिक प्रतिरोध पछिल्ला ६० वर्ष कति उपयोगी भयो, बेग्लै कुरा हो। तर चीन अहिले पनि सगरमाथालाई माउन्ट एभरेस्ट भन्न रुचाउँदैन भन्ने संकेतचाहिँ १२-१२ अक्टोबर २०१९ को चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणमा पनि मिल्यो। त्यसलाई बुझाउन दुई देशबीच भएको १४ बुँदे समझदारीको ८ औँ बुँदा पढ्दा पुग्छ। त्यस बुँदामा भनिएको थियो- सगरमाथा/झोमोलोङ्माको अन्तर्राष्ट्रिय प्रवर्द्धनमा जोड दिने। जलवायु


8. *Recognizing that* Mount Sagarmatha /Zhumulangma is an eternal symbol of the friendship between Nepal and China, the two sides will promote cooperation in different fields, including addressing climate change and protecting the environment. They will jointly announce the height of the Mount Sagarmatha/Zhumulangma and conduct scientific researches.

^नेपाल-चीनबीच भएको १४ बुँदे समझदारीको आठौँ बुँदा

परिवर्तनबाट जोगाउने। सगरमाथाको उचाइ संयुक्त रूपमा घोषणा गर्ने।

आठौँ नम्बरको बुँदा नेपालको संशयको सम्बोधन पनि थियो। आफैँले सगरमाथाको उचाइ नाप्दा चीनले मान्यता दिन्छ कि दिँदैन भन्ने संशयको निरुपण मात्र थिएन, स्थानीय नामलाई प्रचारित गर्ने र माउन्ट एभरेस्टलाई मान्यता नदिने। यी दुई सन्देशका लागि काफी त्यो बुँदाले यसअघि बेलायत, भारत, अमेरिका, डेनमार्क, इटालीलगायत देशले १० पटकसम्म नापिएको उचाइमाथिको पुनरावलोकनमा नेपाल-चीनबीचको संयुक्त सहमति दियो। यसअघि चीनले दुई पटक सगरमाथाको उचाइ नापिसकेको थियो र २ सय वर्षको इतिहासमा नेपाल पहिलो पटक नाप्दै छ, यो वर्ष।

सन् २००५ मा दोस्रो पटक नापेर चीनले सगरमाथाको उचाइ ८ हजार ८ सय ४४ मिटर भन्यो र त्यसलाई मान्यता दिन विश्व पर्वतारोहण महासंघमा निवेदन पनि दियो, २००७ तिर। यो उचाइबारे महासंघले निर्णय गरिसकेको थिएन, चीनले आफ्नो नयाँ नापअनुसार उत्तरी मोहडाबाट सगरमाथा आरोहण गर्नेलाई त्यहीअनुसारको उचाइ उल्लेख गरेर प्रमाणपत्र प्रदान गर्‍यो। यो क्रम सन् २०१५ सम्म कायम रह्यो। अमेरिकाले त त्यही बेला सगरमाथाको उचाइ २ मिटर बढेको सार्वजनिक गर्‍यो। सन् १९९१-१९९९ अर्थात् झन्डै ८ वर्ष लगाएर अमेरिकाको नेसनल जिओग्राफी अफ सोसाइटीले डा वासवर्नको नेतृत्वमा सन् २००१ मा सगरमाथाको उचाइ २ मिटर बढेको अर्थात् ८ हजार ८ सय ५० मिटर सार्वजनिक गर्‍यो।

नेपाल र चीनलाई जानकारीसमेत नदिई उचाइ मात्र सार्वजनिक गरेन, मान्यताका लागि विश्व पर्वतारोहण महासंघमा निवेदनसमेत दियो, अमेरिकाले। उक्त प्रयासलाई काउन्टर गर्न चीनले सन् २००५ मा सगरमाथाको उचाइ नापेर २००७ मा महासंघमा पुगेको थियो। तर २००५ मै अमेरिकी प्रस्ताव महासंघमा पुगिसकेको थियो। दुई शक्ति राष्ट्रको चेपुवामा परेको महासंघले निर्णय गर्न सकेन, जसले गर्दा सर्भे अफ इन्डियाले वी एल गल्टिनको नेतृत्वमा सन् १९५४ मा निकालेको ८ हजार ८ सय ४८ मिटर नै कायम भइरह्यो। त्यतिबेला दुवै देशको चेपुवामा नपर्ने नीति लिएको महासंघका तत्कालीन सदस्य आङछिरिङ शेर्पा बताउँछन्।

"शक्ति राष्ट्रको चेपुवामा पर्नुभन्दा जुन देशले जे कायम गर्छन्, त्यसैलाई मान्ने मध्यमार्गी निर्णय गरिदियो," शेर्पा भन्छन्, "अमेरिका, चीन वा नेपालले जुन-जुन उचाइ दाबी गर्छन्, महासंघ त्यसमा नमुछिने बरु ती सबै प्रमाणपत्र स्वीकार गर्ने मनस्थितिमा पुग्यो।"

चीनले एकलौटी तबरमा झन्डै ९ वर्ष आफ्नो उचाइको आधारमा सगरमाथा आरोहणको प्रमाणपत्र वितरण गर्‍यो। संसारका हरेक संरचनाले सगरमाथाको उचाइ ८ हजार ८ सय ४८ मिटर नै मानेका छन्।

एक दशकभन्दा लामो प्रयास असफल भएपछि चीन नेपालले गत वर्षबाट नाप्न थालेको सगरमाथाको उचाइलाई संयुक्त रूपमा घोषणा गर्न सहमति जनायो। यो सहमतिले नेपालको कूटनीतिक सफलता प्रदर्शित गर्थ्यो भने चीनलाई अमेरिकी प्रयासको काउन्टर।

नेपाल-चीनले संयुक्त रूपमा सगरमाथाको नयाँ उचाइ घोषणा गर्दा विगतमा सर्भे अफ इन्डियाको उचाइले मान्यता पाउने छैन। विश्व पर्वतारोहण महासंघले पनि दुई देशको सहमतिमा आएको सगरमाथाको उचाइलाई मान्यता दिन सहज हुनेछ। नेपाल-चीन उचाइ मात्र होइन, नाम पनि नेपाली र चिनियाँलाई नै प्रचारित गर्न चाहन्छन्, माउन्ट एभरेस्ट विस्थापित गरेर।

राष्ट्रपति सी चिनफिङको भ्रमणमा 'सगरमाथा/झोमोलोङ्माको देशमा चिनियाँ राष्ट्रपतिलाई स्वागत छ' लेखिएको द्वारले नेपालको प्रयास पनि त्यही देखाउँछ। साथै, नेपालले 'सगरमाथा संवाद' भनेर अन्तर्राष्ट्रिय कार्यक्रम राख्दै छ। चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमण बेलाका स्वागत गेट, दुई देशबीचको सम्झौताको आठौँ बुँदा र नेपालको कूटनीतिक संवादको थलो सगरमाथा संवाद। यी तीन घटनाले नै पुष्टि गर्छ, नेपाल र चीन अब एभरेस्ट होइन, सगरमाथामै जोड दिन्छन्।

पहिलो पटक नेपालले सगरमाथाको उचाइ नाप्दै छ र अबको ३ महिनापछि सार्वजनिक गर्नेछ। नापी विभागका अधिकृत सुशील डंगोलका अनुसार स्थलगत सर्भेको काम सम्पन्न भइसकेको छ। करिब ५० जनाको जनशक्ति सगरमाथा नाप्ने काममा खटिएको छ।

"तथ्यांक प्रोसेसिङको काम भइरहेको छ, अबको ३ महिनामा परिणाम आउँछ," डंगोल भन्छन्। तर त्यो उचाइ भने नेपाल र चीनले संयुक्त रूपमा घोषणा गर्नेछन्, सी सम्झौताअनुसार। डंगोलका अनुसार चिनियाँ पक्षले सगरमाथाको उचाइ नाप्ने क्रममा भएका कुनै पनि अध्ययन, अनुसन्धानका काममा चासो राखेको छैन।

दुई देशको सहमतिमा घोषणा हुने उचाइलाई विश्व पर्वतारोहण महासंघले मान्यता दिँदा नेपालको प्राविधिक ज्ञान मात्रले मान्यता पाउने छैन, नेपाली जनशक्तिको मनोबल पनि उच्च हुनेछ र आफ्नो भूमिको सगरमाथा पहिलो पटक नापेर आफ्नै पहिचान स्थापित गरी उचाइ सार्वजनिक हुनेछ। ने

जनआन्दोलन सफल भएपछि दरबारमार्गस्थित महेन्द्र सालिकमा दलका झन्डाहरू राख्दै आन्दोलनकारी, ०४६

लोकतन्त्र
७० मा टुकुटुकु

चैतन्य मिश्र

सात दशकयता बन्दै, बिग्रँदै र फेरि बन्दै गरेको लोकतन्त्रबारे विवेचना

१. लोकतन्त्र हुनु र नहुनुले जीवन र समाजको प्रकृति र गति भिन्दै विपरीत किसिमले रचिने हुन्छ। भौतिक जगत्‌को प्रकृतिबोध गर्नसमेत लोकतन्त्र हुनु र नहुनुले ठूलो फरक पार्छ।

यस लेखमा सात दशकयता बन्दै, बिग्रँदै र फेरि बन्दै गरेको लोकतन्त्रको ऐतिहासिक शृंखलाबारे विवेचना गरिएको छ। यसो गर्दा मुख्यगरी लोकतन्त्रका कारणहरूबारे ध्यान दिइएको छ। यसको आधारमा लोकतन्त्रको भविष्यबारे पनि केही आकलन गरिएको छ।

विषय प्रवेश गर्नुअघि लोकतन्त्रबारेका दुइटा प्रासांगिक धारणाबारे छोटो विमर्श आवश्यक छ। पहिलो- यस्तो धारणा लोकतन्त्रको कारकतत्त्वबारेको हो। नेपालमा र विश्वका अन्य मुलुकहरूमा पनि लोकतन्त्रको उद्‌भव तथा अवसानका कारकतत्त्वबारेको आम धारणा अमूर्त, अन्योलपूर्ण र रहस्यात्मक रहेको छ। हामी लोकतन्त्र 'आयो', 'गयो', 'पुनर्स्थापित भयो' आदि भन्ने गर्छौं। मानौं, लोकतन्त्र गोडा र पखेँटासहितको जीव हो। र, ऊ यत्रतत्र विचरण गर्न स्वतन्त्र छ। मानौं, लोकतन्त्र यस्तो जीव हो, जसमा स्वेच्छा र स्वविवेक छ। अर्थतन्त्र, राजनीति, संस्कृति आदिको विशिष्ट प्रकृति र बहाव लोकतन्त्रको उद्‌भव, विकास तथा अवसानसँग गासिँएको छ। अर्थात्, उद्‌भव, विकास र अवसान समाजको प्रकृति एवं बहावसँग गाँसिएको छ। यसो हुँदाहुँदै पनि आम धारणा भने लोकतन्त्रको आधार खोज्नेतर्फ उन्मुख हुँदैन। बढीसेबढी लोकतन्त्रको उद्‌भव, विकास तथा अवसानलाई राजनीतिक दल वा शक्ति, नेता र पछिल्लो कालमा नागरिक समाजसँग जोडेको पाइन्छ। राजनीतिक दल वा शक्ति, नेता आदि लोकतन्त्रको उद्‌भव र अवसानका विशिष्ट अवस्थासँग गाँसिएका हुन्छन्। तर लोकतन्त्र उम्रने 'माटो' विशिष्ट आर्थिक, राजनीतिक, सांस्कृतिक, विचारधारात्मक संरचना, अन्तर्राष्ट्रिय प्रभाव र ती सबैको ऐतिहासिक बहावको प्रकृति हो। दल, नेता आदि माली बन्न सक्छन् तर 'माटो' विशिष्ट, ऐतिहासिक

संरचना नै हो । माटो चिन्न गम्भीर प्रयत्न नगर्ने र त्यसमाथि माली हावी हुने प्रवृत्ति प्रबल हुँदा पनि नेपालको लोकतन्त्रले हन्डर खाएको हो ।

दोस्रो- प्रासांगिक धारणामा लोकतन्त्रको परिभाषा र मानकहरूका विवादबारे हो । 'राणा लोकतन्त्र' को प्रसंग त नेपालमा उठेन तर राजतन्त्रात्मक प्रजातन्त्र र राजसंस्थासहितको 'बेबी किङ' लोकतन्त्रको आभास एवं कल्पना त भएकै हो । यसैगरी सोभियत जनवाद, माओवादीको नौलो जनवाद आदिलाई लोकतन्त्रको रूपमा बुझ्नेहरूको पनि यहाँ कमी रहेन । साथै, अधिकांश माथिल्लो वर्ग, जाति, लिंग, कुल-वंश आदिको भलाइ गर्ने र त्यसबाट दायाँबायाँ हुँदै कोकोहोलो मच्याउने व्यवस्थालाई लोकतन्त्र भन्नेहरूको पनि बोलवाला रहिरह्यो ।

नेपालमा राजतन्त्र र माओवादको अवसानपछि लोकतन्त्रको मूल र सहायक मानकहरूबारे धेरै हदमा मतैक्य बनेको छ । बालिग मताधिकारमा आधारित शासन व्यवस्था यसमध्ये प्रमुख हो । बहुदलीयता, संगठन र वाक् स्वतन्त्रता, आधारभूत नागरिक अधिकार आदि महत्त्वपूर्ण मानकहरूमा पनि मतैक्य छ । संवैधानिक र कानुनी दृष्टिकोणले त मतैक्य झन् बलियो छ । तर पनि 'पुरानो बानी खारेज गर्न गाह्रो पर्छ' भनेझैँ गरी उपल्ला तहका नेताहरूसमेत बेलाबेलामा अतीतमुखी हुने गरेको देखिएको छ । नेता-विशेष मात्र नभएर दलका घोषणापत्रका बुँदाहरू नै आफूले बनाएको नेपालको संविधानको अन्तरविरोधी र त्यसलाई घात गर्ने प्रवृत्तिसहितका छन् । उता, कुनाकन्दरामा सीधै 'स्वर्गको ढोका खोल्न सक्छु, लोकतान्त्रिक बाटो वाहियात हो' भन्नेहरू पनि छन् । हाल यी खाले सबै प्रवृत्तिहरू कमजोर छन् । तर लोकतन्त्रलाई फराकिलो र फलदायी बनाइरहन सक्दा मात्र यिनको गति रोकिने हुन्छ ।

२. समाज सापेक्षिक हिसाबले केही खुकुलो भएका बखत नवीन सपना बुन्न सुरु हुन्छ । आर्थिक, राजनीतिक, सांस्कृतिकलगायत जातीय, लैंगिक, वर्गीय सुधारले केही व्यक्ति, तप्का, समूह आदिको ध्यानाकृष्ट गर्दछ । र, सोअनुरूपको कर्म गर्न प्रेरित गर्छ । सत्ताधारीहरूलाई आफैँबीचको वैमनस्यले पनि यस्तो परिस्थिति र प्रेरणा दिन्छ । घर, छिमेकमा हावी हुँदै गरेको अभ्यासले पनि यस्तो परिस्थिति र प्रेरणा खडा गर्छ । कतिपय खण्डमा यस्तो परिस्थिति र त्यसको बाधक शक्ति लोकतन्त्रको उद्‌भव अथवा अवसानका लागि झन्डै बाध्यकारी सावित हुन्छ । आर्थिक, राजनीतिक, सांस्कृतिक, व्यावहारिक सुधारका प्रयास अन्तझैँ नेपालमा पनि लामो कालदेखि भइरहेका हुन् । आठ दशकभन्दा अघितिर पनि सांस्कृतिक परिवर्तनको माग राख्दै योगमाया र उनका अनुयायीहरू सहिद भए । मकै पर्व आदि छिटफुट अन्य घटना पनि घट्न थाले । तर समग्र परिवर्तनका लागि संगठित आन्दोलन गर्ने पहिलो शक्ति प्रजा परिषद् बन्यो । वीरहरूको सहादतपछि राजनीतिक उपक्रम ००७ तर्फ अघि बढ्यो ।

००७ को परिवर्तन पछाडिको स्थानीय र आम कथा यही हो । तर यो कथाले सहर र सत्ताबीचको द्वन्द्व पक्डिँदैन । उच्च वर्गभित्रै र उच्च तथा मध्यम वर्गबीचको द्वन्द्व समात्दैन । राणा कुलभित्रै यथेष्ट द्वन्द्व अघि बढ्दै थियो । राणा र शाहबीच द्वन्द्व चरम चुलीमा पुगेको थियो । बागीहरू सहरी मात्रै थिएनन्, उच्च र मध्यम वर्गका कतिपय दरबारसँग राम्रै बसउठ भएका परिवारका पनि थिए ।

तर ००७ सीमित सहरहरू र त्यहाँका पनि गिनेचुनेका परिवार तथा बासिन्दाबीचको द्वन्द्व थियो । यद्यपि त्यसले बोकेको राजनीतिक र अन्य कार्यक्रमको क्षितिज व्यापक थियो ।

हामी स्थानिक र तात्कालिक कथा हाल्न खप्पिस छौँ । यसैमा चित्त बुझाउँछौँ । जे स्थानिक र तात्कालिक हो, त्यो सरल र बोधगम्य हुन्छ । तर त्यो साह्रै सीमित पनि हुन्छ । हरेक स्थानिक व्यापकको अंश हो । हरेक तात्कालिक इतिहासको एउटा विशिष्ट क्षण र अंश हो । '२००७' को स्थानिक माप यस अर्थमा विश्व ऐतिहासिक व्यापकताबाट यो लोकतन्त्रको सम्भवतः पहिलो परिघटना र नेपाललाई पृथक पारेर बुझ्ने चेष्टा पनि हो । '२००७' को कथनले के लुकाउँछ भने ००७, प्रजा परिषद्, सहिद काण्ड आदि दोस्रो विश्वयुद्धताका र त्यसलगत्तै चल्दै गरेको उपनिवेश व्यवस्थाविरोधीलगायत गैरऔपनिवेशिक तथा राष्ट्रिय स्वाधीनताको जगेर्ना गर्ने विश्व तहको ज्वारभाटाको अंश थियो । यो ज्वारभाटाका धेरै विश्व ऐतिहासिक पाटा थिए । यी सबै पाटाहरू ००७ को परिघटनामा केही न केही अंशमा प्रयुक्त थिए । खासगरी भारतमा चलेको 'देश छोडो' आन्दोलन ००७ का लागि महत्त्वपूर्ण थियो । भारतमा गएका नेपाली महत्त्वपूर्ण थिए । स्वतन्त्र भारतको उदय उत्तिकै महत्त्वपूर्ण थियो । साथै, सन् १९४९ मा साम्यवादी चीनको उदय, चिनियाँ साम्यवादको विस्तारको अमेरिका/पश्चिमा तथा भारतीय सरकारको विकराल भय अनि तयारी र त्यसको अंशको रूपमा गरिएको 'नेपाल-भारत 'मैत्री' सन्धिसमेत ००७ परिवर्तनका कारकमध्ये हुन् ।

ज्ञातव्य छ, भारतले योभन्दा कडा सन्धि सिक्किम र भुटानसँग अघिल्लो वर्ष नै गरेको थियो । यो नयाँ परिस्थितिसँग जुध्न भारतलगायत पश्चिमा पुँजीवादी मुलुकहरूलाई त्यति नै आवश्यक थियो, जति एउटा स्थापित जहानियाँ राणा शासनलाई असफल तुल्याएर अर्को अनुगृहीत शाह जहानियाँ शासन स्थापित गर्नु । ००७ को नक्सा, सम्भावना-सीमा र केही हदमा नतिजासमेत यसरी तय भएको हो ।

००७ पछिको ८-९ वर्ष आन्तरिक होडबाजीमा बित्यो । यो होडबाजीमा एकातिर राजा र अर्कोतिर बन्दै र बिग्रँदै

गरेका दल, समूहहरू थिए । सँगसँगै राजा र भारत पनि थिए । भारतले यस अवधि खासगरी सामरिक, राजनीतिक, प्रशासनिक र आर्थिक रूपले आफूलाई नेपालभित्र सुदृढ गर्न खर्च गर्‍यो । एक्लो विश्वशक्ति अमेरिकाले चीनको प्रतिरोध गर्न सक्नेसम्म गरेर नेपालमा आफूलाई सुदृढ तुल्यायो ।

नेपालको लोकतान्त्रिक इतिहासमा ०१५ को चुनाव र त्यसअन्तर्गतको राजनीतिको महत्त्वपूर्ण प्रभाव रह्यो । केहीले 'सामन्तवादी' अर्थ-राजनीति रहेको भनेर ठम्याएको र साथै राजावादी दलसमेत सक्रिय रहेको चुनावी मैदानमा लोकतान्त्रिक समाजवादको धार बोकेको नेपाली कांग्रेसले संसद्‌मा दुई तिहाइ सिट जित्यो । यसो हुनुमा धेरै कारण छन् । तर मुख्य कारण भने नेपालमा धेरैजसो परिवार र मतदाताहरू ससाना बारी-खेतका स्वामी थिए । अधिकांशको परिवार र मतदाता माथिल्लो वर्गमाथि आश्रित श्रमिक थिएनन्, बरु स्वतन्त्र किसानी गर्थे । मतदान गर्नेलगायत अन्य सबैजसो निर्णयमा उनीहरू स्वविवेक प्रयोग गर्न सबल थिए । स्वतन्त्र र अन्य श्रमिकको श्रम दोहन नगर्ने किसानीले लोकतन्त्रलाई सघाएको इतिहास उत्तरी युरोपका कतिपय मुलुक र क्षेत्रको पनि अनुभवको पाटो हो ।

प्रश्न उठ्छ, उसो भए यिनै स्वतन्त्र मतदाताहरू राजाको लोकतन्त्रविरोधी कदमविरुद्ध जाइलागेनन् त ? यो संगीन प्रश्नको उत्तर खोज्ने प्रयत्न भएकै छैन भन्दा हुन्छ । एउटै मात्रै सही तर अपूरो उत्तर दिने गरिएको छ : राजाको सैनिक शक्ति । कहिलेकाहीँ लिपुलेक, लिम्पियाधुरा र भारत पनि चर्चामा ल्याइन्छ । त्यो चर्चा प्रमाणित गर्ने जिम्मेवारीबोध भने पाइँदैन । तर भन्न सकिन्छ कि, राजा महेन्द्रको सैनिक शक्तिबाहेकका ४-५ वटा प्रयासले जाइलाग्न सक्ने सम्भावना टारिदियो । पहिलो- मुलुकी ऐन, जसले जाति, लिंग आदि भेदभावलाई कानुनी तहमा गैरकानुनी वा न्यून तुल्यायो । दोस्रो- पञ्चायती व्यवस्थाको सूत्रपात, जसमार्फत लोकतन्त्र खोसियो तर एउटा राजनीतिक खाका लागू गर्‍यो । यसअन्तर्गत कतिपय पुराना र नयाँ राजनीतिकर्मीहरूले ठाउँ बनाए वा बनाउने प्रयत्न गरे । तेस्रो- बसाइँसराइ र भूमिको स्वामित्व आर्जन । यसअन्तर्गत ठूलो मात्रामा खासगरी पहाडी क्षेत्रबाट भित्री मधेस र मधेसमा झोडा फाँड्ने तथा फाँडिएको जमिन आफ्नो स्वामित्वमा लिने प्रयासले व्यापक रूप लिन पायो । चौथो- भूमिसुधार । समालोचना नगर्ने, आलोचनाको पहाड खडा गर्ने बढ्दो चलनले त्यो भूमिसुधारमा निस्पट्ट अँध्यारोबाहेक केही देख्दैन । त्यहाँ अँध्यारा पाटाहरू पक्कै थिए : हदबन्दीले चाहिनेभन्दा बढी जग्गा ओगट्यो । हदबन्दी अधिकांशतः लागू भएन । धेरै मोहीलाई लगतबाट छुटाइयो । यी सबै निकै हदमा सत्य हुन् । भूमिसुधारले 'राज्य जमिनदारी प्रथा' खारेज गर्‍यो । 'जमिनदारी' खारेज भयो । हरेक जग्गावालको हातमा लालपुर्जा पर्‍यो र अझ सबल बन्यो । गोडा दह्रो बनायो । खासगरी पूर्वी तराईमा बटैया दर उदार रह्यो र राम्रैसँग लागू भयो । मोहियानी अधिकार सबैले पाएनन् तर उल्लेख्य हिस्साले पाए । र, जोतेको जग्गाको अंशको स्वामी बने ।

पाँचौं- राजाले केही हदमा 'विकासे राजा' को स्वरूप ग्रहण गर्न खोजे । सडक, उद्योग आदि क्षेत्रहरूमा केही उल्लेख्य काम पनि सम्पन्न भए । अन्त्यमा 'नयाँ राष्ट्रिय शिक्षा प्रणाली' लागू भयो । यसले विद्यालय स्थापना, सञ्चालनमा परोपकारी, जागरुक व्यक्ति र समूहको प्रयासलाई रोक्यो तर मुलुकभरि विद्यालयको व्यापक सञ्जाल पनि खडा गर्‍यो । धेरै शिक्षक र विद्यार्थीलाई जन्म दियो । केही उज्यालो भविष्यको आश जगायो ।

प्रतिबन्धित दलहरू, खासगरी दलका विद्यार्थी फाँट राजदरबारभित्रको 'नरम' र 'गरम' पञ्चहरूबीचको विभाजनले ०३६ सालको राजनीतिक पद्धतिबारेको जनमतसंग्रह निम्त्यायो । त्यसको विश्लेषण नेपालको राजनीतिमा खासै हुने गरेको छैन । तर लोकतन्त्रीकरणमा यसको प्रभाव दूरगामी रह्यो । उल्लेख्य हदमा ०४६ लाई ०३६ ले नै निम्त्याएको हो ।

> प्रतिबन्धित दलहरू, खासगरी दलका विद्यार्थी फाँट राजदरबारभित्रको 'नरम' र 'गरम' पञ्चहरूबीचको विभाजनले ०३६ सालको राजनीतिक पद्धतिबारेको जनमतसंग्रह निम्त्यायो ।

जनमतसंग्रहपछि बनेको राष्ट्रिय पञ्चायतको दिशा बहुदलीयतातर्फ थियो । यद्यपि अधिकांश सदस्यहरू पञ्चायती नै थिए । त्यहाँको बहसले मुलुकको राजनीतिबारेको सोच बदल्न महत्त्वपूर्ण भूमिका खेल्यो । यस अर्थमा राजतन्त्र र अपेक्षाकृत खुला राजनीति सँगसँगै हिँड्न सक्दैनन् भन्ने गरम पञ्चहरूको ठहर सत्य प्रायः निस्क्यो ।

०४६ मा बहुदलका वाहकबाहेक अरू पनि सम्मिलित थिए । राजदरबारभित्रको ठूलो अन्तरविरोध यीमध्येको एउटा पाटो थियो । पञ्चहरूबीचको फुट अर्को । बढ्दो सहरी, बसाइँ सरेर आएका विद्यार्थी र बेरोजगार श्रमिकहरू ०४६ मा यो पछिल्लो श्रेणीमा पर्ने अझ अर्को समूहको संख्या धेरै नै भइसकेको थिएन ।

यी एक किसिमका अर्धसर्वहारा भने थिए । गाउँमा जग्गा र अन्य केही सम्पत्ति भए पनि यिनीहरू त्यहाँ फर्कने गुन्जायस कमै थियो । खासगरी सांस्कृतिक क्षेत्रमा विस्तार भइरहेको कर्मचारीतन्त्रमा बढेको एकजातीय प्रभुत्वले जातिवाद जन्मने क्रम पनि सुरु भएको थियो । र, यो जातिवादी भाव सत्ताको विरुद्धमा केन्द्रित थियो । साथसाथै पञ्चायती व्यवस्थाले नै जन्माएको र हुर्काएको विद्यार्थी र शिक्षकको जमात यो व्यवस्थाविरुद्धमा खडा भएको थियो ।

०४६ वा सन् १९९० विश्व इतिहासको पनि एउटा कोसेढुंगा थियो । साम्यवादी राज्यसत्ताको विकराल कमजोरी परिलक्षित हुने यो नवीन क्रम १९७० को अन्त्यतिर पोल्यान्डबाट सुरु भयो । यसको करिब एक दशकभित्र पूर्वी युरोपका सबैजसो साम्यवादी सत्ताहरू ढले । सत्तामा

नपुगेका साम्यवादी दलहरूभित्र यो परिघटनाले पुनः विशाल मन्थन ल्यायो। पुरानो एमालेमा यही भयो। ०४६ का लागि वाम-कांग्रेस गठबन्धनका पछाडि यो विश्व ऐतिहासिक परिघटनाले महत्त्वपूर्ण भूमिका खेलेको थियो । तर सबै वाम यो पक्षमा थिएनन्- संसारभरि र नेपालमा पनि । १९८०-१९९० को युगान्तकारी ठेस लागे पनि 'गरम' वामले लेनिनवादभन्दा माओवाद रोज्यो र 'जनयुद्ध' तिर पाइला हाल्यो। माओवादले माटोको प्रकृति केलाउने चेष्टा गरेन, इतिहास छिटोभन्दा छिटो अँठ्याउने अठोट जो गरिएको थियो । यो उद्योग विश्वका ८-१० मुलुकमा सुरु भयो वा सघन तुल्याउने प्रयत्न गरियो, जसमध्ये पेरु र नेपाल मुख्य रहे। भारत, फिलिपिन्स र अन्य केही मुलुकमा पनि यी सघन बने।

पेरु र नेपालमा महत्त्वपूर्ण समानता छन् भनेर १९९२ मै एक जना विद्वानले चर्चा गरेका थिए । पेरुबाट सिक्न केही बाँकी नरहेजस्तो भयो पनि नेपालमा । दुवै पहाडी मुलुकमा पुँजीवादको औषधी 'नौलो जनवाद' र 'साम्यवाद' मा खोजियो। नेपालमा चाहिँ अमिल्दो गरीकन नौलो जनवादको इन्जिन मूलतः भारतसँगको सम्बन्धका जटिलताहरूले जन्माएको राष्ट्रवादलाई बनाइयो। जबकि माओवादी नेताहरूले 'जनयुद्ध' को सञ्चालन अधिकांशतः भारतमा बसेर र धेरै हदमा उसैको अप्रत्यक्ष निगरानीअन्तर्गत गरे । 'जनयुद्ध' को आयतन व्यापक रह्यो। यसले पूरै देश ढाक्यो र सबै देशबासीलाई छोयो । 'जनयुद्ध' को आयतन र ओजले विकार त सिर्जना गऱ्यो नै, केही परिवर्तन पनि सूत्रपात गऱ्यो । तर यी परिवर्तन माओवाद र 'जनयुद्ध' अनुरूपका थिएनन्। नौलो जनवादी सत्ता प्राप्त भएन। गणतान्त्रिक र लोकतान्त्रिक सत्ता खडा भयो। सो मूलतः पुँजीवादी पनि भयो। माओवादीले 'जनयुद्ध' को बीचमा खडा गरेको 'जातीय राज्य' प्राप्त भएन। तर यो फजुल प्रस्थापना प्रकारान्तरमा जायज र अत्यावश्यक समावेशितामा रूपान्तरित भयो । नेपाली सेनालाई राजनीतिक रंगसहितको माओवादी सेना बनाउने प्रयत्न सफल भएन। तर इच्छुक र जायज माओवादी सेना नेपाली सेनाभित्र ससम्मान प्रवेश गरे।

> लोकतन्त्र तथा जातीयता सँगसँगै हिंड्नै सक्दैनन् तथापि जातीय (र अन्य) समावेशीकरणको अभावमा लोकतन्त्र वैध र खँदिलो हुन पनि सक्दैन ।

यो पछिल्लो लोकतान्त्रिक आन्दोलनमा राजनीतिक दलहरूको सहभागिता व्यापक रह्यो । साथै, ०४६ मा भएको सहरी आन्दोलनले राष्ट्रव्यापी रूप लियो। माओवादी र दलीय पहुँचका कारण त्यसो भयो । मुख्यगरी सहर र गाउँकै पुरानो लक्ष्मणरेखा धूमिल भएको, गाउँ सहर छिरेको र सहर गाउँ पसेकाले यस्तो भयो । दरबार हत्याकाण्ड, यस परिप्रेक्ष्यमा नयाँ राजाको अवैधानिक कदमलगायत दम्भले पनि यो काम गऱ्यो ।

'जनयुद्ध' को अग्रभागमा माओवादी नेताहरू त थिए नै, त्यसको वैचारिक अग्रभागमा अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन (रिम) र भुइँतहमा पेरुको अनुभव थियो। यद्यपि भारत र अन्य मुलुकहरूमा चलेका वा जारी 'जनयुद्ध' हरू थिए। अर्थात्, वैचारिक पक्षमा माओ र चिनियाँ अनुभवका अलावा रिमको विश्लेषण तथा अन्य 'जनयुद्ध' का थलोहरूको अभ्यास एवं विश्लेषण हावी रह्यो। 'जनयुद्ध' जारी रहेको मुलुकको नाताले, नेपालसँग सुरक्षा-सन्धि गरेका मुलुकको नाताले र माओवादी नेतालाई आश्रय दिनेसमेतको नाताले भारत पाइलैपिच्छे संलग्न थियो। माओवादी 'जनयुद्ध' को सीमान्त वाम राजनीति, दाता मुलुक र संस्था रहेको, खासगरी नयाँ राजाको वैधता न्यून आँकेको, ०४६ देखि नै आन्तरिक राजनीतिमा रुमल्लिएको अनि वैदेशिक नीति तथा अभ्यासमा सरकारहरूले पूरै आँखा चिम्लिएका कारण खासगरी युरोपियन युनियन र अमेरिकाको व्यापक चासो थियो। यी सबै मुलुक तथा शक्तिसँगको सहकार्य कालान्तरमा बृहत् शान्ति सम्झौतामा टुंगियो र 'जनयुद्ध' को अवसान भयो। लोकतन्त्रीकरणले फेरि जरा हाल्यो। तर सम्झौताले 'जनयुद्ध' को मर्म पक्डेन। 'ढाडमा टेकेर टाउकोमा हान्ने' रणनीतिअनुरूप काठमाडौं कब्जा गर्ने कोसिस भइरहे । यसको पटाक्षेप काठमाडौंकै अनिश्चितकालीन बन्दमा माओवादी असफल भएपछि मात्र भयो। समयमा संविधान जारी हुन नसक्नुमा धेरै थरी तत्त्व संलग्न रहे तर मूलतः माओवादी ढुलमुलेपन यसको मुख्य पक्ष रह्यो ।

भारतको नेपालबारेको सम्भवतः दूरगामी नीति पनि प्रस्तावित संविधानसँग मेल खाएन। मूलतः भारतीय जनता पार्टी र त्यसको माउ राष्ट्रिय स्वंय सेवक संगठन हिन्दुत्ववादी रहेका कारण नेपाल धर्म निरपेक्ष नभएर हिन्दु राष्ट्र नै हुनुपर्छ भन्ने भारत सरकारको जिकिर रह्यो। फलस्वरूप प्रस्तावित धर्म निरपेक्षतासम्बन्धी संवैधानिक धारा निकै कमजोर हुने गरी पुनर्लेखन गरियो। लोकतन्त्रको स्वरूप मात्र नभएर नेपालको संघीयताको र महत्त्वपूर्ण अर्थमा नेपालको समग्रता तथा सार्वभौमसत्ताकै जातीय आधारमा विभाजन हुन सक्ने खाकालाई बल पुऱ्याइयो। यसमा भारतलगायत केही युरोपियन मुलुकहरू बलियोसँग संलग्न रहे। लोकतन्त्र तथा जातीयता सँगसँगै हिंड्नै सक्दैनन् तथापि जातीय (र अन्य) समावेशीकरणको अभावमा लोकतन्त्र वैध र खँदिलो हुन पनि सक्दैन। जात, जातीयता, विषम लैंगिक फासला र क्षेत्रीय द्वेषसमेत पालेको हालको नेपालका लागि समावेशिता एवं समताको महत्त्व उच्च रहेको छ।

३. हालको संविधानले लोकतन्त्रका सबैजसो आयामलाई पक्डेको छ । धेरैजसो आपसमा भिड्दै गरेका शक्तिहरूलाई एकत्रित गर्नु परेको र बदलिँदो लोकतान्त्रिक मूल्य-मान्यतालाई समेत समाहित गर्नु परेकाले यो संविधान

कलंकी चोक, काठमाडौँमा आन्दोलनकारी, ०६२/६३

महत्त्वाकांक्षी पनि छ । महत्त्वाकांक्षी योजना सफल पार्न दूरदृष्टि बोकेको, अनुशासित नेतृत्व र नागरिक तथा यी दुईबीचको अथक पारस्परिक संलग्नता अपरिहार्य हुन्छ । लोकतन्त्र हुर्काउन सजिलो छैन । यसले अनेकन अनपेक्षित कोणहरूबाट भइरहेका प्रहार खेप्न र तिनबाट सिक्दै जान सक्ने हुनुपर्छ । त्यसका अलावा निम्न मुद्दाहरू लोकतन्त्रको सबलता र दीर्घायुका लागि महत्त्व राख्छन् ।

विधिको शासन लोकतन्त्रको मूलधार हो । यसको अक्षरश: पालना नहुँदा लोकतन्त्रमाथिको विश्वास डग्छ । कसैले भनेका छन्- लोकतन्त्र सबल तुल्याउन लोकतन्त्रबाहेक अरू व्यवस्था जायज हुन सक्छ भन्ने धारणालाई पूर्णत: त्याग गर्नुपर्छ । विश्वास डग्दा अन्य व्यवस्थाको सोच र अभ्यासले जमिन पाउँछ ।

सम्पन्नता लोकतन्त्र वैधताको मापक पनि हो । आर्थिक अवस्था उँभो लाग्दा शिर पनि ठाडो हुन्छ । शिर ठाडो पार्ने व्यवस्थाको गरिमा उच्च बन्छ । र, सो व्यवस्थाले साथी भेटाउँछ । समावेशिता र समताले लोकतन्त्रलाई फैलावट दिन्छ । हाम्रोजस्तो समाजमा खासगरी जन्मँदै बोझ बनेर निस्केका दलित, महिला, अत्यन्त गरिब आदिलाई सबल तथा समान नागरिकत्वमाथि दाबा गर्न सक्ने र त्यसलाई साकार पार्न सक्नु लोकतन्त्रलाई सबल तुल्याउनु हो । अहिले अंगीकार गरिएको समावेशिता त्यसै समताको एक अंग हो । गर्छु भनिएको र सम्पन्न गरिएको कार्यक्रमको सूचीबीचको अन्तर न्यून तुल्याउने नेतृत्व तथा व्यवस्थाप्रतिको विश्वास यो दूरीमा पनि भर पर्छ । दैनिक राजनीतिक चर्चा अधिकांशत: यसैलाई लिएर हुने गर्छ । यसले गिल्ला गर्ने संस्कृतिलाई समेत आहारा दिन्छ ।

सपना देखाउनु पनि लोकतान्त्रिक नेतृत्वको मुख्य कार्यभार हो । आफ्नै मुलुक र अन्य मुलुक, अर्थतन्त्र, संस्कृतिबाट शिक्षा तथा प्रेरणा लिने र त्यसलाई व्यक्त गर्ने परिपाटी निर्माण गर्नु भविष्य चेत सिकाउनु पनि हो । हामी र हाम्राजस्ता मुलुकबासीले वर्तमान मात्र अँध्यारो देख्दैनन्, भविष्य पनि अँध्यारो देख्छन् । आफ्नै विगतमा भएका उज्याला पक्ष र अवधिको चर्चा झन्डै हुँदै नहुने हुँदा र विकसित मुलुकको चकाचौधमा रहनुपर्ने हुँदा त्यसो हुन पुगेको हो । यो गैरऐतिहासिक अँध्यारो तोड्नुको महत्त्व उच्च छ ।

अन्त्यमा, विगत वा इतिहासले कतिपय हिसाबमा वर्तमान र भविष्यलाई व्यंग्य गर्छ भन्ने गरिन्छ । त्यस्तो एउटा व्यंग्य नेपालको राजनीतिक भ्रातृ र भगिनी संस्थासँग सम्बन्धित छ । ७० वर्षयता राजनीतिक दलहरूले मूलत: नेपालको इतिहासमा उल्लेख्य प्रगतिशील भूमिका वहन गरे । लोकतन्त्र आफैं पनि मूलत: दलहरूले सञ्चालन गर्ने व्यवस्था हो । तर हाल दलको दबदबा यति गहिऱ्याइएको छ कि स्वविवेकी नागरिकको खडेरी नै परेको छ । दलका प्रतिनिधिले के भन्लान्, दल र सरकारबाट केही झार्न सकिन्छ कि, दलमै उल्लेख्य ठाउँ ओगट्न पाइन्छ कि, पदोन्नति हुन्छ कि, पेन्सनपछि पनि पद पाइन्छ कि, कर कम गर्न सकिन्छ कि आदिले गाँज्दा दल तथा यिनका हातगोडाले साथ दिँदा र च्याप्दा नागरिक स्वतन्त्रता, स्वविवेक, समालोचनात्मक दृष्टिकोण, व्यवसायधर्मिता, उत्कृष्टता आदि सबै बन्धकमा परेका छन् । यी सबै लोकतन्त्रका ऐँजेरु हुन् ।

दलहरू सदस्यता, केन्द्रीय समितिको आयतन आदि विस्तार गर्ने क्रम र होडमा छन् । दल र भ्रातृ, भगिनी संस्थाहरूको विस्तारले स्वविवेकी नागरिकलाई मूर्छा नपारोस् भन्ने हेक्का राख्नु सर्वथा उचित भइसकेको छ । नत्र 'चन्दा', हप्ता, कमिसन, ठेक्का, घुसखोरी खादिको होडले दल चिराचिरा पार्ने र सिंगो राजनीतिक चेत सखाप हुने यथेष्ट सम्भावना छ । त्यसो हुँदा ७० वर्षमा बल्ल टुकुटुकु गर्दै गरेको लोकतन्त्र थचक्क पर्ने आकलन सहजै गर्न सकिन्छ । यो प्रणाली छिमल्न अत्यावश्यक भइसकेको छ । ने

नेपाल सर्वेक्षण ०७६

लोकतन्त्रलाई दलकै चुनौती

नेपाल सर्वेक्षण ०७६ भन्छ– लोकतन्त्रलाई दरबार र विदेशीबाट होइन, जनताले चुनेका दलहरूबाट बढी चुनौती छ

बसन्त बस्नेत । जनक नेपाल । योगेश ढकाल

नेताहरू बारम्बार भन्छन्– लोकतन्त्र खतरामा छ। कहिले दरबारलाई देखाउँदै खतराको चेतावनी दिन्छन् त कहिले विदेशी 'तत्त्व' औंल्याउनसमेत पछि पर्दैनन्।

कतिपयलाई लाग्दो हो– दुई-दुईपल्ट हरण गरिएको लोकतन्त्र फेरि पनि अपहरणमा पर्न के बेर ! *नेपाल* सर्वेक्षणमा यही प्रश्न एकपल्ट सर्वसाधारणलाई सोधिहेर्दा नतिजा अलिकति भिन्न निस्कियो– आज संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरूपमा देखा परेको प्रजातन्त्रलाई अरू कोहीबाट होइन, स्वयं यसका सञ्चालकहरूबाट खतरा बढी छ। अर्थात्, जनताले चुनेका प्रतिनिधि र तिनले चुनेको सत्ता-संरचनाबाटै लोकतन्त्रलाई चुनौती छ।

यस्तो पनि हुन सक्ला त ? जुन पार्टीहरूले लोकतन्त्रकै लागि दशकौंसम्म अविच्छिन्न संघर्ष गरे, तिनीहरूबाटै लोकतन्त्र खतरामा किन ?

सत्ता सञ्चालकका अदूरदर्शी, स्वेच्छाचारी क्रियाकलाप, प्रतिपक्षको दिक्कलाग्दो मौनता, सत्ताको आडमा कस्न खोजिएको प्रेस अनि निरुपाय नागरिक समाज– हाम्रो लोकतन्त्रका लागि खतरा बनेर उभिँदै छन्।

हामी विश्वभरि उदाइरहेका दक्षिणपन्थी तथा उग्रवामपन्थी शासकहरूको लामै सूची थमाउन सक्छौं, जसले आफ्नो देशको लोकतन्त्रलाई कि त सिध्याएका छन्, कि नियन्त्रित हालतमा छाडेका छन्। नेपाली लोकतन्त्रको ताजा हाल बुझ्न *नेपाल*को केही महिनाअघिको आवरण कथा 'नियन्त्रित गणतन्त्र' पढे पुग्छ।

००७ को क्रान्तिदेखि सुरु लोकतान्त्रिक आन्दोलन ०६२/६३ सम्म आइपुग्दा राजनीतिक दलहरूले धेरै उतारचढाव पार गरे पनि त्यसबाट केही सिकेको भने देखिँदैन। सशस्त्र क्रान्तिबाट स्थापित प्रजातन्त्र एक दशक पनि टिकेन। ०१७ मा राजा महेन्द्रले सैन्य बलमा दुई तिहाइ बहुमतको जननिर्वाचित सरकार अपदस्थ गरी पञ्चायती प्रजातन्त्र नामको प्रत्यक्ष शासन लादे। ०३६ मा जनमतसंग्रह गरिए पनि सुधारिएको पञ्चायती प्रजातन्त्र नै लागू भयो, बहुदलीय प्रजातन्त्रको विचार पराजित भयो।

०४६ को जनआन्दोलनबाट प्रजातन्त्र पुनःस्थापना भए पनि केही वर्षभित्रै राजनीतिक अस्थिरताको बीजारोपण हुन गयो। माओवादी सशस्त्र द्वन्द्व त्यसमा थपिन गएको थियो। ०५८ को नारायणहिटी दरबार हत्याकाण्डपछि उदाएका राजा ज्ञानेन्द्रले राजनीतिक अस्थिरतामा आफ्नो आवश्यकता देख्न थाले। ०५९ देखि दुई वर्षको शृंखलाबद्ध तयारीपछि उनले १९ माघ ०६१ मा शासनसत्ता आफ्नो हातमा लिए।

दाजु वीरेन्द्रजस्तो टुलुटुलु हेरेर नबस्ने बरु पिता महेन्द्रजस्तो केही गर्ने भनी आफ्नो महिमामण्डन गर्दै आएका ती राजाले दलहरूलाई पुनः संघर्षको बाटोमा पठाइदिए। राजाको यो कदम नै इतिहासको त्यस्तो पानीढलो बन्न पुग्यो, जसले ००७ मा 'श्री ५ को वैधानिक नायकत्वमा नेपाली जनताको सार्वभौमसत्ता' स्थापना गर्ने राजनीतिक सम्झौताको अन्त्य गरिदियो।

आफूलाई सर्वोपरि ठान्ने राजाको महत्त्वाकांक्षाविरुद्ध फेरि एकपल्ट जनताले विद्रोह गरे। आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र त्यही राजाबेगरको प्रजातन्त्र हो, जो ००७ को क्रान्तिबाट ०६३ सम्म साथसाथै आएको थियो।

लोकतान्त्रिक गणतन्त्र आए पनि नागरिकका असन्तुष्टि अझै सकिएका छैनन्। के ती नित्य चलिरहने प्रक्रिया हुन्, जसलाई झेल्नु र झेलिरहनु यो व्यवस्थाको नियतिमै लेखिएको छ ? राजनीतिशास्त्री हरि शर्माको विचार छ, "असन्तुष्ट हुनु नागरिकको चरित्र नै हो। लोकतन्त्रमा नागरिक सन्तुष्ट भएर बसिरहे भने प्रगति र परिवर्तनको बाटो नै रोकिन्छ।"

गत साताको एक बिहान मध्यबानेश्वरस्थित आफ्नो कार्यालयको चउरमा *नेपाल*सँग कुरा गर्दै शर्माले लोकतन्त्र र नागरिक असन्तुष्टिबीचको अन्तर्सम्बन्ध अर्थ्याए। उनले हाम्रो लोकतन्त्रमा सुन्ने संस्कृतिको अभाव रहेको औंल्याए। "सुन्ने र सुनेको छु भन्ने आभास दिलाउने दायित्व सरकार र दलहरूको हो। त्यसपछि सानोतिनो भए पनि सकेको काम गर्‍यो भने जनतासँग सत्तालाई संवाद गर्न सजिलो हुन्छ," उनले भने।

२ फागुनमा राजधानीमा आयोजित 'टफ टक तपाईंसँग' अन्तरसंवादमा विश्लेषक सीके लालले वादविवाद हुने गरे पनि हामीकहाँ संवाद गर्ने संस्कृति नभएकै कारण जनता लोकतन्त्रका सञ्चालकहरूसँग असन्तुष्ट रहेको बताए। "दलहरू व्यासासनमा बसेर प्रवचन दिने पण्डितजस्ता भए, जनता तलै छुटे," पत्रकार दिलभूषण पाठकका जिज्ञासाको जवाफ दिने क्रममा लालले भने, "दलहरूले पुराना शासकहरूको शैली अहिलेसम्म बदल्न सकेका छैनन्। यसले त झन् असन्तुष्टि बढाउँछ।"

देशले आर्थिक फड्को मार्न नसक्नुमा राजनीतिक अस्थिरतासँगै

भिजनविहीन नेतृत्वलाई सर्वसाधारणले कारण मानेका छन्। लोकतन्त्र र विकास अन्तरसम्बन्धित छन्। त्यसैले मुलुकले आर्थिक फड्को मार्न नसक्नुले पनि लोकतन्त्र सबल ढंगले अघि नबढेको देखाउँछ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल आम नागरिक प्रजातान्त्रिक प्रणालीभन्दा त्यसलाई हाँक्ने पात्रप्रति असन्तुष्ट रहेकाले दलकै कारण प्रजातन्त्र खतरामा रहेको औँल्याउनु सही ठान्छन्। भन्छन्, "प्रजातन्त्र, विकास वा संघीयता जे भने पनि सिद्धान्तले मात्र हुने रहेनछ। व्यवहारमा उतार्न पात्रले खेल्ने भूमिका मुख्य हुन्छ। अहिले पात्रका कारण प्रजातन्त्रले दोष पाएको हो।"

बाह्य शक्तिबाट हुने खतरामा मूलतः प्रदेश २ को जनमत बढी देखिन्छ। कर्णाली प्रदेशबाट पनि उस्तै उत्तर आउनु रोचक छ। प्रदेश २ भन्छ, 'देशले आर्थिक फड्को मार्न नसक्नुमा केन्द्रीकृत शासन व्यवस्थाभन्दा बढी भिजनविहीन नेता र प्रतिबद्धताको कमी छ।' बाग्मती प्रदेशका उत्तरदातामध्ये अधिकांशले वर्तमान सरकार औसत रहेको औँल्याएका छन्।

उसो त बितेका सात दशकमा लोकतन्त्रसँगै जनताको जीवनस्तरमा पनि सुधारका प्रस्ट संकेत देखिन्छन्। गाउँसम्मै खानेपानी, बिजुली, सडक र सञ्चार सुविधा पुगेका छन्। माध्यमिक र उच्च शिक्षालयहरू खुलेका छन्। तर लोकतान्त्रिक अभ्यासप्रति आम नागरिक असन्तुष्ट रहेको सर्वेक्षणले देखाउँछ।

सुशासन र विधिको शासनमा उल्लेख्य प्रगति नदेखिएकाले नागरिक असन्तुष्टि बढेको ठान्छन्, विश्लेषक अजयभद्र खनाल। "लोकतन्त्रका उपलब्धिबारे भिन्नभिन्न बुझाइ छन्," उनी भन्छन्, "असन्तुष्टिको मात्रा गाउँमा भन्दा ज्यादा सहरमा देखिन्छ। ग्रामीण बासिन्दा तुलनात्मक रूपमा सन्तुष्ट र आशावादी देखिन्छन्।"

वर्तमान सरकारका काम-कारबाहीलाई नियन्त्रणकारी ठान्ने मत धेरै छ। सरकारले अघि बढाएका पछिल्ला विधेयक र निर्देशन त्यसको कारक रहेको ठान्छन्, विश्लेषक खनाल। भन्छन्, "सत्तामा जो छ, उसैबाट खतरा हुने हो। लोकतन्त्रलाई खतरामुक्त बनाउन राजनीतिक पार्टीहरूमा पनि सत्तासीन दलका गतिविधि महत्त्वपूर्ण हुन्छन्।"

पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेल पनि सरकारको भूमिका अनुशासन कायम गर्ने नाममा बढी नियन्त्रणकारीजस्तो देखिएकाले त्यसको प्रतिविम्ब सर्वेक्षणमा आएको तर्क गर्छन्। "पार्टीहरूले संघर्ष गर्न जाने तर शासन गर्न जानेनन्," ००७ को क्रान्तिका सेनानी श्यामकुमार तामाङ भन्छन्, "राजनीतिक नेतृत्व सही ढंगले चलेको भए नेपालमा उहिल्यै प्रजातन्त्र स्थापित भइसक्थ्यो। जनताले यति धेरै आन्दोलन गर्नै पर्दैनथ्यो।"

जनताको अझै गुनासो

प्रजातन्त्र स्थापनाको यो ७० औँ वर्षगाँठ हो। बीचमा पञ्चायती निरंकुशतन्त्रका तीन दशक, दशक लामो माओवादी हिंसा, त्यसैको बीचमा दरबार हत्याकाण्ड अनि राजा ज्ञानेन्द्रको माघ १९ बेहोर्दै देश अघि बढेको हो। आज संघीय संरचनामा अघि बढिरहेको लोकतान्त्रिक गणतन्त्रप्रति पनि नागरिकका असन्तुष्टि सकिएका छैनन्।

व्यवस्था परिवर्तनसँगै अवस्था सुधारप्रति अपेक्षित नागरिकमा सन्तोष छैन। आधारभूत आवश्यकता पूर्तिमा मात्र होइन, बढ्दो असमानताले थप रोष प्रकट गराइरहेको देखिन्छ। त्यही असन्तुष्टि *नेपाल* सर्वेक्षण ०७६ मा प्रतिविम्बित छ।

सर्वेक्षणमा प्रजातन्त्रप्रति अपेक्षा, आशा र उत्साह महसुस गर्नेभन्दा बढ्ता असन्तुष्टि प्रकट गर्नेहरू भेटिए। 'प्रजातन्त्रका सात दशक' को *नेपाल* सर्वेक्षणमा सहभागी देशभरका उत्तरदातामध्ये ४५ दशमलव ७ प्रतिशत प्रजातान्त्रिक अभ्यासबाट सन्तुष्ट छैनन्। प्रजातन्त्र स्थापनायताका ७ दशकप्रति सन्तुष्ट हुने उत्तरदाता २५ दशमलव ७ प्रतिशत मात्रै छन्। तर त्योभन्दा बढी अर्थात् २६ दशमलव ८ प्रतिशत उत्तरदातामा भने अझै पनि आशा देखिएको छ। उनीहरू विस्तारै हुँदै छ भन्नेमा विश्वास गर्छन्। र, १ दशमलव ८ प्रतिशत उत्तरदाताले भने थाहा नभएको जवाफ दिएका छन्।







नामका लोकतान्त्रिक

लोकतन्त्रको संवाहक भनेकै राजनीतिक दलहरू हुन् । नेपालका सबै खाले लोकतान्त्रिक आन्दोलनको नेतृत्व तिनै दलहरूले गरे । लोकतान्त्रिक शासन व्यवस्थाका लागि ठूलो त्याग र बलिदान गरेका दलहरू स्वयंको आचरण भने अलोकतान्त्रिक देखिन्छ । सर्वेक्षणका झन्डै ८० प्रतिशत सहभागीले दलहरूका गतिविधि र आचरण लोकतान्त्रिक नभएको बताएका छन् । ३१ दशमलव ७ प्रतिशतले दलहरू लोकतान्त्रिक छैनन् भनेका छन् भने ४७ दशमलव ९ प्रतिशतलाई नाम मात्रै लोकतान्त्रिक लागेको छ । १५ दशमलव ३ प्रतिशतलाई मात्र दलहरू लोकतान्त्रिक लाग्छ भने ५ दशमलव १ प्रतिशतलाई थाहै छैन ।

उपलब्धि : स्वतन्त्रता

००७ को प्रजातान्त्रिक आन्दोलनसँगै आएका राजनीतिक र वाक् स्वतन्त्रताले नागरिकलाई शासनसत्तामा सहभागिता जनाउने वातावरण पैदा गर्‍यो र सत्ताप्रति असन्तुष्टि राख्ने मौका पनि दियो । भुइँतहसम्म पुगेको चेतनाको लहरले नागरिकलाई अधिकारप्रति सचेत त गरायो नै, प्रतिरोधको बल पनि पैदा गर्‍यो । त्यसको प्रतिछाया हो, स्वतन्त्रताप्रति मनमौजी ।

नेपाल सर्वेक्षणमा पनि ३० दशमलव ९ प्रतिशत उत्तरदाताले स्वतन्त्रतालाई सबैभन्दा ठूलो उपलब्धि मानेका छन् । सात दशकसम्मको प्रजातान्त्रिक आन्दोलनको दोस्रो ठूलो उपलब्धिमा चेतनालाई मानेका छन् । २६ दशमलव २ प्रतिशत नागरिकले चेतनालाई दोस्रो ठूलो उपलब्धि मानेका छन् भने २२ प्रतिशतले शासनमा जनसहभागितालाई उपलब्धि स्वीकारेका छन् । २० दशमलव ८ प्रतिशत नागरिकले शासनमा सहभागिता, चेतना र स्वतन्त्रता तीनै पक्षलाई उपलब्धि ठानेका छन् ।

दलहरू पनि स्थिरताका बाधक

प्रजातन्त्रमा नागरिकको दलप्रतिको विश्वास र भरोसा बढ्ता हुन्छ । र, आलोचनाको केन्द्रमा पनि पर्छन् । तर आशा टुसाउन पनि नपाउने गरी अविश्वास सिर्जना हुने वातावरण भने दलबाट हुनु हुँदैन । त्यही अपेक्षाले हुन सक्छ, नेपालमा नागरिकले राजनीतिक स्थिरताको बाधकका रूपमा दलीय खिचातानीलाई प्रमुख ठानेका छन् । प्रजातान्त्रिक कालखण्डमा सत्ताको छिनाझप्टीमा रुमल्लिएको र सिंहदरबार छिर्न अवैध सम्बन्धलाई पनि विस्तार गर्ने दलको प्रवृत्ति नागरिकले देखेका छन् । त्यही दलीय द्वन्द्वलाई ६९ दशमलव २ प्रतिशत नागरिकले राजनीतिक स्थिरताको बाधक ठानेका छन् ।

नेपालका हरेक गतिविधिमा चियोचर्चो गर्ने विदेशीका कारण पनि नेपालले स्थिरता पाउन नसकेको ठानेका छन्, नागरिकले । उत्तरदातामध्ये १६ दशमलव ४ प्रतिशतले बाह्य हस्तक्षेपका कारण नेपालले स्थिरता नपाएको बताएका छन् । उत्तरदाताले निर्वाचन प्रणालीलाई अस्थिरताको कारक ठानेका छन् । अहिलेको निर्वाचन प्रणालीले पैसावाल र नेताका आफन्तहरूलाई बढ्ता जिताउने देखेका १२ प्रतिशत नागरिकले यसलाई स्थिरताको बाधक मानेका छन् । उत्तरदातामध्ये २ दशमलव ८ प्रतिशतले भने तत्कालीन दरबारलाई बाधक ठानेका छन् ।

सरकार : नियन्त्रणकारी

नेकपाको सुविधाजनक बहुमतसहित गठन भएको सरकारले दुई वर्ष पूरा गरेको छ । यसबीचमा आफ्नै घोषणापत्रअनुरूप लक्ष्यहरू त हासिल भएनन् नै, उल्टै कानुन बनाएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कस्दै जान खोजेको भन्दै प्रतिपक्ष र नागरिक समूहबाट आलोचना बेहोर्दै आएको छ । *नेपाल* सर्वेक्षणका सहभागी भने सरकारप्रति अझै आशावादी देखिन्छन् । ३९ दशमलव ७ प्रतिशतलाई वर्तमान सरकारका काम-कारबाही नियन्त्रणकारी लागेका छन् । ३८ दशमलव ६ प्रतिशतले सरकारका काम-कारबाही औसत मानेका छन् भने १६ दशमलव ७ प्रतिशतले सरकारलाई जनमुखी ठानेका छन् । ४ दशमलव ९ प्रतिशतलाई सरकार कस्तो छ भन्ने नै थाहा छैन । सहभागीको प्रदेशगत उत्तर रोचक लाग्छ । प्रदेश २ का उत्तरदाताका आँखाबाट हेर्दा सरकार नियन्त्रणकारी देखिन्छ । कर्णाली प्रदेशबाट हेर्दा भने जनमुखी देखिन्छ । अनि, राजधानी काठमाडौँका उत्तरदाता यो सरकारलाई औसत ठान्छन् ।











खतरा दलहरूबाटै

विगतको अनुभवमा दरबारबाट नेपालमा प्रजातन्त्रको खतरा हुन्थ्यो । ०६५ मा गणतन्त्र आएपछि दरबारले प्रजातन्त्रको घाँटीमा घन्टी झुन्ड्याउने अवस्था रहेन । त्यही कारण नागरिक अहिलेको प्रजातन्त्रको खतरा पार्टीहरू स्वयंबाट देख्छन् । *नेपाल* सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये ५९ दशमलव ३ प्रतिशतले प्रजातन्त्र पार्टीहरूबाटै खतरामा रहेको जवाफ दिएका छन् ।

नेताहरूको आचरण, क्रियाकलाप, दैनिक गतिविधि, उठबसमा देखिने अपारदर्शी तथा शंकास्पद शैली र भ्रष्टाचार त्यसमा जोडिएको छ । दरबार नभएको अवस्थामा विदेशी हस्तक्षेपबाट पनि नेपालको प्रजातन्त्र खतरामा रहेको ठानेका छन् । १९ दशमलव ८ प्रतिशत नागरिकको मनमा बाह्य हस्तक्षेपले प्रजातन्त्र खतरामा पर्ने त्रास छ । दलहरूले भनेजस्तो तत्कालीन दरबार अर्थात् राजावादीबाट प्रजातन्त्रमा खतरा रहेको ७ दशमलव ९ प्रतिशत उत्तरदाताको जवाफ छ । तर त्योभन्दा बढी अर्थात् १३ दशमलव १ प्रतिशत नागरिकले विभिन्न अतिवादी समूहबाट प्रजातन्त्रमा खतरा देखेका छन् ।

चुनौती : राजनीतिक अस्थिरता

लोकतन्त्र स्थापनाको ७० वर्ष पुग्दासमेत देशले आर्थिक फड्को मार्न नसक्नुमा सर्वेक्षणका सहभागीले राजनीतिक अस्थिरता र भिजनविहीन नेतृत्वलाई दोष दिएका छन् । उत्तरदातामध्ये सबैभन्दा धेरै ४३ दशमलव ३ प्रतिशतले राजनीतिक अस्थिरतालाई कारण औंल्याएका छन् । ३३ दशमलव ३ प्रतिशतले भिजनविहीन नेतृत्व र १८ दशमलव ८ प्रतिशतले प्रतिबद्धताको कमीले लोकतन्त्रको लामो अभ्यासमा पनि नेपाल बनेन भन्ने उत्तर दिएका छन् । ४ दशमलव ८ प्रतिशतले भने केन्द्रीकृत शासन व्यवस्थाका कारण देशले फड्को नमारेको बताए । संघीयताको सबैभन्दा अधिक वकालतकर्ता प्रदेश २ र कर्णालीका अधिकांश उत्तरदाताले राजनीतिक अस्थिरता र भिजनविहीन नेतृत्वलाई नै देश पछाडि पर्नुको कारण ठानेको पाइयो ।

त्रासमा प्रजातन्त्र

प्रजातन्त्रप्रति नागरिकको विश्वासमा कमी छैन, भलै त्यसप्रति असन्तुष्टि होस् । ०१७ मा शिशु प्रजातन्त्रको हरण भोगेका नागरिक पञ्चायतविरुद्धको आन्दोलनमा होमिए । ३० वर्ष लडाइँबाट प्राप्त उपलब्धि १९ माघ ०६१ मा पुनः खोसियो, तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट । यी दुवै घटनाबाट त्रसित र आशंकित नागरिकमा अहिले पनि प्रजातन्त्रप्रति संशय छ । अर्थात्, ४७ दशमलव १ प्रतिशत नागरिक अहिले पनि प्रजातन्त्रमा खतरा देख्छन् । उत्तरदातामध्ये २३ दशमलव २ प्रतिशतले आशंका मात्रै ठानेका छन् भने २२ दशमलव ६ प्रतिशत नागरिक प्रजातन्त्रप्रति कुनै प्रकारको खतरा देख्दैनन् ।

लोकतन्त्रसँगै विकास

नेपालमा लोकतन्त्रको अभावमा विकासले गुणात्मक गति लिन सकेन भनिन्छ । ३० वर्ष पञ्चायतलाई बिर्सिने हो भने चार दशक कुनै न कुनै रूपको लोकतान्त्रिक अभ्यास भइसकेको छ । यस्तोमा *नेपाल* सर्वेक्षणमा लोकतन्त्र र विकास कत्तिको अन्तरसम्बन्धित छन् भनेर सोधिएको थियो । जवाफमा बहुसंख्यक सहभागीले दुवै अन्तरसम्बन्धित रहेको बताएका छन् । उत्तरदातामध्ये ५३ प्रतिशतले लोकतन्त्र र विकास आपसमा सम्बन्धित मान्छन् भने २४ दशमलव ७ प्रतिशतलाई यी दुईबीच सम्बन्ध छैन भन्ने लाग्छ । १५ प्रतिशतले लोकतन्त्रसँगै विकास जोडिए राम्रो हुने उत्तर दिए । ७ दशमलव ३ प्रतिशत सहभागीले यसबारे थाहा नभएको बताएका छन् ।

लोकतन्त्र कि मनपरीतन्त्र ?

लोकतन्त्रका हरेक अभ्यास जनताप्रति उत्तरदायी हुनुपर्छ । लोकतन्त्र बन्दबाट खुलातर्फको यात्रा हो । त्यसैले समय क्रममा लोकतान्त्रिक अभ्यास जनताबाट अनुमोदित हुँदै जान्छ । *नेपाल* सर्वेक्षणमा उत्तरदातालाई लोकतन्त्रका सबल र दुर्बल पक्षबारे सोधिएको थियो । अधिकांश सहभागीले लोकतन्त्र अभ्यासका सबल पक्षका रूपमा समावेशीकरण : आरक्षण, गाउँ-गाउँमा सिंहदरबार, समानुपातिक निर्वाचन प्रणाली, आर्थिक उदारीकरण, विकासमा जनसहभागिता, नेतृत्वमा महिला, सामाजिक सुरक्षा, खुला समाज र तीन तहका सरकारलाई लोकतन्त्रको उपलब्धि ठानेका छन् ।

सर्वेक्षणका सहभागीले बहुमतको स्वेच्छाचारिता, शक्तिको दुरुपयोग, अति दलीयकरण, जनप्रतिनिधिको मनपरी शासन, भ्रष्ट राजनीतिज्ञ, अपराधलाई राजनीतिक संरक्षण र भागबन्डा, नातावाद, कृपावाद तथा चाकडी प्रथाप्रति असन्तुष्टि पोखेका छन् । टीके प्रथा, कमिसनतन्त्र, रोगी र वृद्ध नेतृत्व, फुक्काफाल कर्मचारी, मिलिजुली अनियमितता, महँगो निर्वाचन प्रणाली, अराजकता र अतिवादी सोचलाई लोकतन्त्रको विकृति ठान्नेको संख्या पनि उल्लेख्य छ ।

सर्वेक्षण विधि

आम सरोकार र राष्ट्रिय राजनीतिका विविध पक्षमा *नेपाल म्यागजिन*ले विगतदेखि सर्वेक्षण गर्दै आएको छ । प्रजातन्त्र स्थापनाको सात दशक पुगेको सन्दर्भमा लोकतन्त्रबारे आम बुझाइ, राजनीतिक दल, तिनका आचरण तथा गतिविधि र वर्तमान सरकारका काम-कारबाहीबारे सर्वसाधारणको धारणा जान्न *नेपाल* सर्वेक्षण ०७६ गरिएको हो ।

र्‍यान्डम स्याम्पलिङका आधारमा सातै प्रदेशको बराबरी प्रतिनिधित्व हुने गरी सर्वेक्षण गरिएको थियो । हरेक प्रदेशका १ सयका दरले ७ सय जना समेटिए पनि बाग्मती प्रदेशको काठमाडौं र अन्य प्रदेशका राजधानी तथा वरपरका जिल्लामा भराइएका फारममध्ये ६ सय ५० मात्रै उपलब्ध भए । र, त्यही संख्यालाई आधार मानेर तथ्यांक प्रशोधन गरिएको हो ।

सर्वेक्षणमा *कान्तिपुर* पब्लिकेशन्स प्रदेश ब्युरोका माधव घिमिरे (प्रदेश १), अजित तिवारी (प्रदेश २), लालप्रसाद शर्मा (गण्डकी), दीपेन्द्र बडुवाल (प्रदेश ५), कलेन्द्र सेजुवाल (कर्णाली) र चित्रांग थापा (सुदूरपश्चिम) को सहयोग छ । प्रदेश ३ को सर्वेक्षण तथा सम्पूर्ण फारमको तथ्यांक प्रशोधन *नेपाल टिम*ले गरेको हो ।

– सम्पादक





क्रान्तिका तीन देन

सात सालले नेपाली जनतालाई तीन महत्त्वपूर्ण उपहार दियो- रेडियो, प्रहरी र मजदुर युनियन

सन्तोष आचार्य

इन्द्रजात्राको उद्गम थलो वसन्तपुरस्थित हनुमानढोका परिसर पुगौँ, जहाँ साढे दुई सय वर्षअघि इन्द्रजात्राकै दिन गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ कब्जा गरेथे । त्यही दिनदेखि हरेक वर्ष विजयी परेड गर्ने परम्परा बसालियो, हनुमानढोका परिसरमा ।

काठमाडौँ उपत्यकाका नेवारी समुदायलाई 'तिमीहरूले हारेको, हामीले जितेको' भनेर सन्देश दिने गरी सेनालाई परेड खेलाउने तमासा देखाए, विजेता शासकले। यो प्रचलनलाई एउटा आन्दोलनले ढाल्यो। त्यो हो- विसं ००७ को क्रान्ति ।

परिवर्तनका घडीहरू त्यसपछि पनि नआएका होइनन् । ०४६ को जनआन्दोलनले राजालाई संवैधानिक बनायो । ०६२/६३ को जनआन्दोलनले राजा हटाएर गणतन्त्र ल्यायो । तर यी दुवैको जग भने ००७ सालकै क्रान्ति हो। कांग्रेस नेता पुरुषोत्तम बस्नेत भन्छन्, "नेपालको राजनीतिदेखि दैनिक जीवनसम्म प्रभाव छाडेको यो घटनालाई नेपालमा अहिलेसम्म भएका सबै क्रान्तिको जननी भन्न सकिन्छ ।"

इतिहासकार प्राध्यापक राजेश गौतमका अनुसार सम्झौतामा टुंगिएको यो क्रान्तिले राणा र कांग्रेसको प्रतिनिधित्व रहने गरी अन्तरिम सरकार बनायो । यही सरकारले 'नेपालको अन्तरिम शासन विधान, २००७' जारी गर्‍यो । प्रशासनिक इकाइजस्तो लाग्ने नेपाललाई एउटा देशको ढाँचा दियो ।

लोकसेवा आयोग गठन गरेर कर्मचारीतन्त्रलाई व्यवस्थित गर्न थालियो र राज्य संरचनाको ढाँचा बन्न थाल्यो। हरिप्रसाद प्रधानको नेतृत्वमा पहिलो न्यायालय खुल्यो । निर्वाचन आयोग गठन गरियो। अर्थात्, मुलुकका लागि आवश्यक संयन्त्रहरूको गठन त्यतिबेलै तयार गरियो। पत्रपत्रिका निस्कन थाले। विदेशी



चिनियाँ प्रधानमन्त्री झो इन लाइको नेपाल भ्रमणमा *रेडियो नेपाल*को प्रत्यक्ष प्रसारण, ०२२

मुलुकसँग कूटनीतिक सम्बन्ध विस्तारको ढोका खुल्यो । राष्ट्र बैंक स्थापना भएपछि भारतीय नोटको साटो नेपाली नोट प्रचलनमा आयो ।

"विसं १९०३ देखि राणा खलकले सुरु गरेको १ सय ४ वर्षको जहानियाँ शासन यो क्रान्तिले हटाएन मात्र, राणा परिवारमा रोलक्रम सर्दै जाने परम्परा पनि तोड्यो," इतिहासकार गौतम भन्छन्, "प्रमुख पदहरूमा राणा परिवार, आफन्त र आसेपासे मात्रै नियुक्त हुने चलन विस्तारै हट्यो । राणा बोली नै कानुन भन्ने सनातनी प्रथालाई पनि यही क्रान्तिको ओजले अन्त्य गरायो ।"

००७ को क्रान्तिको बलमा बनेको अन्तरिम विधानले जातीय छुवाछूत प्रथादेखि जनताको मानव अधिकारको हक स्थापनाको पहल लिएको बताउँछन्, कांग्रेस नेता बस्नेत । राणा शासक खुसी भएका बेला जुवाको खाल फुकुवा गरिन्थ्यो। तर क्रान्तिलगत्तै यो सामाजिक कुरीतिमाथि अंकुश लगाउने प्रयास प्रारम्भ भएको उनको स्मृतिमा ताजै छ ।

चिसापानीगढीबाट राहदानी लिएर मात्र काठमाडौँ छिर्न पाइने राणा कानुनलाई यही क्रान्तिको जगले नै निर्मूल गरेको बस्नेत अझै सम्झिरहेका छन् । मध्ययुगीन कालबाट देश धमिलो उज्यालो युगमा प्रवेश गरेको प्रस्थान-बिन्दु यही क्रान्ति थियो ।

"साँझ तोप पड्किएपछि १५ मिनेटभित्र सबै आ-आफ्नो गन्तव्य पुगिसक्नुपर्ने अन्यथा पक्राउ परिने परम्परा थियो। तर यही क्रान्तिपछि स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाइने प्रत्याभूति सरकारले गर्‍यो," बस्नेत भन्छन्, "भित्ताको पनि कान हुन्छ भन्दै राणाको खिलाप बोल्नु हुँदैन भन्ने मान्यता क्रान्ति सम्पन्न भएपछि विस्तारै भत्किँदै गयो। जनतामा आलोचनात्मक चेतको विकास हुन थाल्यो ।"

पाठ्यक्रम हिन्दी भाषामा पढ्नुपर्ने बाध्यता प्रजातन्त्र आएपछि समाप्त भयो । नेपाली भाषाका पाठ्यक्रम छापिन थाले । शिक्षाको महत्त्व यहीबाट प्रारम्भ भयो। गाउँ-गाउँसम्म स्कुल खुल्न थालेको समय पनि त्यही थियो । गाउँ-गाउँमा ग्राम पञ्चायत स्थापना गरिएपछि विकास निर्माणले सुस्त नै भए पनि गति लिन थाल्यो । प्रतिबन्ध फुकुवापछि राजनीतिक दलहरूले स्वतन्त्र रूपमा आफ्ना विचार लिएर जनतामाझ जान पाए ।

सरकारले आर्थिक पारदर्शिताको आवश्यकताबोध यही बिन्दुबाट गर्‍यो। आम्दानी र खर्चको वास्तविक जायजेथा नेपालभर पुर्‍याउन बजेट ल्याउने प्रचलन सुरु भयो। राणा शासकले यसअघि राज्यले प्राप्त गर्ने आम्दानी र खर्च

सार्वजनिक गर्दैनथे भने सबै रकम आफ्नो ढुकुटीमा भर्थे । "क्रान्तिपछि बनेको अन्तरिम सरकारका अर्थमन्त्री सुवर्णशमशेर राणाले ००९ सालमा पहिलो पटक बजेट ल्याए," बस्नेत भन्छन्, "उक्त बजेट जनताप्रति उत्तरदायी थियो नै, समाजवादी विचारबाट प्रभावित पनि ।"

००७ को क्रान्तिले जनतालाई रैतीबाट नागरिक बनायो । "संविधानसभाबाटै संविधान बनाउने संकल्पको आधारभूमि यही क्रान्तिले खडा गर्‍यो," गौतम भन्छन्, "६५ वर्षपछि त्यो सपना साकार भयो । बन्द समाजको ढोका बिस्तारै उघ्रिन थाल्यो ।"

जस्तो, जनतालाई सूचनाका माध्यमबाट जागरुक बनाउन खोलिएको *रेडियो नेपाल*लाई प्रजातन्त्र स्थापनाको कोसेढुंगा मान्न सकिन्छ ।

रेडियो : रेडियो प्रसारणको जग क्रान्तिकै क्रममा हालियो । त्यसो त ००७ को क्रान्तिअघि नै नेपालमा रेडियो प्रसारण प्रारम्भ भइसकेको थियो । काठमाडौंको पुरानो बसपार्कस्थित विद्युत् प्राधिकरण रहेको भवनमा राखेर ००३ सालमा ५ वाटबाट रेडियो आरम्भ भयो । सात/आठ महिना चल्यो । तर पद्मशमशेर देश निकालामा परेसँगै रेडियोको स्वीच पनि बन्द भयो ।

ठीक त्यही बेला विराटनगर अर्के सुरमा थियो । ००६ मा बीपी कोइरालाका भाइ तारिणीप्रसाद र भारतीय कवि फणिश्वरनाथ रेणु मिलेर विराटनगरको जुट मिलबाट *नेपाल प्रजातन्त्र रेडियो* सुरु गरे । यसको प्रसारण काठमाडौं, दार्जिलिङ, कोलकाता, गोरखपुरदेखि बनारससम्म सुन्न सकिन्थ्यो । संयोग के भने यी स्थान ००७ को राणाविरोधी संघर्ष सञ्चालनका प्रमुख केन्द्र पनि थिए ।

'यो *नेपाल प्रजातन्त्र रेडियो* हो, हामी विराटनगर मुक्ति सेनाबाट बोलिरहेका छौं' भनेर तारिणी बोलेपछि क्रान्तिलाई होस्टेमा हैंसे गर्न उपयोगी हुन थाल्यो, यो रेडियो । तारिणीले नेपालीमा, फणिश्वरनाथले हिन्दीमा, बीपीकी बहिनी विजयालक्ष्मीले अंग्रेजीमा समाचार प्रसारण गर्न थाले । रानुदेवी, शारदा मास्केलगायतले गीत गाउन थाले । आन्दोलनलाई यसले दूरदराजसम्म ऊर्जा दियो ।

क्रान्तिले बाजी मारेको एक महिनापछि विराटनगरबाट उक्त रेडियो सिंहदरबार प्रवेश गर्‍यो, २० चैत ००७ देखि । *प्रजातन्त्र रेडियो*को नाम बदलेर *रेडियो नेपाल* रहन गयो । बालकृष्ण समदेखि जनार्दन सम, हरिप्रसाद रिमाल, भैरवबहादुर थापा, नातिकाजी, उही गोविन्दबहादुर मल्लसम्मले आफ्नो प्रतिभालाई रेडियोबाटै पोखे । ००७ कै क्रान्तिको बलमा स्थापना भएको *रेडियो नेपाल* अहिले पनि निरन्तर बजिरहेछ ।

पत्रपत्रिका तथा साहित्यको बन्द ढोका पनि यही बिन्दुबाट खुल्यो । त्यसो त २४ वैशाख विसं १९९८ देखि नै सुधारवादी शासक भनिएका देवशमशेरले *गोरखापत्र*को प्रकाशन सुरु गरिसकेका थिए । तर राणाको नियन्त्रण र रेखदेखमा रहने गरी प्रकाशित भए पनि ००७ को क्रान्तिपछि जनतालाई सुसूचित गर्ने काम त्यसले गर्‍यो ।

वाक् स्वतन्त्रतासँगै स्वतन्त्र पत्रकारिताको नयाँ युग सुरु भयो । निजी क्षेत्रबाट पनि समाचारप्रधान पत्रपत्रिका प्रकाशन हुन थाले । जस्तो, ८ फागुनदेखि नै *आवाज* पत्रिका प्रकाशन भयो, नेपाली भूमिबाटै । गोविन्द गोठाले, सिद्धिचरण श्रेष्ठ आदि मिलेर निकालेको यो पत्रिकाले जनबोली टिप्न थाल्यो । एकातिर *रेडियो नेपाल*को पहुँच गाउँ-गाउँसम्म पुग्यो भने *गोरखापत्र* र *आवाज*जस्ता पत्रिकाले क्रान्तिको उपलब्धि जोगाउन भूमिका खेले ।

क्रान्तिअघि भारतको बनारस नेपाली पत्रकारिता र साहित्यको केन्द्र हुने गर्थ्यो । ००७ को क्रान्तिपछि नै भारतबाट प्रकाशित भइरहेका *युगवाणी*देखि *नेपाल पुकार*लगायत पत्रपत्रिकाले नेपालमै प्रवेश पाए । आम जनताले छनोटका आधार पाए । यो त्यही कालखण्ड थियो, जहाँबाट नेपाली पत्रकारिता र साहित्यको विकासमा नयाँ बाटो कोरिन थाल्यो ।

००७ को क्रान्तिपछि दुई वर्षअघि गठित प्रचार विभागको संरचना र नेतृत्वमा पनि परिवर्तन गरियो । पत्रपत्रिका तथा भर्खरै खुलेको *रेडियो नेपाल*लाई पनि समेट्ने गरी प्रचार विभागको कार्यक्षेत्र तोकियो । बालकृष्ण समलाई विभागको निर्देशक तोकियो । ००७ अघि सरकारको प्रवक्ताजस्तो भएर काम गरेको विभागले क्रान्तिपछि केही व्यावसायिक रूप लिन खोज्यो ।

प्रहरी : ००७ को क्रान्तिपछि बनेको अन्तरिम सरकारमा गृहमन्त्री थिए, बीपी कोइराला । प्रहरी त थियो तर व्यवस्थित थिएन, न त व्यावसायिक नै । सांगठनिक स्वरूप पनि थिएन । परिवर्तित राजनीतिक परिवेश अनुकूल बनाउन प्रहरीको नेतृत्व संगठनभित्र आईजीपीको व्यवस्था गरियो ।

२८ चैत ००७ मा सेनाका सहायक रथी तोरणशमशेर जबरालाई प्रहरी आईजीपी नियुक्त गरियो । त्यसको अर्को वर्ष नै प्रहरीलाई संगठित गर्न आईजीपी अफिस स्थापना गरियो । पुलिस फोर्सको जिम्मा आईजीपीलाई दिइयो । विभिन्न नामले चिनिँदै आएका प्रहरीलाई एक सूत्रमा बाँधी नेपाल पुलिस फोर्स नामकरण गरेर ३० असोज ०१२ मा प्रहरी ऐन लागू गरियो । मुक्ति सेनालाई प्रहरीमा समायोजन गरियो ।

क्रान्तिअघिसम्म नेपाली सेनामा राणा र शाह मात्रको बोलवाला हुन्थ्यो । उपल्लो पदमा सर्वसाधारणलाई प्रवेश निषेधजस्तै थियो । क्रान्तिको यही जगमा सेनाको ढोका सबैका लागि खुला गर्ने नीति ल्याइयो ।

मजदुर युनियन : ००७ को क्रान्तिले दिएको महत्त्वपूर्ण अर्को उपलब्धि भनेको ट्रेड युनियनहरू खुल्न थाले । मजदुरले आफ्ना हकाधिकारबारे संगठित भएर आवाज उठाउन थाले । ट्रेड युनियन मजदुरको संगठन हो, जसले सामूहिक सौदाबाजीमार्फत उनीहरूको आपसी हित संरक्षण र प्रवर्द्धन गर्न खोज्छ ।

त्यसको प्रारम्भ विराटनगरबाटै भयो । त्यसअघि विसं १९९३ मा कम्पनी ऐन बनेपछि मोरङ कटन मिल, विराटनगर जुट मिल, जनकपुर चामल मिल, वीरगन्ज कपडा उद्योगजस्ता औद्योगिक प्रतिष्ठान खुल्न थाले । तर सँगसँगै मजदुर मालिकबाट शोषित हुन थाले ।

त्यसको एक दशकपछि अल नेपाल ट्रेड युनियन कांग्रेस गठन भयो । अर्को वर्ष विराटनगर जुट मिलमा हडताल सुरु भयो । मिलमा कार्यरत गिरिजाप्रसाद कोइरालालाई अध्यक्ष चुन्यो । ००७ को क्रान्तिको उद्गम यही बिन्दुबाट भयो । यो हडतालले राजनीतिक स्वरूप लियो । क्रान्ति सकिएपछि मजदुर संगठित हुने क्रम त्यहीबाट सुरु भयो ।

विसं ००५ मा संघसम्बन्धी ऐनको माध्यमद्वारा प्रतिष्ठानलाई व्यवस्थित गर्ने प्रक्रिया सुरुआत भयो । त्यसपछि एकै पटक ०१६ मा कारखाना तथा कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन, ०१६ जारी भयो । ०३६ को आन्दोलनपछि पेसागत युनियन खोल्ने क्रमको सुरुआत भयो । ०४६ को जनआन्दोलनको दुई वर्षपछि श्रम ऐन र अर्को वर्ष ट्रेड युनियन ऐन जारी भयो । पेसागत हकहितका लागि संगठन खुल्ने क्रमले तीव्रता पायो । बिर्सनु हुँदैन, यसको जग त्यही विराटनगर जुट मिलको मजदुर आन्दोलनले बसाएको थियो ।

त्यसैले त भनियो, '००७ सालको क्रान्ति सबै क्रान्तिकी आमा हुन् ।' ने

प्रजातन्त्र ७० वर्ष

अभिलेख

भारतीय गोप्य दस्तावेजमा

सन्तोष खडेरी

शताब्दी लामो जहानियाँ राणा शासनविरुद्ध सात दशक पहिले भएको ००७ सालको क्रान्ति नै आजको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आधारशिला हो । भारतमा निर्वासनमा रहन बाध्य पारिवारिक सदस्य, उतै उच्च शिक्षा अध्ययन गर्ने स्वतन्त्रताको भावना जागेका नेपाली, दोस्रो विश्वयुद्धमा सहभागी नेपाली र राणा शासनको रोलक्रमबाट हुत्याइएका नेपाली मिलेर छिमेकी भारतबाटै क्रान्तिको बिगुल फुकिएको हो ।

भारतीय भूमिलाई आधार बनाएर नेपाली कांग्रेसले थालेको राणा शासनविरुद्धको सशस्त्र क्रान्तिमा त्यहाँ के कस्तो थियो भनी धेरै लेखिसकिएको छ । तर पनि सात दशकपछि फेला परेका भारत सरकारका तत्कालीन दस्तावेजमार्फत उक्त क्रान्तिमा भारतीय भूमिका, राणाको मनस्थिति र क्रान्तिकारी नेपाली कांग्रेसको कार्यशैली बुझ्न आँखीझ्याल हुन सक्छ ।

००७ सालको क्रान्तिको विभिन्न मोर्चामा कांग्रेसको मुक्ति सेना

नयाँ दिल्लीस्थित राष्ट्रिय अभिलेखालयमा रहेको सरदार वल्लभभाइ पटेलका सन् १९५० को दस्तावेजमा यो लेख आधारित छ । भारतभित्रको आन्तरिक सुरक्षाको जिम्मेवारी, प्रहरी एवं खुफिया एजेन्सी आफ्नै मातहत रहेका, भारतको मन्त्रिपरिषद्अन्तर्गतको वैदेशिक मामिला समितिका सदस्यसमेत रहेका प्रधानमन्त्री जवाहरलाल नेहरुपछिका शक्तिशाली उपप्रधानमन्त्री पटेलले विदेश मन्त्रालयमार्फत प्राप्त र नेपालस्थित भारतीय राजदूतले नेहरुलाई पठाएको पत्र, नेहरुसँग उनको पत्राचार, इन्टिलिजेन्स ब्युरोको रिपोर्ट एवं आफूले सुझाएका विषयसमेत समावेश भएको ११-१६ नोभेम्बर (कात्तिक २६-मंसिर १) सम्मका ती अति गोप्य आधिकारिक दस्तावेज हुन् । ती दस्तावेजमा समावेश अधिकांश विषय भावानुवाद गरी प्रस्तुत गरिएको छ ।

२१ कात्तिक ००७ साल तद्नुसार ६ नोभेम्बर १९५० मा रानीवनमा सिकार खेल्न भनी श्री ३ बाट स्वीकृति लिएर राजा त्रिभुवन बिहानै सपरिवार भारतीय दूतावास रहेको शीतलनिवास प्रस्थान गरेका थिए ।

त्रिभुवनको दूतावास प्रवेशलगत्तै अर्को दिन २२ कात्तिकमै केही समय पहिले नै मातृकाप्रसाद कोइरालालाई आफ्ना सर्वोच्च कमाण्डर घोषणा गरी राणा शासनविरुद्ध लड्ने घोषणा गरेको नेपाली कांग्रेसले तत्काल सशस्त्र क्रान्ति थाल्ने भन्ने खबर भारतका सञ्चार माध्यमबाट सार्वजनिक भएको थियो ।

२४ कात्तिकमा काठमाडौँमा विमान उत्रने गौचर हवाई अड्डा बन्द मात्र भएन, त्रिभुवनलाई लिन भारतीय विमान ओर्लिएला कि भनी अन्य अवरोधजन्य सामग्री तेर्स्याएर त्यसलाई अवरुद्ध पारियो भने त्यसै रात काठमाडौँको आकाशबाट विमानले नेपाली कांग्रेसको पर्चासमेत खसालेको थियो ।

२५ कात्तिकमा भारतीय राजदूत सीपीएन सिंहले प्रधानमन्त्री मोहनशमशेरसँग भेट गरी राजा त्रिभुवनलाई भारत लैजान अनुमति लिए । सोही दिन बेलुकी वीरगन्जको आकाशबाट विमानमार्फत वीरगन्जमा समेत पर्चा खसालियो । त्यसै रात नै कांग्रेसका २ सय मुक्ति सेनाले

सात सालको क्रान्ति

वीरगन्ज कब्जा गरे। त्यहाँका बडाहाकिम सोमशमशेरलाई कब्जामा लिई रक्सौलस्थित डाँक बंगलामा बन्धक बनाए।

२६ गते राजा त्रिभुवन दिल्ली उड्ने दिन बिहान ०९:१५ मा प्रधानमन्त्री मोहनशमशेरले भारतीय राजदूतलाई टेलिफोन गरी भारतीय भूभागबाट आएका कांग्रेसका १ सय ५० जना विद्रोहीले रक्सौल नजिकैको वीरगन्ज कब्जा गरी त्यहाँका बडाहाकिम र उनको परिवारलाई समेत कब्जामा लिई रक्सौलको डाँक बंगलामा लगेको जानकारी गराए। उनले रक्सौल-वीरगन्जको टेलिफोन लाइन काटिएको समेत बताउँदै भारतीय भू-भाग भएर हुने विद्रोहलाई रोक्न भारत सरकारको मद्दतका लागि आग्रह गरे। सीपीएन सिंहले मोहनशमशेरसँग टेलिफोन वार्तामा भएका यी सबै विवरणलाई उल्लेख गरी आफ्ना प्रधानमन्त्री नेहरुलाई पत्र लेख्दै भारतीय विदेश सचिव मेननसँग सल्लाह गरी तत्काल कारबाही थाल्न आग्रह गरे। सोही दिन २६ कात्तिक अपराह्न १२:३० बजे दुइटा विमानसहित सपरिवार राजा त्रिभुवन दिल्ली ओर्लिए।

राजदूत सिंहले उक्त पत्र भारतीय विदेश मन्त्रालयका सचिव मेनन, उपप्रधान एवं गृहमन्त्री पटेल, क्याबिनेट सेक्रेटरी सी राजागोपालाचारी र विदेश मामिलामा नेहरुका अर्का विश्वास पात्र मन्त्री गोपालास्वामी अएंगरलाई समेत पठाए।

पटेलले आफू मातहतको 'इन्टिलिजेन्स ब्युरो' का तत्कालीन प्रमुख बीएन मल्लिकमार्फत नेपालको सीमावर्ती एवं कांग्रेसका विद्रोहीले आक्रमण गरेको क्षेत्रनजिक बिहारको इन्टिलिजेन्स रिपोर्ट मगाए।

२८ कात्तिक (१३ नोभेम्बर) मा रक्सौलका इन्टिलिजेन्स अधिकारीमार्फतको इन्टिलिजेन्स रिपोर्ट ब्युरोले पटेललाई पठायो। सोही दिन पटेलले प्रधानमन्त्री नेहरुलाई पठाएको सो रिपोर्टमा परेका निम्न लिखित आठ बुँदाको नेपाली भावानुवाद :

- कात्तिक २५ गते बेलुकी ८ बजे नेपाली कांग्रेसको पर्चा वीरगन्जको आकाशबाट विमानका माध्यमले वीरगन्जमा खसालियो। महावीरशमशेर जबराको नाममा रहेको हिमालयन एयरवेजको उक्त विमानले पटना विमानस्थलबाट उडान भरेको थियो।
- वीरगन्जको आक्रमण नेपाली कांग्रेसका २ सय जना फौजी विद्रोहीको संलग्नतामा भएको थियो। उनीहरू कलकत्ताबाट आएर मुजफ्फरावादमा जम्मा भएका थिए। तीमध्ये केही विद्रोही फौजी पोसाकमा थिए भने अधिकांश सादा पोसाकमा थिए। त्यस्तै, तिनले साथमा स्टेन गन हतियार लिएका थिए। मुजफ्फरावादबाट उक्त दस्ता रक्सौलसम्म ट्रक चढेर गएको थियो। अन्य सम्पूर्ण हातहतियार उनीहरूले कलकत्ताबाट नै लिएर आएको भन्ने विश्वास छ।
- वीरगन्जका बडाहाकिमलाई अपहरणपछि रक्सौलमा ल्याएर डाँक बंगलामा कैदीका रूपमा राखिएको थियो, जुन प्रहरी चौकीको ठीक सामुन्ने छ। नेपाली कांग्रेसले उनलाई त्यहाँबाट बाहिर भाग्न नदिन बंगलामा आफ्ना फौजी विद्रोही तैनाथ गरेको थियो। बिहार प्रशासनले नै उनलाई रक्सौलबाट मुजफ्फरावादसम्म पुऱ्याएको हो।
- कब्जामा रहेका ४६ जना नेपाली जवानलाई चौबीस घन्टाभन्दा बढी समय रक्सौल प्रहरी चौकीको थुनामा राखेर उनीहरूलाई कांग्रेस समर्थकको कबोल गराउने प्रयास भयो तर त्यसलाई मान्न निरन्तर इन्कार गरेकाले उनीहरूलाई हाल प्रहरी चौकीबाट रिहा गरिएको छ।
- नेपाली कांग्रेसले वीरगन्ज खजानाबाट २ लाख ६० हजार नगद, सुनले भरिएका तीन वटा बाकस र दुई बाकस असर्फी लुटेको विश्वास छ। सुवर्णशमशेर, बीपी कोइराला र तेजबहादुर अमात्यले कार्यालय बनाएको भारतीय भूभाग रक्सौलस्थित नेपाल सरकारको गेस्ट हाउसमा त्यो धनमाल ल्याउने अनुमान छ।
- वीगन्जको स्थिति अहिले आतंकपूर्ण खालको छ। नेपाल सरकारको सुरक्षा फौजले जवाफी आक्रमण गरेपछि त्यहाँका जनता अहिले भयभीत छन्। वीरगन्जमा नेपाली कांग्रेसले कुनै पनि सम्पत्ति तिनका मालिकलाई त्यहाँबाट बाहिर निकाल्न दिइरहेका छैनन्। वीरगन्जका मारवाडी व्यापारीहरू अहिले रक्सौल सरेका छन्।
- नेपाली कांग्रेसका २ सय विद्रोही जवान अमलेखगन्जबाट उत्तरतर्फ रवाना भएका छन्। त्यहाँ थप १२ सय कांग्रेस समर्थक लुकेर तिनलाई पर्खिरहेको विश्वास गरिएको छ। काठमाडौँदेखि वीरगन्जतर्फ आइरहेका नेपाली सेना र त्यस्तै अमलेखगन्जबाट अगाडि बढेका नेपाली कांग्रेसका विद्रोहीबीच अमलेखगन्जदेखि भीमफेदीबीचको कुनै भागमा दुई पक्षीय भिडन्त हुने सम्भावनासमेत उत्तिकै छ।

नेहरु नाबालक राजालाई कुनै पनि हालतमा मान्यता नदिई राजा त्रिभुवनको निरन्तरताको वकालत गर्दै नेपालमा प्रजातन्त्र स्थापना हुनुपर्नेमा भने दृढ देखिन्छन्।

^ दिल्लीमा शरण लिन गएका राजा त्रिभुवनसित भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरु

नेपाली कांग्रेसको निरन्तर राणाविरोधी आन्दोलनका बीच नेपाली आकाशबाट समेत विमानका माध्यमबाट पर्चा छरिने कार्य नरोकिएपछि गृहमन्त्री पटेलले ३० कात्तिकमा आफ्ना प्रधानमन्त्री नेहरुलाई एक पत्र लेख्छन् ।

- त्यहाँ रक्सौल र त्यस वरपरका छिमेकी क्षेत्रमा समेत आम बुझाइ के छ भने यो विद्रोहका पछाडि भारत सरकारको हात छ। रक्सौलका स्थानीय अखबारहरूले समेत त्यही किसिमको खबर सम्प्रेषण गरिरहेका छन्। इन्टिलिजेन्स ब्युरोको उक्त रिपोर्टका साथ पटेलले प्रधानमन्त्री नेहरुलाई लेखेको पत्रमा थप अगाडि लेख्छन् : इन्टिलिजेन्स रिपोर्टका आधारमा नेपालमा भएको आक्रमणको तार हाम्रो भारतीय जमिनसँग जोडिएको प्रस्टै छ र त्यहाँ रक्सौलमा समेत धनसम्पत्ति लुटिएको छ। यसले केही गम्भीर सवाल खडा गरेको छ भन्ने मेरो बुझाइ छ । त्यस्तै, यस विषयमा हाम्रो मन्त्रिपरिषद्को वैदेशिक मामिला समितिमा छलफल हुनुपर्छ भन्ने मलाई लाग्छ। मुख्यतः तीन वटा निम्न लिखित बुँदा यस्ता छन् :
- यी यस्ता उद्देश्यका निम्ति भारतीय भूमि प्रयोग नहुने सुनिश्चितताका लागि के कस्तो कदम चालिनुपर्छ ?
- नेपाली कांग्रेसका यी बाधा-व्यवधानका कदमविरुद्ध हाम्रो रवैया कस्तो हुनुपर्दछ ?
- लुटपाट भएको धनमालबारे के गर्ने, जुन नेपाली कांग्रेसले भारतीय क्षेत्रमा ल्याएको हुन सक्छ ।

उक्त समितिमा यी बुँदामा थप छलफल भयो कि भएन वा छलफल भएर के निकास निस्कियो भनी हामीले थाहा पाउन त्यहाँका भित्री दस्तावेजहरू प्राप्त गर्न नसके पनि सार्वजनिक भइसकेका विषय र तत्कालीन घटनाक्रम हेर्दा ती बुँदाहरूमा भारत सरकारको रवैया तल प्रस्तुत भएझैँ देखिन्छ :

- पहिलो बुँदाका सन्दर्भमा अन्तर्राष्ट्रिय समुदाय त्यसबेला अमेरिका र बेलायतको दबाबपछि ३० कात्तिकमा भारतको केन्द्र सरकारले पश्चिम बंगाल, उत्तरप्रदेश र बिहार प्रान्तीय सरकारलाई नेपाली कांग्रेस समर्थितलाई भारत आउजाउमा कडाइ गर्नुका साथै भारतको भूमि प्रयोग गरी हमला गर्न नदिनू भनी निर्देशन जारी गरेको थियो । तर पछि राणा सरकारसँग वार्ताका क्रममा कुरा नमिल्ने देखेपछि उनीहरूविरुद्ध कांग्रेसको मुक्ति सेनाबाट लगातार आक्रमण भइरह्यो भने त्यो वातावरण भारत सरकारले उपलब्ध गराइदियो ।
- दोस्रो बुँदाको सन्दर्भमा नेपाली कांग्रेस र उसको कदमविरुद्ध भारत सरकारको रवैया राणाको मनोबल नै खस्काउने गरी मैदानबाट उसलाई राणाविरुद्ध लड्न परोक्ष-अपरोक्ष सहायता गर्ने नै थियो। राजा त्रिभुवन र कांग्रेसलाई भारत सरकारले आफ्नो र राणा सरकारको संवादको बीचमा कहिल्यै कुनै स्थान नै दिएन। भन्नलाई त्रिपक्षीय सम्झौता भनेको भए पनि सम्झौता भारत सरकार तथा नेपालको राणा सरकारबीच भयो। त्यसैलाई भारतले राजा त्रिभुवन

तथा कांग्रेसले मान्नुपर्ने बनायो र अन्ततः उनीहरूले त्यसैलाई माने पनि ।

- तेस्रो बुँदाका सन्दर्भमा नेपाली दृष्टिकोणलाई आधार मान्दा कांग्रेसले वीरगन्जबाट कब्जामा लिएको ३५ लाख भारतीय रुपैयाँ भारत सरकारले जफत गऱ्यो ।

नेपालमा नेपाली कांग्रेसको निरन्तर राणाविरोधी आन्दोलनका बीच नेपाली आकाशबाट समेत विमानका माध्यमबाट पर्चा छरिने कार्य नरोकिएपछि गृहमन्त्री पटेलले ३० कात्तिकमा आफ्ना प्रधानमन्त्री नेहरुलाई एक पत्र लेख्छन् । पत्रको बेहोरा यस्तो छ :

आफूहरूले विभिन्न सञ्चार माध्यममा आएका खबरमार्फत नेपालमा अझै पनि विमानबाट पर्चा खसाइरहेको र नेपाल सरकारले यसमा विरोध जताइरहेको पनि पाएका छौं । म आफैं बडो हैरानीमा छु कि नेपाली कांग्रेसले यस कार्यका लागि भारतको हवाई अड्डाको प्रयोग गरेर उडान भऱ्यो वा भारतीय विमान नै प्रयोग गऱ्यो भन्ने कुराको कतै पनि स्पष्ट प्रमाण छैन । तर यो विषय भने प्रस्ट छ कि भारतीय हवाई अड्डाको प्रयोग भएर भारतबाट विमान उडेको छ, जुन भारतीय हवाई ऐनविपरीत छ । यो विषयको राम्रोसँग छानबिन हुन जरुरी छ । यदि आवश्यक पऱ्यो भने हवाई ऐन उल्लंघनको मामिलामा उपयुक्त कारबाही हुन सक्छ । मलाई लाग्छ, हामीले हाम्रो हवाई अड्डा र हवाईजहाजको यसरी अनधिकृत रूपमा प्रयोग हुनबाट रोक्नुपर्छ । यस विषयमा तत्काल कारबाही थाल्नुपर्छ भन्ने सुझाव म दिन चाहन्छु किनकि यो विषय जति लम्बिँदै गयो, त्यति नै भारत सरकारलाई नेपाली कांग्रेस भारतीय भूमिमा अवस्थित छ भन्ने आरोपबाट जोगिन गाह्रो हुन्छ ।

पटेलको उक्त पत्रको जवाफमा अर्को दिन १ मंसिरमा प्रधानमन्त्री नेहरुले नेपाल उडान भर्ने नियमित उडानभन्दा अरू कुनै पनि विमानले नेपाली भूभागमा उडान भर्न भारत सरकारको स्वीकृति लिन नपर्ने व्यवस्था भएको बताउँछन् ।


12

November 11, 1950.

My dear Nehru Sahib,

Just at 9-15 A.M. Maharaja rang me up to say that Birganj near Raxaul has been captured by the Nepali Congress. They had nearly 150 armed men who captured the Bada Hakim (Governor) of Birganj and his family. The telephone contact from Raxaul and Birganj is cut off. Maharaja said that the Nepali Congress people came from Indian border and have taken the Bada Hakim and his family to Raxaul Dak Bungalow (belonging to Motihari District Board in Bihar).

2. He has, therefore, made an earnest request that we should help him by preventing the insurgents to come from Indian border. You may kindly ask Mr. Menon to take appropriate action.

Yours very sincerely,
Sd/- C.P.N. S.

Hon'ble Pandit Jawaharlal Nehru,
Prime Minister of India,
DELHI.

^ भारतीय गोप्य दस्तावेजका केही अंश

अर्कोतिर भारतका तत्कालीन प्रधानमन्त्री नेहरुले आफैं के चाहन्थे भनी बुझ्न त्रिभुवन दिल्ली उत्रिएको एक सातापछि उनले आफ्नो सचिवालयमार्फत तयार गरेको नेपालसम्बन्धी नोटमा पुग्नुपर्ने हुन्छ । उनले कांग्रेसको फौजी विद्रोहीको आक्रमण र नेपाल सरकारको जवाफी कारबाहीको निरन्तरताले हिंसाको स्थिति कायम रहिरहनु हुँदैन । त्यसैले 'सिजफायर' का लागि नेपाल सरकारलाई आग्रह गर्ने विषय लेख्छन् तर नेपाली कांग्रेसलाई के गर्ने भन्ने त्यसमा उल्लेख गर्दैनन् । उनी समस्यालाई लम्ब्याउन नहुने र छिटोभन्दा छिटो संवादमार्फत हल गर्नुपर्ने बताउँदै नेहरु नाबालक राजालाई कुनै पनि हालतमा मान्यता नदिई राजा त्रिभुवनको निरन्तरताको वकालत गर्दै नेपालमा प्रजातन्त्र स्थापना हुनुपर्नेमा भने दृढ देखिन्छन् ।

नाबालक राजा ज्ञानेन्द्रलाई भारतले नयाँ राजा स्वीकार नगर्ने, त्यस्तै राजा त्रिभुवनलाई राणाले राजा स्वीकार नगर्ने आ-आफ्नै अडानबीच लामो समय गुजार्दा भारतीय रणनीतिले समेत कांग्रेसको मुक्ति सेनाको आक्रमण नेपालका धेरै स्थानमा जारी नै रहन्छ । अन्त्यमा राजा त्रिभुवनलाई राणाले राजाका रूपमा स्वीकार गर्ने भएपछि त्यसलाई राजा त्रिभुवन र नेपाली कांग्रेसले स्वीकार गर्छन् । अनि मात्र नेपाली कांग्रेसको सशस्त्र क्रान्तिसमेत थामिन पुग्छ । ने

लोक हराएको तन्त्र

सात दशकको उतारचढावबीच लोकतन्त्रले दिशा पक्रेजस्तो देखिए पनि त्यसअनुरूप संघसंस्था र समग्र प्रक्रिया निर्दिष्ट छैनन् ।

भास्कर गौतम

लोकतन्त्रले आफ्नो ध्येयअनुसार राजनीतिमा विश्वासको सञ्जाल समाहित गर्दै असमानतालाई सम्बोधन गर्ने सार्वजनिक राजनीति निर्माण गर्न धेरै गाह्रो छ ।

सात सालमा सुरु प्रजातन्त्रले लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा राजनीतिलाई जनसरोकारका विषयतर्फ लक्षित गर्ने दिशा समातिसकेको छैन । लोकतन्त्रले केही दिशा देखाएजस्तो गरेको छ । सार्वजनिक काल्पनिकीले लोकतान्त्रिक आदर्श अनुग्रहण गरेको छ । तर लोकतान्त्रिक मूल्य-मान्यतालाई नित्य बनाउने हेतुले संघसंस्था र समग्र प्रक्रिया निर्दिष्ट छैनन् । डा देवेन्द्रराज पाण्डेले भनेझैँ लोकतन्त्रमा 'लोक' हराएको स्थिति छ ।

लोकतन्त्रमाथि तीन क्षेत्रबाट प्रहार भइरहेको छ- ऐतिहासिकता, सामाजिक उचनीच र बजार । जसको काल्पनिकीमा यी तीनमध्ये एउटा मात्र क्षेत्रमा हावी तर्क बलशाली छ । ती सबैले लोकतन्त्रबारे केवल अचकल्टो प्रश्न तेर्स्याउन सिकाएका छन् । त्यो सवाल हो, नेपालमा लोकतन्त्रले के गरिरहेको छ ?

यस्तो प्रश्नले ऐतिहासिकता, सामाजिक उचनीच र बजारमा अन्तरनिहित बलशाली तर्कको बचाउमा सोच्न उत्प्रेरित गरिरहन्छ । सोध्नुपर्ने मूल प्रश्न सोध्न सिकाउँदैन । त्यो प्रश्न यस्तो छ : नेपालले लोकतन्त्रसँग के गर्दै छ ? लोकतान्त्रिक व्यवस्थातर्फ रूपान्तरण गर्ने क्रममा नेपाली लोकतन्त्रले आफ्नै नजिर, कार्यक्षमता, सीमा र अभ्यास उत्पादन गरिरहेछ । त्यसैले नेपालमा लोकतन्त्रले के गरिरहेको छ भन्ने मूल प्रश्नको वरिपरि सहायक प्रश्नहरूको उत्तर खोज्दा राजनीतिक र सामाजिक रूपान्तरणबारे पर्याप्त सुझबुझ हासिल गर्न सकिँदैन । यस्तो अवस्थामा दोस्रो प्रश्नबेगर पहिलो प्रश्नको चित्तबुझ्दो उत्तरसमेत हात लाग्दैन ।

नेपालमा लोकतन्त्रले के गर्‍यो- यो प्रश्न धेरै सपाट छ । लोकतान्त्रिक व्यवस्था ल्याउने क्रममा र लोकतन्त्रपछि राज्य र समाजको वृत्तमा धेरै परिवर्तन आए । त्यसैले नेपाली समाजमा लोकतन्त्रलाई बुझ्न तथा यसका मूल चालक-शक्ति र त्यसमा निहित प्रक्रिया ठम्याउन कम वा बेसी महत्त्व बोकेका पक्ष र शक्ति केलाउनेतर्फ ध्यान गयो । त्यसरी नै परिवर्तन र त्यसका संवाहकलाई बुझ्ने गरियो । यस्तो बुझाइ जरुरी थियो तर पर्याप्त थिएन ।

नेपालजस्तो असमान र विविधता भरिएको समाजमा कुनै संस्था बनाउँदा सामाजिक विभेद महसुस गरिनुलाई 'स्वाभाविक' ठानिन्छ । यस्तो मान्यताले प्रारम्भदेखि नै सार्वजनिक संवादलाई प्रभावित गर्छ । सामाजिक असमानतालाई राजनीतिक सहमतिको आधार मान्छ । सबै किसिमका विभेदलाई नित्य रूपमा पुनरुत्पादन गरिरहने कार्यलाई 'स्वाभाविक' ठान्छ । तर लोकतन्त्रले अपेक्षित काम गर्न यस्ता राजनीतिक सहमतिलाई चुनौती दिन आवश्यक छ । विगतमा यस क्षेत्रमा केही काम भएका छन् । जस्तै, संविधान र त्यसमा निहित समानताका आश्वासनलाई आधार मान्ने र त्यसैको जगमा कानुनी राज्यको अपेक्षा गर्ने । नयाँ राजनीतिक थितिका आधारमा बनिरहेका नौला संस्थाहरू, यी संस्थामा भइरहेको वर्चस्वशालीको हालीमुहाली, यसैलाई आधार बनाएर गरिने राजनीतिक विरोध र सामाजिक आन्दोलनबारे घोत्लिने कार्य । चुनावको नित्य चक्र र त्यसबाट बनेका सभाहरूको वैधानिकता तथा जनमतलाई मानक मानेर आमवृत्तमा गरिने बहस । सार्वजनिक सम्बोधनका लागि बनाइएका विकास र योजना वरिपरि समृद्धि खोज्ने चाहना । राजनीतिक उपलब्धि र अनुपलब्धिलाई केन्द्रमा राखेर वैचारिकी, नेतृत्व र संगठनबारे गरिने सार्वजनिक बहस ।

नेपाली लोकतन्त्रको गतिशीलता बुझ्न हर्ताकर्तामा मात्र नभएर प्रक्रिया र संघ-संस्थामा केन्द्रित भएको अवस्थामा समेत लोकतान्त्रिक रूपान्तरणका भित्री तत्त्वहरूले कसरी काम गरिरहेका छन् भनेर ठम्याउन सकिन्न । त्यसैले नेपालले लोकतन्त्रसँग के गर्दै छ भन्ने दोस्रो प्रश्नतर्फ पर्याप्त ध्यान जानुपर्छ ।

ऐतिहासिकता : ऐतिहासिकताले राज्य र त्यसबाट निःसृत संघसंस्थाका आधारभूत मान्यतामाथि पकड जमाएको छ । यस्तो अवस्थाले सार्वजनिक राजनीति सञ्चालन हुने तौरतरिकालाई प्रभावित गरिरहेछ । ऐतिहासिक अभ्यासको निरन्तरता लोकतान्त्रिक रूपान्तरणलाई गतिरोध पुर्‍याउने मूलः शक्ति बनेको छ । तथापि सामाजिक र राजनीतिक रूपान्तरण भइरहेका छन् । यस्तो मान्यता राख्दासाथ तहगत परिवर्तनलाई ठम्याउँदै विगत र आगतसँग जन्मिएका विरोधाभास बुझ्ने कोसिस गरिन्छ । यस्तो बुझाइ सार्वजनिक बहसका आधार हुन सके कहाँ परिवर्तन हुन सक्यो, कहाँ ऐतिहासिकता बढी हावी भयो, ती पक्षको भेउ पाइन्छ ।

शासकीय वैचारिकीमा निहित दण्डहीनताको मानसिकता र त्यसले संघसंस्थाका अभ्यासमा उत्पादन गरिरहेका गैरजिम्मेवारीलाई नै हेरौँ। मानव अधिकार क्षेत्रमा भन्दा फराकिलो ढंगले हेरियो भने कानुनी राज्य निर्माण गर्न दण्डहीनता ऐतिहासिक गतिरोध बनिरहेको देखिन्छ। त्यति मात्र होइन, शासकीय मानसिकता र राज्यका सम्बन्धित निकायहरूमा दण्डहीनताको ऐतिहासिकताले घर बनाएको छ। न्याय प्रणाली र राजनीतिक संस्थाहरू यस्तो गतिरोधलाई चिर्न असमर्थ देखिन्छन् । अझ संरचनागत हिंसामा तात्त्विक सुधार ल्याउने सामर्थ्यको सर्वत्र पूर्ण अभाव छ ।

अर्को उदाहरण हेरौँ । पञ्चायतले राजसंस्थाका बफादारलाई मात्र मूल रैती ठान्दै ऐतिहासिकताको नाममा 'माटो सुहाउँदो प्रजातन्त्र' लाद्यो । त्यस्तो व्यवस्थाले सीमित रैतीको हितमा मात्र काम गऱ्यो । मुठीभर रैतीका लागि पञ्चायत 'सुखी, शान्त र समृद्ध' रहेकामा कुनै द्विविधा छैन। बहुदलीय व्यवस्थासँग राज्य र समाजमा विस्तार भइरहेको दलीयकरणले समेत खास किसिमको 'सार्वजनिक' राजनीति उत्पादन गरिरहेको छ। यसको मसिनो अध्ययन गर्न सके पञ्चायती शैलीबाट प्रभावित हुँदैन। दलीयकरणले केवल आफ्ना कार्यकर्ता र आसेपासेलाई 'जनता' मान्यो । सार्वजनिक संस्था र विश्वासको सञ्जाल निर्माण गर्न असफल रह्यो। सार्वजनिक संवादका प्रक्रिया प्रभावित भइरहे । आम ठानिने ती वृत्तहरूले राज्यका काम-कारबाहीलाई सार्वजनिक शक्तिले निर्दिष्ट गर्ने राजनीति अभ्यासतर्फ ढाल्न सकेनन्। इतिहास वरिपरि गरिने कार्यले लोकतान्त्रिक प्रक्रियासँग सार्वजनिक राजनीतिलाई एकीकृत गर्न भित्री तहका बाधाहरू र त्यसमा अन्तनिहित सीमाबारे घोत्लिन सघाएनन् ।

सामाजिक उचनीच : बहुदलीय थितिसँगै लोकतन्त्रले वर्ण-व्यवस्थाको भित्री तह पुरुषप्रधान पहाडी राजनीतिक वर्गको स्वार्थरक्षामा संगठित गर्न सफल भएको छ। यस्तो संगठित राजनीतिको वर्चस्वशाली मनस्थिति, त्यसले उत्पादन गर्ने आमवृत्त र तीसँग जोडिएका सबै किसिमका अभ्यासमा गहिरो प्रभाव छ। यस्तो अवस्थामा विभिन्न तरिकाले लोकतन्त्रबारे बोल्ने स्थान र दृष्टिकोण के-के हुन सक्छ ? यहाँ चार किसिमका सवालबारे विशेष ध्यान चाहिन्छ। एक- सामाजिक विविधताले लोकतन्त्रसँग कसरी संवाद गरिरहेको छ ? संवाद गर्न सकिरहेको छ कि छैन ? दुई- नयाँ बनेका सामाजिक संस्थासँग आमवृत्तमा भइरहेको परिवर्तनलाई सम्बोधन गर्ने सामर्थ्य किन सीमित छ ? तीन- शिक्षाले सामाजिक जिम्मेवारी बोकेको नागरिक उत्पादन गर्ने र राजनीतिलाई सार्वजनिक बनाउने कार्यमा फलदायी भूमिका खेलिरहेको छ कि छैन ? चार- पहिचानको राजनीतिको एउटा मूल उद्देश्य सामाजिक समुदायमा निहित पहिचान 'फुटाएर राज गर्ने' राजनीतिको आधारमाथि विजय पाउनु भए पनि पहिचानको पुनर्उत्पादन बेगर त्यस्तो राजनीति टिक्दैन। लोकतान्त्रिक संस्था र प्रक्रिया निर्माण गर्न यस्ता अभ्यासको निहितार्थ के हो ? यी चार अन्योन्याश्रित पक्षबारे गहिरिएर विचार नगरे सामाजिक उचनीचका बहसले लोकतान्त्रिक रूपान्तरणलाई अपेक्षित गति दिन सकिन्न ।

बजार : लोकतन्त्रवादीहरूले बजारलाई अर्थशास्त्रीका हातमा सुम्पँदा मूलतः अर्थतन्त्रको आयतन, वित्तीय संघसंस्थाहरू, राजस्व बढाउन सक्ने राज्यको क्षमता, बजेट तथा स्रोतको वितरण गर्ने र खर्च गर्न सक्ने क्षमतामा सम्पूर्ण ध्यान गयो । यी सबै प्रश्नको एउटै ध्याउन्न बजारलाई विस्तार गर्न र राजस्व बढाउन लोकतन्त्र कसरी सहायक हुन सक्छ भन्ने रह्यो। यस्तो धुनले 'प्रतिस्पर्धी' बजार वर्चस्वशालीका सेवामा कसरी दत्तचित्त छ, तिनै स्वार्थले वित्तीय संस्थाका विशेषतालाई कसरी प्रभावित गर्छन् र स्रोतको वितरणले किन विशिष्ट गति समातेको छ भनेर बुझ्न सघाउँदैन। ऐतिहासिक रूपमा वर्चस्वशालीका स्वार्थरक्षामा लागिरँहदा बजारले समावेशी विकास र दिगो आर्थिक वृद्धिका लागि काम गर्न सक्दैन। वैदेशिक श्रमको बाध्यता बलशाली रहिरहन्छ। आर्थिक स्रोत र सामर्थ्यको पुनर्वितरण गर्न भित्री तहहरू कसरी सहायक भइरहेका छन् वा छैनन् भनेर भेउ पाउन चार वटा अन्योन्याश्रित पक्षबारे ध्यान दिन जरुरी छ। एक- सार्वजनिक राजनीति र समग्र राजनीतिक प्रक्रियामा पुँजीको प्रभाव। दुई- राजनीतिक उन्नति बुझ्न विकास र प्रविधिको भूमिका। तीन- भौगोलिक विभेद एवं सामाजिक असमानतालाई सम्बोधन गर्न अधीर रहेको कर्मचारीतन्त्र र सुरक्षा संरचना। चार- भूमिको बजारीकरण, वैदेशिक श्रम, सहरीकरण र परिवर्तित महिला-पुरुष सम्बन्धजस्ता नयाँ सामाजिक प्रक्रियाको नित्य राजनीतिमा प्रभाव।

हिजोको एकात्मकवादी व्यवस्थामा यी प्रश्नहरूको उत्तर आवश्यक थिएन। कम्तीमा राजनीतिलाई सार्वजनिक बनाउने उद्देश्यसहित पक्कै थिएन । त्यसैले राज्यले सार्वजनिक ज्ञान-उत्पादनमा लगानी गरेन । प्रपञ्चमा गऱ्यो । लोकतान्त्रिक प्रतिनिधिहरूले समेत सजातीय शासकीय अभ्यासको ऐतिहासिकता ग्रहण गरिरहँदा न राजनीति सार्वजनिक अभ्यास बन्न सक्छ, न त २००७ सालताका प्रारम्भ भएको यात्राले अपेक्षाकृत बाटो कोर्न सक्छ । यस्तो विरोधाभासमा लोक मूलतः सुस्ताउने र अति भएपछि जाग्ने चक्रमा लोकतन्त्र भासिएको छ। सुसूचित नागरिकगण निर्माणतर्फ लोकतन्त्रले लगानी गरिरहेको छैन । न शासकीय वैचारिकीमा गतिशील परिवर्तन ठम्याउने र सम्बोधन गर्ने सामर्थ्य छ। यस्तोमा लोकतन्त्रले आफ्नो ध्येयअनुसार राजनीतिमा विश्वासको सञ्जाल समाहित गर्दै असमानतालाई सम्बोधन गर्ने सार्वजनिक राजनीति निर्माण गर्न धेरै गाह्रो छ। त्यसैले लोकतन्त्रमा लोक हराउने र यदाकदा जाग्ने सम्भावना प्रबल बनिरहेछ। ■

सुनको सिरानी, नुनको खोजी

स्रोतको अथाह भण्डार हुँदाहुँदै पनि ५१.२ प्रतिशत जनता बहुआयामिक गरिबीमै

चेतन अधिकारी

कर्णाली भन्नेबित्तिकै अधिकांश नेपालीको मनमस्तिष्कमा एउटै चित्र कोरिन्छ- पिछडिएको, गरिब र विकट हिमाली क्षेत्र । यहाँका बासिन्दाका लागि केही दशक अघिसम्म सहज रूपले नुन खान पाउनु पनि खुसीको क्षण हुन्थ्यो । राज्यसँगको सम्बन्ध र पहुँच त कर्णालीबासीका लागि धेरै टाढाको कुरा थियो । यो दुखेसो र प्रतिशोध प्रदेश सरकारको नीति तथा कार्यक्रममा पनि झल्किन्छ ।

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रमको भूमिकामा नै लेखिएको छ, 'नेपाल एकीकरणको अभियानमा कर्णालीका राज्यहरू अन्तिमसम्म लडिरहे, जसका कारण काठमाडौं त्यसैबेलादेखि नकारात्मक रह्यो र कर्णालीले पनि केन्द्रलाई कहिल्यै आफ्नो ठानेन । अब कर्णालीले पनि आफ्नो धारणा बदल्ने र केन्द्र सरकारको धारणा दुःखित छन् । तर अब आफूसँगको बिनाको पहिचान भइसकेकाले त्यसको भरपुर उपयोग गरेर कर्णालीको मुहार पाँचै वर्षमा बदल्ने प्रयासमा प्रदेशका संयन्त्र लागेका छन् ।

कतिपयले कर्णालीलाई 'सुनको सिरानी लगाएर नुनको खोजी गर्ने' प्रदेशको रूपमा पनि चिनाउन खोज्छन् । अर्थात्, यहाँ स्रोतको अथाह भण्डार छ तर त्यसको पहिचान र प्रयोग हुन नसक्दा मान्छे गरिबीमा बाँचिरहेका छन् । पाँचै वर्षमा कर्णालीबासीको मुहार फेर्ने

राजबहादुर शाही

कर्णालीको मुख्य चाड पुसे भैली मनाउँदै स्थानीय

बदलिँदो समयसँगै कर्णालीबासीको आत्मबल ह्वात्तै बढेको छ । यो प्रदेशले आफ्नो न्वारान र राजधानी सबभन्दा पहिले टुंग्याएर अन्य प्रदेशलाई उत्प्रेरित पनि गर्‍यो । पृथ्वीनारायण शाहको फौजसँग सजिलै नदबेका कर्णालीबासी आफ्नो त्यही बहादुरीका कारण केन्द्र सरकारले आफूहरूलाई सधैँ साधन-स्रोत र अवसरबाट वञ्चित गराएको दुखेसो गर्छन् । बदल्न सघन संवाद र सहकार्य गरिनेछ ।'

कर्णालीको एउटा दाबी रहेछ, लामो समयसम्म स्रोत-साधन नदिएर पछाडि पारिएको थलोलाई अब केन्द्र सरकारले विगतको क्षतिपूर्तिसहित यहाँको जनजीवन उकास्न उल्लेख्य स्रोतको विनियोजन गर्नुपर्छ । कर्णालीबासी अथाह स्रोत भए पनि कस्तुरीले बिनाको खोजी गरेजस्तो वर्षौं भौँतारिनु परेकामा लक्ष्य राखेर यहाँको प्रदेश योजना आयोगले पञ्चवर्षीय योजनाको आधार-पत्र तयार पारेको छ । प्रदेश सरकारको यो उत्साहलाई स्थानीय तहले पनि साथ दिएका छन् ।

अधिकांश स्थानीय तहका पदाधिकारी आफ्नै कार्यकालमा पालिकाको मुहार फेर्न सकियोस् भन्ने हुटहुटीमा देखिन्छन् । सञ्चार माध्यम र हल्लामा आएजस्तो कर्णालीका



स्रोत : कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजना आधार-पत्रको प्रस्तुति

स्थानीय सरकारले कामै नगरेका भने होइनन् । स्थानीय निकायबाट स्थानीय सरकारमा परिणत भएपछिको पहिलो कार्यकाल भएकाले जानी नजानी पाइला चाल्नुपर्दा कहीं-कतै कमजोरी भएको तर अपवादबाहेक नियत राखेर कसैले पनि गलत नगरेको जनप्रतिनिधि बताउँछन् ।

प्रदेश सरकारले कर्णालीको समृद्धिका लागि खास स्रोतको पहिचान गरेको छ । त्यसका लागि उसले नारा नै बनाएको छ- 'पानी, खानी, कृषि र वन, हाम्रा युवा हाम्रा धन ।' समग्र नेपालको औसतभन्दा झन्डै दोब्बर रहेको यहाँको बहुआयामिक गरिबीलाई घटाउनु प्रदेशका लागि चुनौती छ । यहाँका हरेक दुईमा एक जना गरिब छन् । अर्थात्, ५१.२ प्रतिशत जनता बहुआयामिक गरिबीबाट पीडित छन् ।

१० माघमा भएको प्रदेश विकास परिषद्को दोस्रो बैठकले दुई वर्षभित्र कर्णालीको गरिबीलाई आधा घटाउने दाबी गरेको छ । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष पुण्यप्रसाद रेग्मी भन्छन्, "विकासको मूलधारमा समाहित हुन वा दिगो विकास लक्ष्य हासिल गर्न अरू प्रदेशले हिँड्दा हुन्छ भने कर्णालीले दौडनुपर्छ । दौडेरै लक्ष्य हासिल गर्ने योजनामा छौं ।"

रेग्मीका अनुसार कर्णालीले विकासको मूलधार पछ्याउन र सुखारी कर्णालीको लक्ष्य हासिल गर्न पुँजीगत खर्च बढाउनेतिर सरकार लाग्नुपर्छ । हालसम्म २ प्रतिशत मात्र बजेट खर्च भएको अवस्थामा सुधार नहुने हो भने सुखारी कर्णालीबासीको लक्ष्य हासिल गर्न मुस्किल हुने देखिन्छ ।

क्षेत्रफलको हिसाबले सबै प्रदेशभन्दा ठूलो र अधिकांश सूचकमा सबभन्दा पछाडि रहेको कर्णाली राष्ट्रिय सूचकलाई भेट्न कसरी दौडिएला ? यस्तो महत्त्वाकांक्षी उपलब्धि कसरी हासिल होला ? कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाही प्रदेशले हरेक योजना अनुमानमा नभई तथ्यांकमा आधारित भएर बनाउने, त्यसैअनुसार उपलब्धिको मूल्यांकन पनि तथ्यांकमै मापन गरिने बताउँछन् । भन्छन्, "मैले करिब दुई वर्षको अवधिमा हेरें- कर्णालीमा धेरै योजना किन ल्याइए, किन कार्यान्वयन गरिए, त्यसबाट कसलाई, के लाभ भयो । त्यसको कुनै तथ्य आधार देखिनँ । त्यस कारण अब कर्णालीलाई विकासको मूलधारमा जोड्ने सुरमा छु । त्यसैअनुसार हामीले कर्णालीको आधारभूत तथ्यांक पनि अद्यावधिक गरेका छौं ।"

कर्णाली सञ्चार माध्यममा देखिएजस्तो विरूप र गरिब नभएकाले यहाँको जनजीवनलाई उकास्न सम्भव भएको तर्क जनप्रतिनिधिको छ । राजधानीका मिडियाले कहिले कर्णालीबासीले नुन खान पाएनन् भनेर लेखे, कहिले भोकमरीले मान्छे मरे भनेर लेखिदिए । यसैअनुसार मानिसले कर्णालीबारे धारणा बनाए ।

अर्कातिर गैरसरकारी संस्थाहरूले आफ्ना परियोजना सञ्चालन गर्न कर्णालीको विद्रूप रूप प्रस्तुत गरे । उनीहरूले अनुसन्धान त गरे तर आफू अनुकूल हुने गरी प्रतिवेदन बनाउन । "काठमाडौं बसेर कर्णालीको अनुमानकारिता गर्ने सञ्चार माध्यम र प्रोजेक्ट पर्ने गरी अनुसन्धान रिपोर्ट बनाउने एनजीओका कारण कर्णालीबासी सबैभन्दा दुःखी र पिछडिएका देखिएका हुन्," मुगु जिल्ला समन्वय समिति संयोजक पूर्णबहादुर रोकाया थप्छन् "त्यति धेरै पिछडिएका, अबुझ र गरिब छैनौं, जति कर्णालीबाहिरकाले हामीलाई बुझेका छन् । सुखारी कर्णालीको लक्ष्य हासिल गर्न हामी सक्षम छौं ।"

सडक, सूचना सञ्जालगायतले कर्णालीको परम्परागत खेती किसानीलाई व्यावसायिक बनाउँदै छ । कर्णालीको स्याउ र जुम्लाको मार्सी धानले बजार पाउन थाल्नुको कारण पनि यही हो । संघ, प्रदेश र स्थानीय सरकारले प्रणाली बसालिदिए जनता आफैं सुखारीको यात्रामा अग्रसर हुने विश्वास कर्णालीबासीको छ । ने

भरत जर्घामगर

सिरहाको भगवानपुर गाउँपालिका कार्यालय घेराउ गर्दै वृद्धवृद्धा

भत्ता माग्दै घेराउ

ज्येष्ठ नागरिक, विधवा, आंशिक र पूर्ण अपांगता भएका १ हजार २ सय १५ जना ८ महिनाको भत्ताबाट वञ्चित

भरत जर्घामगर/सिरहा

एक वर्षअघिकै ८ महिनाको भत्ता नपाएको भन्दै भगवानपुर-२ नरहाका ७६ वर्षीय सिल्टु यादव दम्पती लट्ठी टेकेर वृद्धवृद्धाको ऱ्यालीमा सहभागी भएर गाउँपालिका कार्यालय घेराउ गर्न पुगे। "आठ महिनाको भत्ता रकम पाएका छैनौँ," सिल्टु भन्छन्, "यो कात्तिकको समेत १२ महिनाको मासिक भत्ता पाउनुपर्नेमा कर्मचारीले चार महिनाको मात्रै दिए तर पोहोर सालकै आठ महिनाको दिएनन्।"

आठ महिनाको रकम नपाएपछि कर्मचारीले गायब गरेको भन्दै वृद्धवृद्धाको ऱ्यालीले पटक-पटक गाउँपालिका कार्यालय घेराउ गर्दै आए पनि सुनुवाइ भएको छैन। घेराउमै सहभागी भगवानपुर-४ ठाडीका वृद्ध दम्पती ध्यानी पासवान र गलियादेवीले भत्ता रकम नपाएकै कारण गुजारा चलाउन समस्या भएको गुनासो पोखे। ध्यानी दम्पतीका ५ छोरी थिए। छोरीहरूको विवाह भएर गएपछि ध्यानीले जेठी छोरी जीतियाका सन्तान नाति पवनलाई साथैमा राखे। पवनले घर बनाउने राजमिस्त्री काम गरेर ध्यानी दम्पतीको हेरचाह गर्छन्।

"सुकुम्बासी छौँ, नातिले हेरचाह गर्छन्, वृद्धभत्ता पैसाले हामीलाई जसोतसो खान पुगेको थियो," ध्यानी दम्पती भन्छन्, "'त्यही रकममध्ये पनि कर्मचारीले आठ महिनाको दिएका छैनन्।" गाउँपालिका कर्मचारीको लापरवाही र समयमै गाउँसभा हुन नसक्दा वृद्धाभत्ताका लागि आएको रकम फ्रिज भएको छ। भत्ता रकम फ्रिज भएपछि गाउँपालिकाका ज्येष्ठ नागरिक, विधवा, आंशिक र पूर्ण अपांगता भएका १ हजार २ सय १५ जनाले आर्थिक वर्ष ०७५/७६ को दुई किस्ताबापत ८ महिनाको रकम पाएका छैनन्।

यस आर्थिक वर्षको साउनदेखि कात्तिकसम्मको चार महिना सामाजिक सुरक्षा भत्ता रकम पाए पनि वृद्धवृद्धा, विधवा, ज्येष्ठ नागरिक गत वर्षको आठ महिनाको रकम नपाएपछि आक्रोशित छन्। उनीहरू दिनहुँ कार्यालय पुगेर भत्ता माग गरिरहेका छन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुजितकुमार यादव गत वर्ष आर्थिक मसान्तभित्रै भत्ता रकम दाखिला हुन नसक्दा फ्रिज भएकाले आठ महिनाको रकम वितरण गर्न नसकिएको स्वीकार्छन्। गाउँपालिकामा कर्मचारी अभाव र गत वर्ष जनप्रतिनिधिको खिचातानीका कारण समयमा गाउँसभा हुन नसकेको उनले सुनाए।

"म ०७५ वैशाखमा हाजिर भएको हुँ, त्यतिखेरसम्म गाउँसभा हुन सकेको थिएन," यादव भन्छन्, "एकातिर कर्मचारी अभाव थियो, हतारमा गाउँसभा गरेर योजनाका काम गर्दा सामाजिक सुरक्षा भत्ता रकम समयमा वितरण गर्न सकिएन।" फ्रिज भएको भत्ता रकम निकासाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गरेको उनको भनाइ छ। गाउँपालिका अध्यक्ष वेचनप्रसाद यादव गत आवको ८ महिनाको सामाजिक सुरक्षा भत्ता निकासाका लागि पहल भइरहेको बताउँछन्। ने

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

फागुन अंक

nari.ekantipur.com | narimagazine | @narimagazine

रङ

ओस्कारमा एसियाको सानदार यात्रा

कहिले किताब पढेको त कहिले नाटक हेरेजस्तो कोरियन सिनेमा *प्यारासाइट*

सुनिता लोहनी

२७ जुनको घमाइलो र ताजा बिहानी। चिट्ठा खोल्ने दिन । गाउँले एकै ठाउँ भेला हुन्छन् । पहिले बालबालिका पुग्छन् अनि अभिभावक ।

नाचगानपछि जसै चिट्ठा खुल्छ, गाउँलेमध्ये एक जनाको नाम ब्ल्याक बक्समा हुन्छ । जसको नाम निस्कन्छ, ऊ अगाडि आउँछ । मिस्टर समरले सबैलाई एकपछि अर्को चिट लिन बोलाउँछन् । चिट लिँदै खाली भएको देखाउँदै एकपछि अर्का गाउँले फर्किन्छन् ।

त्यहाँ हट्चिनसनको परिवार पनि हुन्छ । पत्नी टेसी हट्चिनसन ढिलो गरी पुग्छिन् । टेसी आउँछिन्, चिट लिन्छिन्, त्यहाँ कालो थोप्लो हुन्छ । त्यो थोप्लो अघिल्लो राती मिस्टर समरले लगाएका थिए । टेसी कराउँछिन्, याचना गर्छिन्, त्यो आर्तनाद न गाउँलेले सुन्छन्, न त पति र छोराछोरीले ।

गाउँलेले थुप्रै परम्परा भुले पनि ढुंगा हान्न भने बिर्सेका छैनन् । बालबालिकाले थुपारेका ढुंगा सबैले हातहातमा लिन्छन् । मिस्टर समरले सुरु गरौं भनेपछि टेसीमाथि ढुंगा हान्न थाल्छन् । यो कथा हो, सर्ले ज्याक्सनको । भर्खरै ओस्कार विजेता *प्यारासाइट* हेर्दा त्यस्तै भयानक अनुभव हुन्छ ।

प्यारासाइट अर्थात् परजीवी । दक्षिण कोरियाली चलचित्र *प्यारासाइट*को कथा परजीवीको यसै गुण/अवगुण वरिपरि घुमेको छ । राजधानी सोलमा दुई परिवार बस्छन् । पार्कको परिवार धनी छ भने किमको गरिब ।

पहिलो दृश्यमा किम परिवारले घरबाट बाहिर हेर्दा सडक देखिन्छ । झ्यालनजिकै जँड्याहाले पिसाब फेरेको दृश्यले किम परिवार कस्तो जीवन बाँच्न विवश छ भन्ने देखाउँछ । उनीहरू बस्ने घर सडकमुनि पर्छ । एउटा परजीवीले जसरी पृथ्वी र अन्य प्राणीलाई भीमकाय देख्छ, किम परिवारले त्यस्तै देख्छ, बाहिरी संसार । किम परिवारमा पिता कि टिक, आमा चुङ सुक, छोरी कि जोङ (जेसिका) र छोरा कि ऊ (केविन) छन् । उनीहरू पिज्जा राख्ने बक्स बनाउने काम गर्छन् ।

एक दिन छोरा केविनको धनी साथी मिन ह्युक घर आउँछन् । मिनले बाजेको महँगो ढुंगा र केविनका लागि आफ्नी प्रेमिकालाई अंग्रेजी पढाउन अफर दिन्छ । केविनले अंग्रेजी जाने पनि ऊसँग त्यसको प्रमाणपत्र हुँदैन । अन्ततः मिन र बहिनी जेसिकाको सहयोगमा उसले नक्कली प्रमाणपत्र बनाउँछ ।

पार्क परिवारको प्रख्यात आर्किटेक्ट नामगुङ ह्युनजाले डिजाइन गरेको भव्य घर छ । घरअगाडि ठूलो हरियो चौर, फराकिलो बैठक कोठा, आरामदायी फर्निचरले केविनलाई लोभ जगाउँछ । केविनले पार्क परिवारको सानो छोरा दा सङका लागि अमेरिकाबाट पढेर आएका कला शिक्षक र थेरापिस्ट भन्दै बहिनी जेसिकाको नाम सिफारिस गर्छ । यस्तै, जेसिका पार्क परिवारको पहिलेको गाडी चालकलाई षडयन्त्रपूर्वक निकाली पितालाई चालकमा राख्छिन् । पार्क परिवारको हाउसकिपर मुन क्वाङलाई आरूको एलर्जी हुन्छ । तर टीबी लागेको भनेर किम परिवारले षडयन्त्र बुन्छ र अन्ततः आमा चुङ सुकले सो ठाउँ लिन्छिन् । यसरी पूरै सदस्य पार्क परिवारका लागि काम गर्न थाल्छन् । केविन पार्ककी छोरीसँग रोमान्स गरिरहेका छन् । जेसिका र आमाबुबा मस्त ।

एक दिन पार्क परिवार बाहिर बस्ने गरी जान्छन् । किम परिवारका सबै जना रक्सी खाँदै, रमाउँदै हुन्छन् । केविन पार्क परिवारकी छोरीसँगको प्रेमप्रसंग परिवारलाई सुनाउँछन् । आमाबुबा हुनेवाला बुहारीका लागि पो काम गरिरहेको भन्दै खुसी हुन्छन् । त्यही हाँसो र खुसीबीच नसोचिएको पाहुना आइपुग्छ, घरमा । त्यसपछि जे हुन्छ, त्यसले दर्शकको मथिंगल खलबल्याइदिन्छ ।

यही *प्यारासाइट*ले ओस्कार अवार्डको ९२ औं संस्करणमा ६ विधामा मनोनीत भए पनि ४ अवार्ड जितेको छ । कोरियन भाषामै बोलेर पनि ओस्कार जित्ने *प्यारासाइट* पहिलो चलचित्र बनेको छ । यसले सर्वोत्कृष्ट चलचित्र, सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्र, निर्देशन र पटकथामा उत्कृष्ट हुँदै इतिहास रचेको छ ।

बोङ जुङ होको लेखन तथा निर्देशनमा बनेको फिल्म हेर्दा कहिले किताब पढेको अनुभव हुन्छ त कहिले नाटक हेरेजस्तो । नबोलाइएका पाहुना एक्कासि टप्किँदा र घटनाक्रम जसरी अघि बढ्छन्, त्यो हेर्दा थ्रिलर पढेभन्दा कम छैन । किम परिवारले गलत गरेको थाहा पाए पनि यथार्थ खुल्न लाग्दा दर्शकको आङ सिरिंग हुन्छ ।

यी 'ग्रे' पात्रहरूमाथि माया र दया एकसाथ आउँछ, दर्शकमा । मुटु हत्केलामा हाल्नुपर्ने दृश्य थुप्रै छन् । चाहे पार्क पतिपत्नीले बैठक कोठामा सम्भोग गर्दा टेबलमुनि लुक्न विवश किमका पिता, छोरा र छोरी हुन् या आधा रातमा किम भाग्न खोज्दा पार्कले समात्लान् कि भन्ने डर ।

सिनेमाटोग्राफी अद्भुत छ । कथाकारले कथा बताउँदा केवल पात्रलाई मात्र ध्यान दिएका छैनन्, प्रस्तुतीकरण पनि उत्कृष्ट छ । जस्तो, सुरूमै किम परिवार, उनीहरूको बैठक कोठा र त्यो कोठाको झ्यालसँग सीधा जोडिएको सडक देखाउँदा दर्शकले बुझ्न सक्छन्, पात्रको साँघुरो दृष्टिकोण । आफैं काम गरेर सुखी जीवन जिउने चाहनाभन्दा पनि अरूकै सम्पत्ति हत्याएर रमाउने लालसा जीवनको बुझाइ साँघुरो लाग्छ ।

मिस्टर पार्कले किम परिवारबारे गरेको एउटै प्रतिक्रिया धनी र गरिबबीचको खाडल दर्साउन काफी छ । एक दृश्यमा पार्कले चालक (पिता किम) बाट एक किसिमको दुर्गन्ध आउने पत्नीलाई सुनाउँछन् । धनीका लागि गरिब काम गर्ने मान्छे मात्र हो । त्यसले पुँजीवादी समाजलाई पार्कको दृष्टिकोणबाट गतिलो झापड हानेको छ । दर्शकले क्लाइमेक्स अनुमान गरे पनि छायांकनले शेक्सपियरका नाटकको झझल्को दिन्छ । प्रत्येक पात्र आफ्नो चरित्रमा फिट छन् । सबटाइटल पढ्नुपर्ने बाध्यता भए पनि हेर्दै जाँदा दृश्यमै भुलिन्छ ।

थ्रिलर र ब्ल्याक कमेडी विधामा बनेको *प्यारासाइट*ले ओस्कारमा मनोनीत भएदेखि नै तहल्का मच्चाएको थियो । आईएमडीबीमा १० पूर्णांकमा ८.६ पाएको प्यारासाइटले मार्टिन स्कोर्सिसको *द आइरिसम्यान* र क्वेनटिन ट्यारान्टिनोको *वन्स अपन अ टाइम इन हलिउड*लाई पछि पारेको थियो । पुरस्कार लिँदै बोङ जुङ होले मार्टिनको भनाइ द मोस्ट पर्सनल इज द मोस्ट क्रियटिभ (सबभन्दा व्यक्तिगत नै सबैभन्दा रचनात्मक हुन्छ) उद्धृत गर्दै धन्यवाद दिँदा मार्टिनका आँखा रसाएका थिए ।

यसपालि ओस्कारमा पनि गोरालाई बढी मनोनीत गरेको भन्दै आलोचना भएको थियो । ने

रजतपटभित्रको अँध्यारो

राजकुमार बानियाँ

कोसित कसको अफेयर चल्दै छ ? क–कसको सम्बन्ध टुट्यो ? कसको बिहे कोसित हुँदै छ ? यिनै सेलिब्रिटी मसलाको खोजीमा हुन्छन् मनोरञ्जन दुनियाँका पत्रकार । निरन्तर यस्तै समाचार, फिचर, टिडबिट्स अनि गसिपको खेतीपाती गरिरहेका हुन्छन् ।

कलाकारको काम हेर्नेभन्दा पनि निजी जीवन पढ्न चाहने नेपाली मनोविज्ञान बुझेका युवा रंगपत्रकार डीबी खड्काले १२ वर्षमा कुरा गर्ने तर नछाप्ने, छाप्ने तर नाम नखुलाउने सर्तबन्दीका कथालाई एकमुष्ट किताबी रूप दिएका छन्, *नियत : रंगीन दुनियाँका रंगहीन दृष्टान्त* ।

बाहिरबाट हेर्दा रजतपट ग्ल्यामरस हुन्छ नै । चम्किलो आवरणभित्र लुकेको मैलोधैलोको थाहापत्तो कि तिनै मनोरञ्जनकर्मीलाई हुन्छ कि खड्काजस्तै थरीथरीका अभिनेत्री, गायिका र मोडलहरूसित नजिकिएर तिनका अन्तरंग उधिन्न सिपालु पत्रकारलाई ।

अनि त अब्राहम लिंकनकृत प्रजातन्त्र परिभाषाको प्यारोडी लेखिदिन्छन्, मनोरञ्जन क्षेत्र पुरूषले पुरूषद्वारा पुरूषका लागि बनाएको हो । पुरूषका लागि रंगीन, महिलाका लागि फिका । पुस्तकका २० निबन्धमा खासगरी स्थापितभन्दा पनि नवप्रवेशी या संघर्षशील पात्र र प्रवृत्तिलाई केलाएका छन् । पाठकलाई खुल्दुली जाग्छ, आखिर को होला त त्यो पात्र ?

काम दिएबापत वा दिनुअघि कलाकारमाथि हुने यौन दुर्व्यवहार अर्थात् कास्टिङ काउचबाट काठमाडौंको सिने नगरी व्यथित छ । यहाँका निर्माता, निर्देशकदेखि अभिनेतासम्मलाई लाग्छ, महिला अभिनय जगत्मा आउनु भनेको भर्जिनिटी गुमाएको प्रमाणपत्र पाउनु हो या बिग्रिएकी केटीको लाइसेन्स हात पार्नु हो । सिर्फ देहदेखि देहसम्मको यात्रा हो । कुनै हिरोइनलाई प्रशंसकले नै धम्क्याउँछ, 'चाँडै विवाह गर्नुभयो भने हजुर विधवा हुने पक्का छ ।'

नारी कलाकार रातारात सितारा बन्न त चाहन्छन्, त्यसअनुरूप सीप र क्षमता बढाउन सक्दैनन् । र, अन्यायविरूद्ध बोल्ने आत्मविश्वाससमेत छैन । भोलि कसैले काम दिएन भने ? समाजमा इज्जत गयो भने ? सिने नगरीको विद्रूपता सँगसँगै कलाकारमाथिको अत्याचारलाई स्वाभाविक ठान्ने खतरा उत्तिकै छ ।

पुस्तकमा ग्ल्यामर संसारका यौनदेखि आर्थिक शोषणसम्मका विविध पाटा छन् । कहिले कसैको प्रेममा परेर सम्पन्न बन्छन् भने कहिले कसैको प्रेमका लागि आफूलाई रित्याइदिन्छन् पनि । खड्का नारी कलाकारका दुःखलाई नियति मात्र मान्ने पक्षमा छैनन्, बरू पुरूष नियतमै प्रश्न गरेका छन् ।

यो पुरूषले महिलाका निम्ति लेखेको किताब हो भन्नेमा कुनै द्विविधा छैन किनभने उनले महिलाप्रति समानुभूति राखेका छन् । मीटूको बतास आए पनि आन्दोलनको आँधीबेहरी नबनेकामा उनको चित्त बुझेको छैन । फिल्मी फोहोरमैलाका निम्ति जागरूक सफाइकर्मीको आवश्यकता पनि औंल्याएका छन् ।

स्टारको ठेकेदारदेखि नर्क पुगेको एउटा स्कुटीसम्म हेर्दा पुस्तक काव्यिक र चित्रात्मक छ । गुन्डाको भलाद्मी वैरभाव, दरबारमार्ग टू दुबई, मेटामोर्फोसिस : फ्यानबाट एसी, कोटभन्दा कमसल सम्बन्ध, पड्किन ठिक्क परेको सेल्फी, जिन्दगीमा रिटेक हुँदैन, फुपूको अखडा, पहिरन : चरित्रको सोरूम आदि शीर्षक आकर्षक छन् । किताबको शक्ति नै मीठो भाषा र शिल्प हो ।



नियत
लेखक : **डीबी खड्का**
प्रकाशक : **युरेका पब्लिकेसन**
पृष्ठ : **१८०**
मूल्य : **३२५ रुपैयाँ**

उपन्यासको उद्यम फलेफुलेका बेला मनोरञ्जन क्षेत्रको कुरूपता उदांगो पारिदिने लेखकको रहर प्रशंसायोग्य नै छ । सँगसँगै लेखकमा कताकता नकारात्मक माइन्डसेट भएको भनिने लघुताभास पनि देखिन्छ । साँचो अर्थमा पत्रकार आशावादी र निराशावादीभन्दा पनि यथार्थवादी हुनु जरूरी हुन्छ ।

विगत वर्षमा संसारभरि मौनता भञ्जक मीटू अभियान चल्यो । त्यसमा थुप्रै सेलिब्रिटी मुछिए पनि । तर खड्काले पात्रका रूपमा उभ्याएका कसैले यसमा सामेल हुने अठोट गरेको देखिएन । पात्रहरू खुलेको भए सायद पुस्तकको प्रयोजन पनि हुने थिएन । र, यो किताबको हुलिया शानदार गैरआख्यान हुन जान्थ्यो ।

जतिसुकै वास्तविक पात्रको दाबी गरे पनि पुस्तकमा नाउँ, थर, वतन या तिथिमिति केही उल्लेख छैन । खड्काले आफ्नो पत्रिका र सम्पादकको नाम हरेकजसो निबन्धमा झर्को लाग्ने गरी समेटेका छन् । तर पीडकको नाम लेख्ने आवश्यकता कहीं देखेका छैनन् । चरीको नामधारी पुरूषलाई कहाँ खोज्ने ? यसमा पाठकले लेखकको नियतमै प्रश्न गर्न सक्छन् । ने

तीन किताब

शिवहरि ज्ञवाली | अध्येता

जात व्यवस्थाको जाँतो

नेपाली समाजको चरित्र बुझ्नका लागि आहुतिलिखित **नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष** एक महत्त्वपूर्ण बौद्धिक खुराक हो । यसले आजको नेपाल राज्य र शासकीय सामाजिक संरचनाको गहन विश्लेषणका लागि तथ्यगत आधार प्रस्तुत गरेको छ । दक्षिण एसियाली समाज र वर्ग निर्माणको मौलिक जरो-किलो ठम्याउने एक आधार-स्तम्भ हुन सक्छ, यो । दलित समस्यालाई वर्गीय आँखाले हेर्ने मार्क्सवादी दृष्टिकोणमाथि आहुतिले प्रश्न मात्र गरेका छैनन्, समस्या समाधानको दीर्घकालीन उपाय पनि सुझाएका छन् ।

विगत दुई सय वर्षको इतिहास हेर्दा राज्यका संरचनामा सीमित परिवार, निश्चित समुदाय र लिंगको वर्चस्व देखिन्छ । अहिले पनि एकातिर लोकतान्त्रिक गणतन्त्र छ भने अर्कोतिर जात व्यवस्था । एक देश दुई राजनीतिक प्रणाली । पुस्तकमा आहुतिले दलित शब्दलाई पुर्नपरिभाषित मात्र गरेका छैनन्, हिन्दु सामन्तवादमा आधारित नेपाली समाज नै दलित र गैरदलित दुवै समुदायको मुक्तिका लागि बाधक भएको उद्घोष गरेका छन् ।

सैन्यबलले मात्र सधैं आम मानिसमाथि नियन्त्रण गरिरहन सम्भव हुंदैन । जात व्यवस्थालाई टिकाइराख्न सोहीअनुरूपको ज्ञान उत्पादन गर्नुपर्छ । त्यसका लागि नै हो, हिन्दु धर्मशास्त्रहरूको उत्पादन र प्रचार-प्रसार । ती धर्मशास्त्र र हिन्दु सामन्तवादमाथि आलोचनात्मक चेत सबल बनाउने अर्को किताब हो, **ह्वाइ आइ एम नट हिन्दु** । कथावाचन शैलीमा लेखिएको कान्चा इलैयाको यो पुस्तक लेखन शिल्पका दृष्टिले पनि निकै महत्त्वपूर्ण छ ।

दलित र नेपाली समाजसम्बन्धी केही अध्ययन र लेखन भए पनि दलित मुद्दामा लेख्नेहरूमा अनुभव र अनुभूति बेसी भएको आरोप पनि लाग्ने गर्छ । तर बदलिंदो परिवेशमा नेपाली समाज बुझ्ने वा दलित समस्यालाई बाहिर ल्याउने सबैभन्दा बलियो माध्यम नै उनीहरूका भोगाइ उजागर गर्नु हो । यो किताब आम दलितहरूले भोगेको समस्या र त्यसविरुद्ध प्रतिरोधको स्वर पनि हो । पुस्तकले दलित समुदायको आँखामार्फत हिन्दु दर्शन, व्यवहार, संस्कृति र अर्थराजनीतिसँग दरिलो प्रश्न उठाएको छ । दलित समुदायको बेग्लै गौरवपूर्ण इतिहास छ । हिन्दु समुदाय र दलितबीचको सांस्कृतिक भिन्नता, बालबालिकाको सामाजिकीकरण, यौन तथा पारिवारिक सम्बन्ध र सिकाइ प्रक्रियासमेत बेग्लै छ । त्यस्तै, हिन्दु र दलितहरूको ऐतिहासिक नायक-नायिका कुनै पनि सन्दर्भमा मिल्दैन । त्यसैकारण दलितहरूले आफूलाई हिन्दु भनिरहनु आवश्यक छैन भन्ने तर्क गर्छन्, इलैया ।

नेपालमा पनि सदियौंदेखि धर्मकै नाममा मन्दिरमा प्रवेशबाट वञ्चितहरूलाई जबर्जस्त निश्चित धर्मको बिल्ला भिराइंदै आएको छ । मानिसलाई भोकै मारेर मन्दिर विकासमा करोडौं बजेट खर्चिने राजनीतिक व्यवस्थाले कहिल्यै पनि सीमान्तीकृत समुदायको अधिकारलाई सम्बोधन गर्न सक्दैन । नेपालका अधिकांश अल्पसंख्यक तथा दलित समुदायको इतिहास र गौरवको पहिचान राज्यले गर्न सकेको छैन । उनीहरूको इतिहास बहुसंख्यक हिन्दुहरूको इतिहाससँगै विलीन भएको छ । आफ्नो बेग्लै इतिहास र गौरवको पहिचानका लागिसमेत *ह्वाइ आइ एम नट हिन्दु* महत्त्वपूर्ण पाठ हो ।

सीमान्तीकृत समुदायको संवेदनशीलता बुझ्न एउटा बलियो स्रोत हुन सक्छ, **एन इमेज अफ अफ्रिका** । नाइजेरियाली लेखक चिनुवा अचिबेको विवादास्पद यो गैरआख्यानमा ब्रिटिस साहित्यकार जोसेफ कोन्राडको *हार्ट अफ डार्कनेस*माथि आलोचना गरिएको छ । अफ्रिकालाई अन्यकरण गरेकाले घोर जातिवादी लेखकको आरोप कोन्राडमाथि लगाएका छन्, अचिबेले ।

सीमान्तीकृत समुदायमाथि साहित्यिक हस्तक्षेपको विरोध कसरी गर्नुपर्छ भन्ने बलियो उदाहरण पनि हो, यो किताब । अफ्रिकीमाथि बाहिरी दुनियाँले पालेको पूर्वाग्रही दृष्टिकोणलाई प्राज्ञिक कर्ममार्फत चुनौती मात्र दिएनन्, प्रतिकारसमेत गरे, अचिबेले । अफ्रिकी इतिहास, कला र संस्कृतिबारे कम अध्ययन गरेका कोन्राडले उपन्यासमा अफ्रिकीहरूलाई साम्राज्यवादी बेलायती आँखाभन्दा भिन्न तरिकाले हेर्न सकेनन् । कुनै पनि समुदायका विषयमा लेखिएका गलत तथ्य र भाष्यले कालान्तरमा 'शक्ति-सम्भ्रान्त' र 'सर्वसाधारण' बीचको तीव्रत्तर आर्थिक, सामाजिक, राजनीतिक र मनोवैज्ञानिक वर्ग विभाजनमा मद्दत पुऱ्याउँछ । कंगो नदी तटमा बस्ने फाङ जातिको कला, कौशललाई उपन्यासमा बेवास्ता गर्दै अफ्रिकीलाई अपमानित र अमानवीयकरण गरेको हुंदा यसलाई साहित्यका रूपमा स्वीकार्न नसकिने अचिबेको तर्क महत्त्वपूर्ण छ । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

औसत प्रदर्शन

शीर्ष ३ मा अटाएर विश्वकप छनोट खेल्न धेरै सुध्रनुपर्ने अवस्थामा नेपाली टोली

पवन आचार्य

क्रिकेट विश्वकप लिग २ को तीन वर्षे चरण घरेलु मैदानबाट सुरु गर्न पाउँदा नेपाली टोली उत्साही हुनु स्वाभाविकै थियो। नेपालको प्लेइङ कन्डिसनमा खेल्न पाहुना टोलीलाई निकै गाह्रो हुने गर्छ। त्यसमाथि १२ औं खेलाडीका रूपमा रहेका घरेलु समर्थकको साथको त कुरै गर्नु परेन। त्यसैले पनि ओमान र अमेरिका सम्मिलित त्रिकोणात्मक सिरिजमा ८ अंक बटुल्ने लक्ष्य नेपालको थियो।

कप्तान ज्ञानेन्द्र मल्ल पनि त्यही भन्थे तर नतिजा ठीक विपरीत आइदियो। पहिलो खेलमा ओमानलाई १८ रन अन्तरको संघर्षपूर्ण नतिजा सुम्पिएको नेपालले रोमाञ्चक खेलमा अमेरिकालाई ३५ रनले पराजित गऱ्यो। तर वान डे क्रिकेटमै अहिलेसम्मकै ठूलो स्कोर गर्दै २ सय ५० रनको लक्ष्य दिएको नेपाल ओमानसँग तेस्रो खेलमा ८ विकेटले पराजित भयो।

सान्त्वना जित दर्ता गर्ने क्रममा नेपालले चौथो खेलमा अमेरिकामाथि कीर्तिमानी जित निकाल्यो। अमेरिकालाई २ पटक हराएको नेपालले ४ अंक जोड्न भ्यायो। ओमानले सबै ४ खेल जित्दै आफूलाई लिग २ को शीर्ष स्थानमा उकाल्ने क्रममा १६ अंक पुऱ्यायो। ओमानभन्दा २ खेल बढी खेलेको अमेरिका १२ अंकमा तालिकाको दोस्रो स्थानमा चिप्लियो। ७ राष्ट्र सम्मिलित लिग २ मा ४ अंकसहित नेपाल खाता नै नखोलेको पपुवा न्युगिनीभन्दा १ स्थान माथि अर्थात् छैटौंमा छ।

लिग २ मा नेपालको प्रदर्शन औसत रह्यो। शीर्ष ३ मा अटाएर विश्वकप छनोट खेल्नका लागि नेपाली टोलीले धेरै सुधार गर्नुपर्ने खाँचो छ। यस्तोमा घरेलु मैदानमा भएको सिरिजमा नेपालले ८ अंक बटुल्न सकेको भए राम्रै भरथेग हुन्थ्यो। तर ओमानसँगको खेलमा बलिङ र ब्याटिङ दुवैमा नेपालले आत्मसमर्पण गरेजस्तो देखिन्थ्यो।

कप्तान ज्ञानेन्द्र पनि ओमानसँगको खेलमा अपेक्षाअनुसारको प्रदर्शन हुन नसकेको स्वीकार्छन्। "पहिलो खेलमा बलिङ चल्दा ब्याटिङ चलेन। पछि ब्याटिङ राम्रो भयो। २ सय ५० रनको टार्गेट दिँदा पनि बलिङ चलेन र हार्नुपऱ्यो," उनी सुनाउँछन्। तर सिरिजमा अझै धेरै खेल बाँकी रहेकाले अहिले नै केही भन्न नमिल्ने मल्लको भनाइ थियो।

ड्रिम डेब्यु

कुनै पनि खेलाडीका लागि राष्ट्रिय टिमबाट डेब्यु गर्न पाउनु महत्त्वपूर्ण त हुन्छ नै। अझ डेब्यु म्याचमै राम्रो प्रदर्शन गर्न सकिए सुनमा सुगन्ध भइहाल्यो। लिग २ मा यस पटक राष्ट्रिय टोलीबाट ४ जनाको डेब्यु भयो। सुशन भारी, कुशल मल्ल, कमलसिंह ऐरी र अविनाश बोहरा। यीमध्ये कुशल र सुशनको डेब्यु यादगार भयो। भनौं, ड्रिम डेब्यु गर्न पाए, यी दुई खेलाडीले।

कुशलले रोहितकुमार पौडेलको स्थानमा डेब्यु गरेका थिए। गजबको संयोग त के भने रोहितको स्थानमा खेल्दै उनले रोहितकै विश्व

हेमन्त श्रेष्ठ

^ अमेरिकालाई पराजित गरेपछि नेपाली टोली, २९ माघ

कीर्तिमान तोडे। अमेरिकाविरुद्ध एक दिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेका कुशलले कीर्तिमानी अर्धशतक बनाए। कुशलले ४९ बलमा ४ चौका र ३ छक्का प्रहार गरे। उनी एक दिवसीय अन्तर्राष्ट्रियमा अर्धशतक प्रहार गर्ने सर्वाधिक कम उमेरका खेलाडी बने। कुशलले १५ वर्ष ३ सय ४० दिनमा अर्धशतक बनाएका हुन्।

यसअघि रोहितले १६ वर्ष १ सय ४६ दिनको उमेरको कीर्तिमान बनाएका थिए। ४९ रन बनाउँदा ५ विकेट गुमेको नेपालका लागि छैटौं स्थानमा ब्याटिङ गर्न आएका कुशलले विनोद भण्डारीसँग उत्कृष्ट साझेदारी गर्दै नेपालको इनिङ उकासेका थिए। उनले आफ्नो दोस्रो खेलमा ओमानविरुद्ध समेत राम्रो प्रदर्शन गरे। सिरिजमा कुशलले नेपालका लागि तेस्रो सर्वाधिक रन जोडे। ३ खेलमा ७८ रन बनाएका उनको १ सय ४ को स्ट्राइक रेट छ। लिगमा ६५ रनभन्दा माथि बनाउने खेलाडीको स्ट्राइक रेटमध्ये कुशल दोस्रो स्थानमा छन्।

त्यस्तै, बायाँ हाते स्पिनर सुशन भारीको डेब्यु पनि उत्कृष्ट भयो। सिरिजअघि धेरैले अनुभवी स्पिनर वसन्त रेग्मीलाई नेपाली टोलीले मिस गर्ने लख काटेका थिए। तर सिरिजपछि अवस्था बदलियो र अब धेरैले सुशनलाई सम्झिन थालेका छन्। ओमानविरुद्धको पहिलो खेलमा डेब्यु गरेका सुशनले सिरिजमा तारिफयोग्य प्रदर्शन गरे। उनले डेब्यु खेलमै ३ विकेट हात पारेका थिए। सुशनले डेब्यु बलमै ओमानको विकेट लिएका थिए। आफ्नो पहिलो ओभरमा जसन मसुद र सुरार कुमारलाई आउट गर्दै सुशनले ओमानको इनिङ धरापमा पारेका थिए।

अमेरिकाविरुद्ध पनि आफ्नो स्पेलको पहिलो बलमा सुशनले विकेट लिए। लिग २ को ४ खेलमा उनले ११ विकेटमा आफ्नो नाम लेखाए। उनी नेपालका लागि सर्वाधिक विकेट लिने खेलाडी पनि बने। त्यस्तै, ४ खेल मात्रै खेल्दा सुशन लिग २ को सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष १० भित्र परिसकेका छन्। यसैबाट उनले खेलकौशल स्तरको परिचय दिइसकेका छन्। डेब्यु सिरिजमै यस्तो प्रदर्शन गर्ने सौभाग्य धेरै कम खेलाडीको मात्रै हुन्छ।

सन्दीपको त्यो स्पेल

नेपाली क्रिकेटका ग्लोबल आइकन बनेका सन्दीप लामिछानेले लिग २ अघि घोषणा गरे- सिरिजमा लिने प्रत्येक विकेटबापत चितवनमा बन्ने क्रिकेट रंगशालालाई ८ हजार ८ सय ४८ रुपैयाँ सहयोग गर्छु। तर ओमानविरुद्धको पहिलो खेलमा विकेटविहीन भए, सन्दीप। दोस्रो खेलमा उनले अमेरिकाविरुद्ध २ विकेट लिए पनि ओमानसँगको खेलमा फेरि विकेटविहीन भए। तर अन्तिम खेलमा अमेरिकालाई जम्मा ३५ रनमा अलआउट गर्ने क्रममा नेपालले १२ ओभर मात्र बलिङ गर्दा सन्दीपले ६ तथा सुशनले ४ विकेट लिए। नेपालका लागि एक दिवसीय अन्तर्राष्ट्रियमा ५ विकेट लिने दोस्रो खेलाडी बन्दै हालसम्मकै उत्कृष्ट बलिङ प्रदर्शन गरेका सन्दीप खेलको म्यान अफ द म्याच भए।

एसोसिएट राष्ट्रमध्ये यो दोस्रो उत्कृष्ट बलिङ प्रदर्शन हो। यसअघि अफगानिस्तानका राशिद खानले वेस्ट इन्डिजविरुद्ध एकै खेलमा ७ विकेट लिएका थिए। तर सन्दीपले त्यसबारे ठट्यौली पारामा भने, "राशिद टेस्ट खेलाडी भइसके। अब त मै नम्बर वान हो।"

सिरिजमा राम्रो प्रदर्शन गर्न नसकिएको र विशेषतः ओमानविरुद्ध विकेट लिन नसकिएकामा उनलाई पछुतो छ। भन्छन्, "दुर्भाग्य भन्नुपर्छ, ओमानसँग विकेट लिन सकिएन। खेलाडीको जीवनमा यस्तो भइरहन्छ। ओमानसँग अट्याकिङ बलिङ सायद कसैले गर्न सक्दैन होला।" ओमानविरुद्धको दोस्रो खेलमा नेपालले २ सय ४९ रन बनाए पनि पराजित भएको थियो। सोही खेलमा सन्दीपले १० ओभरमा बिना कुनै विकेट ६५ रन खर्चेका थिए।

कीर्तिमानको ओइरो

लिग २ को अन्तिम खेलमा नेपालले अमेरिकालाई ३५ रनमै समेट्दै ८ विकेटको जित दर्ता गर्दा थुप्रै कीर्तिमान बन्यो। टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले नेपाली स्पिनरसामु घुँडा टेक्यो। अमेरिका १२ ओभरमा ३५ रनमै अलआउट भयो। नेपालले अमेरिकालाई एक दिवसीय अन्तर्राष्ट्रियकै न्यून स्कोरमा समेटिदियो। श्रीलंकाले सन् २००४ मा जिम्बाबेलाई ३५ रनमै अलआउट गरेको थियो।

सो खेलमा एक दिवसीय अन्तर्राष्ट्रियमा सबैभन्दा कम बल खेल्ने कीर्तिमान अमेरिकाको नाममा बन्यो। सन् २०१७ मा अफगानिस्तानसँग ५४ रनमा अलआउट हुँदा जिम्बाबेले १३ दशमलव ५ ओभर खेलेको थियो। नेपालसँग अमेरिका त्योभन्दा ११ बलअगावै अलआउट भयो। जवाफमा नेपालले ५ दशमलव २ ओभरमै जित हात पार्‍यो। ६ सय बलको खेलको नतिजा मात्रै १ सय ४ बलमै आयो।

नेपालले एक दिवसीय अन्तर्राष्ट्रियमा तेस्रो चाँडो लक्ष्य पछ्याउने कीर्तिमान पनि सोही खेलमा बनायो। यसअघि श्रीलंकाले जिम्बाबेलाई २००१ मा कोलम्बोमा हराउँदा लक्ष्य ४ दशमलव २ ओभरमा हात पारेको थियो। सोही खेलमा ६ ओभरमा एक मेडन राख्दै ६ रन खर्चेर ६ विकेट लिएका सन्दीपले एक दिवसीय क्रिकेटमा नेपाली बलरमध्येबाट सर्वोत्कृष्ट प्रदर्शन गरे। सोमपाल कामीले गत वर्ष दुबईमा संयुक्त अरब इमिरेट्स युएईविरुद्ध ३३ रन खर्चेर ५ विकेट लिनु नेपाली बलरले यसअघि एक दिवसीयमा लिएको सर्वाधिक विकेट थियो। ने

८ प्रश्न | प्रज्ज्वल ओली

‘सधैं राम्रो लेख्न मुस्किल’

द *राइजिङ नेपाल*मा पत्रकारिता थाल्दा प्रज्ज्वल ओली पनि राजनीति र आर्थिक बिट हेर्थे । सानोमा खेलेको फुटबल सम्झेर उनले एक वर्षपछि नै खेल बिट समाए । त्यसको १५ वर्षपछि इन्टरनेसनल स्पोर्ट्स प्रेस एसोसिएसन (एआईपीएस) को आठ हजार डलरसहित उत्कृष्ट अवार्ड जिते ।

द *काठमान्डु पोस्ट*मा कार्यरत ओली विश्वका १ सय २५ मुलुकका खेल पत्रकारको समाचारलाई पछाडि पार्दै अवार्ड जित्ने एसियाकै पहिलो पत्रकार बने ।

जुन विषयमा लेखेर विश्वमै उत्कृष्टताको उपाधि पाउनुभयो, त्यो समस्याबारे सम्बन्धित निकायले केही सम्बोधन गर्‍यो ?

खेलकुदसम्बन्धी संघ वा राष्ट्रिय खेलकुद परिषद् (राखेप) बाट कुनै प्रतिक्रिया आएन । समाचार लेख्दा खेल संघसंस्था १ सय ९३ थिए भने ५० वटाले दर्ताका लागि आवेदन दिएका थिए । त्यस्ता संस्था अहिले त झन् बढे होलान् ।

खेल नभए पनि त्यससम्बन्धी संघचाहिं किन खोलिने रहेछ ?

संघ खोलेपछि त्यसका पदाधिकारीको सामाजिक मर्यादा माथि हुने भयो । खेलसम्बन्धी अन्तर्राष्ट्रिय महासंघहरूको निम्तोमा विदेश भ्रमणमा जान पाइने अनि आफन्तलाई खेलाडी बनाएर लैजान पनि पाइने ।

व्यक्तिगत फाइदाकै लागि संघ बनाएको अन्तर्राष्ट्रिय महासंघलाई थाहा हुँदैन ?

थाहा पाएरै यो सब भइरहेको छ । महासंघले पनि हरेक देशमा संघ गठन भएपछि आफ्नो सञ्जाल विस्तार भएको देखाउन पाउँछ । राखेपले संघलाई मान्यता दिएपछि अन्तर्राष्ट्रिय महासंघलाई राजनीतिक फाइदा हुन्छ । खेलकुदमा थोरै बजेट हुने हाम्रोजस्तो मुलुकका झोले खेल संघलाई केही रकम दिएपछि उनीहरूका पक्का भोटर हुन्छौं । महासंघले चुनावी समीकरणमा यस्ता संघलाई उपयोग/दुरूपयोग गर्न पाउँछ ।

यो प्रवृत्ति कसरी रोक्न सकिन्छ ?

अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरेर पदक भित्र्याउन सकिने सम्भाव्य खेल कुन-कुन हुन् भनेर राखेपले अध्ययन गर्नुपर्‍यो । प्राथमिकता निर्धारण गरेर बजेट छुट्याउनुपर्‍यो । जुन खेल सक्रिय नै छैन, त्यसमा बजेट खन्याउँदा सक्रिय खेलको विकासमा धक्का लाग्छ ।

यो समाचारबाट अवार्ड जित्ने अपेक्षा थियो ?

सुरूमा आवेदन हाल्दा जित्छु भन्ने फिटिक्कै थिएन । उत्कृष्ट ३० मा परेपछि केही आशा पलायो । उत्कृष्ट ३ मा पुगेपछि दुइटै समाचार पढें । मेरो समाचार यीभन्दा कमजोर छैन भन्ने लाग्यो ।

हाम्रो र विकसित मुलुकको खेल पत्रकारिताबीच के अन्तर रहेछ ?

युरोप र हाम्रो त तुलनै हुन सक्दैन । सूचनामा उनीहरूको असीमित पहुँच छ । कुनै खेलको तथ्यांक उनीहरू बसेकै ठाउँमा आइपुग्छ । हाम्रोचाहिं लिन जाँदा पनि पाइँदैन । सूचना दिने निकायले योजनाबद्ध ढंगको सूचना राख्दैन । लेखन क्षमताका हिसाबले हाम्रो खेल पत्रकारिताले संसारभरका पत्रकारसँग प्रतिस्पर्धा गर्न सक्छ । नेपालले पाएको अवार्डले पनि यो कुरा पुष्टि गर्छ ।

उपाधि पाउनुअघि र पछि आफूमा के भिन्नता महसुस गर्नुहुन्छ ?

सुरूमा त म नि:शब्द बनें । पत्याउनै बेर लाग्यो । तर अहिलेचाहिं यो उपाधिलाई नै आफ्नो चुनौती ठान्दै छु । हरेक काम गर्दा म सधैं उपाधि जितेको रिपोर्ट सम्झन्छु र योभन्दा अझ राम्रो लेख्नुपर्छ भन्ने सोच राख्छु । सधैं राम्रो लेख्नु आफैंमा चुनौती हो ।

तपाईंको समाचारले उत्कृष्टताको उपाधि पाए पनि रिपोर्टमा उठाइएको समस्या ज्यूँका त्यूँ रहेछ नि ?

यसका दुइटा पाटा छन् । पहिलो- हिजोआज पत्रकारिताको प्रभावकारिता कम भएको हुन सक्छ । दोस्रो- अंग्रेजी भाषाको पत्रकारिताले नेपालमा एजेन्डा सेटिङ गर्न सक्दैन । यही कुरा नेपाली भाषामा छापिएको भए कम्तीमा बहसको थालनी हुन्थ्यो ।

▪ **मनबहादुर बस्नेत**

धरहरा र प्रधानमन्त्री

किशोर नेपाल

केही समय अघिदेखि यो स्तम्भकारको हार्दिक इच्छा थियो- राष्ट्रिय महत्त्वाकांक्षाका प्रतीक भीमसेन स्तम्भ 'धरहरा' बन्नुभएका सम्माननीय प्रधानमन्त्री 'कामरेड' केपी शर्मा ओली र अन्य सम्माननीय तथा माननीय सबैका लागि आदरार्थी शब्दहरूको लच्छेदार प्रयोग गर्ने । सो इच्छा आजैका दिनमा पूरा भयो । स्तम्भकारलाई आफूले 'विनम्रता' र 'शालीनता' नछाडेको जानकारी प्रधानमन्त्रीज्यूमा चढाउने ठूलो इच्छा पनि थियो । त्यो पनि पूरा भयो । कालक्रमका हिसाबले सम्माननीय महोदय र स्तम्भकारका बीच उमेरले धेरै दिनको जेठो/कान्छो छैन । यो पनि अर्को जटिल प्रश्न हो । सम्माननीय छेउ गएर 'हजुरको उमेर कति भो ?' भनेर सोध्नु अशिष्टता हुन्छ । त्यसैले त्यतातिर नलागेकै बेस होला ।

प्रधानमन्त्रीज्यू त्यत्तिकै भीमसेन स्तम्भ धरहराको प्रतीक पुरूष बन्नुभएको होइन । उहाँले ३० चैत ०७१ मा आफन्त र कार्यकर्ताहरूलाई दायाँबायाँ लगाएर धरहराको आरोहण गर्नुभएको थियो । दुर्भाग्य कि, त्यो आरोहणको केही दिनपछि अर्थात् ०७२ वैशाख १२ मा देशमा ठूलो भुइँचालो गयो । त्यो भुइँचालोले छँदाखाँदाको धरहरालाई हेर्दै घीनलाग्दा तीन वटा टुँडोमा परिणत गरिदियो । अर्थात्, धरहरा तीन टुक्रा भयो । भुइँचालोको केही समयपछि अध्यक्ष कामरेड ओली प्रधानमन्त्री हुनुभयो । उहाँ त्यसपछि भग्न धरहराको पुनर्निर्माणको विजयगान गाउँदै घटनास्थल पुग्नुभयो । उहाँका धेरै अनुयायीको भनाइ थियो- प्रधानमन्त्री ओलीको अदम्य सम्पदा मोहको प्रमाण थियो, त्यो यात्रा । त्यसो त, धरहरा नेपाली सम्पदाको प्रतीक नभएको विज्ञ भनाइ सार्वजनिक नभएका होइनन् । तर सम्माननीय प्रधानमन्त्रीले बोल्नु भएपछि बोल्नुभयो, बोल्नुभयो । त्यसमा तर, यदि, किन्तु, परन्तुको कुरै भएन ।



'हाम्रो सम्पदा-हाम्रो धरहरा' यो नौतले मुसलमानी शैलीको ६२ मिटर अग्लो मिनार किन बनाएका थिए, भीमसेन थापाले ? यसका लागि उनलाई महारानी ललितत्रिपुरासुन्दरीको निगाह प्राप्त थियो । रमाइलो कुरा, हाम्रा सम्माननीयज्यूलाई दुबईको बुर्ज खलिफा ८ सय २८ मिटर अग्लो भएको, अमेरिकाको इम्पायर स्टेट बिल्डिङ ३ सय ८१ मिटर अग्लो र प्रेमको सदावहार चुचुरो आइफल टावर ३ सय २४ मिटर अग्लो छ भन्ने थाह नभएको होइन ।

व्यंग्य चित्रकार रविन सायमिले बिहानै सम्झाइ दिए, 'मिडियाले तिमी भनेर सम्बोधन गर्दा हामी अपमानित होइबक्सिएका छौं ।' त्यतिबेला स्तम्भकारको मन चरर्र चिरियो । हो नि, आदर पाउने ठाउँमा मानिसको पहुँच भएपछि आदरको खोजी गर्नु स्वाभाविकै हो ।

हो त, सम्मानयोग्य व्यक्तिलाई सम्मान दिनैपर्छ । यो साँचो कुरा हो नि । नेपाली भाषामा मान-सम्मान, जूठो-सूतक, लाज-घीन र पाप-धर्म सूचक शब्दहरू नै नभएजस्तो, राष्ट्रपति, प्रधानमन्त्रीलगायत इज्जतदार ओहोदा सम्हालेर बसेका माननीय मन्त्रीज्यूहरूसमेतलाई अमर्यादित 'तिमी' शब्दले कसरी सम्बोधन गर्न सकेको ! यो त अति नै भयो । अति भनेपछि कति कति ।

सरकारमा बसेका नेतागणलाई यो कुराको राम्रो ज्ञान छ कि नेपालका सञ्चारकर्मीलाई भाषा, संस्कृति र साहित्यको कुनै समझ नै छैन । भाषासँग भोजन जोडिएको हुन्छ । मासको वा मुगको बारा किन सानो हुन्छ ? ममचा किन डल्लो हुन्छ ? नेपालमा संस्कृति-संस्कार, भजन र भोजनको रक्षा अहिलेसम्म कसले गरेको छ ? उपत्यकाका नेवारले होइन ? त्यसैले साहित्य-कला र संगीत-नाटक, सबै एकेडेमी काठमाडौं उपत्यकामा नै राख्नुपर्छ । कुनै बेला उहाँ प्रधानमन्त्रीज्यूबाट यस्तै मर्जी भइबक्सिएको थियो । सुन्नेहरूमा यो स्तम्भकार पनि थियो । सम्माननीय प्रधानमन्त्रीज्यूको ससुराली सुन्तलाटार होइन, यही काठमाडौं सहर हो । सम्माननीयमा कला, साहित्य र संस्कृतिप्रति जुन रूचि छ, त्यो ससुरालीको देन होइन भनेर को भन्न सक्छ ?

त्यही समझको विकास गराउन सरकारले पत्रकारलाई लाइसेन्स दिंदा तोकिएअनुसार जाँच दिनुपर्ने खोचे थाप्न खोजेको थियो, कानुनमा । तर पत्रकारले ढिमिक्क चलहल गर्न नदिएपछि त्यो कुरा तुहियो । भनेपछि, के अब स्थानीय तह, प्रदेश र संघका सञ्चारकर्मीले सम्मानको वाणी नै न बोल्ने भए त ? प्रश्नहरू जटिल छन् । ने

सरकारमा बसेका नेतागणलाई यो कुराको राम्रो ज्ञान छ कि नेपालका सञ्चारकर्मीलाई भाषा, संस्कृति र साहित्यको कुनै समझ नै छैन ।

भित्तामा हिप्पी

हिप्पीहरू इतिहास भइसके तर झोछेँमा उनीहरूले राखिदिएको नाम 'फ्रिक स्ट्रिट' अहिले पनि हरेकजसो पसलका होडिङबोर्डमा कायमै छ ।

व्यक्तिगत स्वतन्त्रताको खोजीमा पश्चिमा मुलुकबाट सन् १९६० को दशकमा नेपालसम्म आइपुगेका हिप्पीको रोजाइमा पर्थ्यो, स्नोम्यान क्याफे । सन् १९६५ मा रामप्रसाद मानन्धरले खोलेको यो क्याफेमा चिया र कफीका भेराइटी पाक्छन् । यहाँ बन्ने केक स्वादका लागि प्रसिद्ध छ । त्यसभन्दा बढी स्नोम्यान भित्ताका लागि नामी छ ।

दुई तले यो क्याफेमा हिप्पीहरूले बनाएका पेन्टिङ त छँदै छन्, त्यसमाथि नेपाली युवायुवतीले आफ्नो र प्रियजनका नाम थपेका छन् । मनलाग्दी कसैका उद्गार र आफ्ना भावना भित्तैभरि पोखेका छन् ।

ठमेलमा चहलपहल हुनुअघि नै वसन्तपुर र यस आसपासका क्षेत्र गुल्जार थिए । पछि ठमेल चकाचक भयो । यताको व्यापार सुक्यो । ऊ बेला खुलेका लज र रेस्टुराँ सबै बन्द भइसके तर स्नोम्यान चलिरहेकै छ ।

बाउबाजेले बनाएको घरमा आफू २० वर्षको छँदा उनले स्नोम्यान रेस्टुरेन्ट सुरू गरेका थिए । सवारी साधन कम चल्थे । हिप्पीहरू बाटैमा बस्थे । अहिले कोल्डस्टोर पसलजस्तो विभिन्न प्रकारका गाँजा, चरेस र ह्यासिसका दोकान सर्वत्र हुन्थे । निर्वाध हिप्पीहरू यस्ता पदार्थ किनेर खान्थे । बाउबाजेले बनाएको त्यो घर भत्काएर नयाँ ठडियो र स्नोम्यान क्याफे पुनर्स्थापित भयो । पहिले मन बहलाएको ठाउँ सम्झेर फर्किआएका पूर्वहिप्पीहरूले नयाँ घरका भित्तामा पनि पेन्टिङ बनाइदिए, चित्र कोरिदिए । ती पेन्टिङमाथि नेपाली युवायुवतीले आफ्नै नाम थपे, केही न केही लेखिरहे ।

एकै झमटमा अर्थ ठम्याउन मुस्किल पर्ने स्नोम्यानका भित्ताहरूमा नियालेर हेर्ने हो भने हजारौँका नाम छन्, भावना छन्, भनाइ छन् । यहाँ सिग्मन्ड फ्रायडको चर्चित 'ह्वाट्स अन म्यान्स माइन्ड' देखि, बब मार्लीका पेन्टिङसम्म कोरिएका छन् ।

रामप्रसादका नातिनातिना विदेश पुगिसके । अहिले श्रीमती र दुई छोरासहित उनी स्नोम्यानलाई निरन्तरता दिइरहेका छन् । परिवारले पनि उनकै रहरका कारण स्नोम्यानका भित्ता फेर्न सकेका छैनन् । "जीवन यसैमा बित्यो, म रहुन्जेल यस्तै रहन्छ", क्याफेका अँध्यारा भित्तामा रंगिएका कला नियाल्दै उनी भन्छन्, "मेटाउन चाहेर पनि सक्दिनँ म ।"

भिडियो हेर्न स्क्यान गर्नुहोस् ।

शंखमूलको बर्गर

भोक लागेका बेला तात्तातो, छिटो र मीठो खान पाए कति रमाइलो होला ! यसको विकल्प हो, द बर्गर हाउस एन्ड क्रन्ची फ्राइड चिकेन रेस्टुराँ । शंखमूलमा रहेको रेस्टुराँले काठमाडौँका अन्य ठाउँमा १० वटा शाखा विस्तार गरेको छ । यसको ग्रील चिकेन बर्गर ग्राहकमाझ चर्चित छ । भोको पेटलाई शान्त पार्न सस्तो र मीठो बर्गर खान जाने कि ?

फिनिक्सको जादू

एक जोकरको नैराश्य र उसको ट्र्याजेडीलाई विषय बनाएर पस्किएको चलचित्र *जोकर*ले विश्वभरि नै तहल्का मच्चायो, सन् २०१९ मा । विश्वकै बक्स अफिसमा राज गरेको *जोकर*ले नेपालमा मात्रै २ करोड आम्दानी गर्‍यो ।

यसका मुख्य अभिनेता हुन्, वाकिन फिनिक्स । भिलेनको भूमिका रहे पनि फिनिक्सको अभिनयले दर्शकको मन जित्यो । त्यसैले होला, मनोवैज्ञानिकको आलोचनाका बाबजुद दर्शक र चलचित्र समीक्षकले फिल्म खुब मन पराए । मेथड एक्टरका रूपमा चिनिने जोकरको भूमिका निखार्न फिनिक्सले ५२ पाउन्ड तौल घटाएका थिए ।

त्यही मिहिनेतको फल आज उनी खाँदै छन् । फिनिक्सले यस वर्षको



महेश प्रधान

लेदरको ज्याकेट

कुनै फेसन कहिल्यै पुरानो हुँदैन । जस्तो, लेदरको ज्याकेट । फेसनको यही महत्त्व बुझेर होला, मोडल विशाखा पाण्डे यो साता कालो लेदरको ज्याकेटमा सजिएकी छन् । फूलबुट्टे वनपिसमा कालो लेदर झनै सुहाएको छ ।

प्रतिष्ठित अमेरिकी ओस्कार अवार्डको उत्कृष्ट अभिनेता अवार्डसमेत हात पारेका छन् । चार पटक मनोनीत भइसकेका फिनिक्सले पहिलोपल्ट ओस्कार जितेका हुन् । उनले लियोनार्दो डि क्याप्रियो, एन्टोनियो ब्यान्डरासजस्ता कलाकारलाई पछि पार्दै सो अवार्ड हात पारे ।

जितपछि भावुक हुँदै उनले यो पल असाधारण भएको बताए । कलाकार भएकाले आफू आवाजविहीनको आवाज बन्न पाएकामा उनले खुसी व्यक्त गरे । रमाइलो त के भने फिनिक्सले *जोकर*बाटै यसअघि गोल्डेन ग्लोब र बाफ्टा अवार्ड जितिसकेका छन् । सन् १९८१ को अमेरिकाको 'डिप्रेसन एज' को पृष्ठभूमिमा बनेको *जोकर* एक असफल स्ट्यान्डअप कमेडियन आर्थर फ्लेकको कथा हो । उनको पागलपन र शून्यवादले बुर्जुवा संस्कृति हटाउन प्रेरित गर्छ ।

नोटबुक

राजकुमार बानियाँ



ब्याक टु मंगलमान

पाटनका इतिहासकार हरिराम जोशीले एउटा पुस्तकको फोटोकपी थमाए । सिद्धिचरण श्रेष्ठकृत खण्डकाव्य *मंगलमान* रहेछ । त्यो पढेपछि खुल्यो, चर्चित कहावत 'ब्याक टु मंगलमान' को अन्तर्य ।

मिलिटरी फौजलाई घरेलु इलम सिकाउने क्रममा मणिराज उपाध्याय र जुजुमान प्रधान समातिए, राणाविरोधीको बात लगाएर । जुजुमानलाई मृत्युदण्ड दिइने भएपछि गारदमा पुगे, उनका पिता गणेशमान र माइला छोरा मंगलमान । उनीहरूलाई भनियो, 'जति हेर्न मन लाग्छ, आजै हेर । भोलिपर्सि हेर्न पाउने छैनौ ।'

त्यतिबेला प्रधानमन्त्री पद्मशमशेर थिए भने चिफसाहेब मोहनशमशेर । चिफसाहेबको मृत्युदण्ड प्रस्ताव पद्मशमेशरले सकारेनन् । र, आजीवन कारावासको सजाय पाएका जुजुमान १२ वर्ष जेल बसेर प्रजातन्त्रसँगै छुटे ।

त्यही घटनापछि विद्रोही बनेर निक्लिए, मंगलमान । उनी कस्ता क्रान्तिकारी भने, आफू त्यति पढालिखा नभए पनि घरमै हरिजन विद्याश्रम खोले । स्कुलको हेडमास्टर बनाए धोबीलाई । च्यामे, पोडेका छोराछोरीलाई पढाए ।

विक्रम संवत् १९८२ साउनमा त्यौडको घवाननी चोकमा जन्मेका उनी समाज सुधारका क्रममा ३६ वर्ष जीवनमै २४-२५ पटक जेल परे । घर-जेल, जेल-घर गर्दै बित्यो । एक पटक उनी बिरामीले थलिएर घरमा एक्लै रहेछन् । एउटा चोर पसेछ । जेलको साथीलाई देखेर दंग परेछन् । छक्क परेको त्यही चोरले मंगलमानलाई औषधोपचार गरेर ठीक पारेछ ।

आन्दोलनका हरेक मोर्चामा तैनाथ हुन्थे, मंगलमान । उनीबिनाको जुलुस फिक्का हुन्थ्यो । गंगालाल श्रेष्ठका पिता अध्यक्ष रहेको न्यून वैतनिक कर्मचारी संघको आन्दोलनमा समेत उनी थुनिए । खुर्सानी काण्डमा समातिए र जेलवास भयो ।

उनले सदैव आफूलाई 'मंगलमान नेपाली' का रूपमा चिनाए । कथित अछूतहरूका प्रिय नेता, गरिबहरूका साथी, *भूगोलपार्क, ममता, नेपाली दैनिक*का सम्पादक । डाक्टर केआई सिंहलाई 'ड्राइभर' लेखेबापत उनको पत्रिका *भूगोलपार्क*को दर्ता खारेज भएको थियो ।

अछूतहरूसितको बसाउठीले गर्दा उनको भातपानी काडियो । आफूले मन पराएकी च्यामे कन्यासित विवाह गर्न पाएनन् । ७ पुस २०१८ मा उनको इहलीला सकिँदा लास उठाउने कोही भएनन् । न गुठियार, न दाजुभाइ, न छरछिमेक, न इष्टमित्र, न पत्रकार ।

सिद्धिचरणले त्यही सामाजिक साँघुरोपनविरूद्ध उठेको फिलिंगोरूपी मंगलमानलाई नायक बनाएर सिंगो काव्य लेखेका रहेछन् । कृष्णचन्द्रसिंह प्रधानको शब्दमा 'हेर्दा ग्वाँजे ग्वाँजे, होचा-होचा र कमिज सुरूवालमा सधैंभरि हतारहतार हिंडिरहने सर्वहारा' यी पात्रको कथालाई डिल्लीरमण रेग्मीले घोषणा गरेका रहेछन्, 'ब्याक टू मंगलमान' । अर्थात्, काम गर्ने, जस नपाउने । जति काम गरे पनि सधैंको पछाडि ।

राजाको काव्यार्चना

प्रज्ञा पुस्तक प्रदर्शनी थियो, मंसिरको अन्तिम साता कमलादीमा । छान मार्ने क्रममा भेटियो, *शुभ जन्मोत्सव काव्यार्चना* । यो पुस्तक पाउँदा किन-किन आनन्दानुभूति भयो । पहेँलो र खैरो खोल भएको किताबमा मोल भने रहेनछ । अनमोल भएकाले मोल नराखिएको होला सायद ।

जसै काउन्टरमा पुस्तक देखाएँ, रसिद बनाइयो दुई रूपैयाँको । अहिलेको जमानामा दुई रूपैयाँमा पुस्तक पाउनु 'अहोभाग्य' नै हो । प्रदर्शनीकै एक छेउमा बसेर किताब पढिसिध्याएँ ।

खासमा यो रहेछ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्यहरूद्वारा गरिएको काव्यार्चना । सन्दर्भ ३० जेठ ०२७ अर्थात् राजा महेन्द्रको जन्मदिन । १३ जना अर्चनाकार रहेछन्, केदारमान व्यथित (सायद कुलपति) बालकृष्ण सम, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, सूर्यविक्रम ज्ञवाली, लैनसिंह बाङ्देल, कृष्णचन्द्रसिंह प्रधान, चूडानाथ भट्टराय, धर्मराज थापा, पोषण पाण्डे, रत्नध्वज जोशी, विजय मल्ल र श्यामदास वैष्णव ।

'सरकारको परम भक्त प्रज्ञा परिवार' को समर्पणमा लेखिएको छ, 'सरकारबाट हाम्रे सर्वोच्च शिखरमा फुकिबक्सेको बाँसुरीबाट ..।' चिल्ला कागजमा १२ कविले कविताबाटै राजा महेन्द्रको जयगान गरिरहँदा सूर्यविक्रम ज्ञवाली दु:खी आत्माजस्ता देखिए । उनले तीन अनुच्छेदमा आफ्नो काम चलाउ गद्यबाटै टिठलाग्दो अर्चना गरेका रहेछन् । यिनले आफ्ना गद्यलाई तोडफोड गरेर कविता बनाउन नचाहेका हुन् या नसकेका हुन् ? यसै भन्न सकिएन ।

हुन त नेपालमा स्तुतिकारहरूको कमी कहिल्यै भएन । एक सेट स्तुतिकार अहिले पनि नेपाल प्रज्ञाप्रतिष्ठानमै मौजुद छन् । तिनले राजालाई स्तुति गर्नुपर्ने बाध्यता छैन । तर बालुवाटारमा बाँसुरी फुक्ने केपी ओलीको अर्चना गर्ने आइडिया भने निकाल्न सक्छन् । शीतलनिवासमा राष्ट्रपतिज्यूको विरूदावली गाउने मौका पनि छँदै छ । ने

K. L. DUGAR GROUP
यूनाइटेड सिमेन्ट्स
अब जुट्ने बेला हो !
कुनै पनि निर्माण कार्यमा हरेक निर्माण सामग्रीको आ-आफ्नै भूमिका हुन्छ र सबै सामग्रीलाई united गरेर निर्माणलाई बलियो बनाउँछ यूनाइटेड सिमेन्ट्सले !
K.L.DUGAR GROUP
यूनाइटेड सिमेन्ट्स
मजबूत • गुणस्तर • स्थायित्व
ओ.पि.सी. (अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट)
ISO 9001:2015 Certified Company
ISO 14001:2015 Certified Company
नेपालमा बनेको
उत्पादक: यूनाइटेड सिमेन्ट्स प्रा. लि.
घुनीवेसी न.पा.-९, धादिङ्ग, नेपाल
फोन नं.: +९७७-१-४४१२१४४, ४४३९४५८
बिक्रीको लागि सम्पर्क: ९८०११०५३०८
/unitedcements
PURE OPC CEMENT
JAS-ANZ
IAF
ISO 9001:2015 Certified Company
ISO 14001:2015 Certified Company
बेजोड
COMPRESSIVE STRENGTH
आफ्नै स्वामित्वको चुनढुङ्गा खानी
हरेक निर्माणको धड्कन

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८